# पर्यटकीय स्थल कास्की-सराङ्कोट : संक्षिप्त अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह इतिहास विषयको दोस्रो वर्षको पाठ्यक्रमअनुसारको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोध-पत्र


प्रस्तुतकर्ता

भीमराज अधिकारी

कक्षा रोल नं. ०३/०७२

परीक्षा रोल नं. ४८०१२३

त्रि.वि. दर्ता नं. ३३०८९-९०

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०७७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप दसौं पत्रको प्रयोजनका लागि भीमराज अधिकारीले **ऐतिहासिक स्थल सराङ्कोटमा पर्यटकीय प्रभावः एक अध्ययन** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मितिः २०७७/०६/

...............................

चन्द्रकान्त पौडेल

उप-प्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

पृथ्वीनारायण क्याम्पस, पोखरा

# इतिहास तथा संस्कृति विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको दसौं पत्रको पाठ्यक्रमअनुरूप भीमराज अधिकारीले **ऐतिहासिक स्थल सराङ्कोटमा पर्यटकीय प्रभावः एक अध्ययन** शीर्षकमा तयार गरेको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख सह-प्राध्यापक डा. राधाकुमारी भण्डारी (जि.सी.) ...................

२. बाह्य परीक्षक प्रा.डा. दिलबहादुर क्षत्री ............................

३. शोधनिर्देशक उप-प्राध्यापक चन्द्रकान्त पौडेल .............................

मिति : २०७७/०६/

# कृतज्ञता-ज्ञापन

नेपाल बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक तथा प्राकृतिक र जैविक विविधताले भरिपूर्ण भू-परिवेष्ठित राष्ट्र हो। प्राकृतिक रूपमा डाँडाकाँडा, नदीनाला, वनजङ्गल, वन्यजन्तु, तालतलैया, गुफा, हिमशृङ्खलायुक्त यस मुलुकमा पर्यटक आकर्षणका प्रशस्त ठाउँहरू रहेका छन्। नेपाल बाइसे र चौबीसे राज्यमा विभाजित भएको समयमा पहाडका उच्च टाकुराहरूबाट विभिन्न राजाहरूले राज्य सञ्चालन गर्दथे। चौबीसे राज्यअन्तर्गत पर्ने कास्कीकोट शाहवंशको उद्‌गमस्थल मानिएको छ। त्यसैले कास्की राज्यको प्रमुख सुरक्षा किल्लाका रूपमा रहेको सराङ्कोट एक मुख्य ऐतिहासिक स्थल हो। हाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाललाई राज्यको पुनः संरचनास्वरूप ७ प्रदेशमा विभाजन गरिएको छ। यसमध्ये गण्डकी प्रदेशअन्तर्गत पोखरा महानगरपालिका वडा नं. १८ मा पर्ने सराङ्कोट पोखराको मुख्य पर्यटक गन्तव्यस्थलका रूपमा परिचित छ। ऐतिहासिक महत्त्व रहेको यस ठाउँ सूर्योदय लगायत रमणीय दृश्य अवलोकनका लागि प्रख्यात रहेकाले पोखरामा पर्यटक आकर्षणको माध्यम बन्न पुगेको छ।

यहाँको भू-बनावट र प्रकृतिअनुरूप पर्यटन व्यवसाय उपयुक्त मानिएको छ। राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने पर्यटन व्यवसायले सभ्यताको विकासमा पनि महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ। त्यसैले पर्यटनलाई शिक्षा र सभ्यताको आदानप्रदानको माध्यम पनि मानिन्छ। प्राकृतिक, धार्मिक तथा सांस्कृतिक रूपमा सम्पन्न हाम्रो देशमा अर्थतन्त्र मजबुतीका साथै बेरोजगारी समस्या न्यून बनाउनसमेत पर्यटन व्यवसायको महत्त्वपूर्ण भूमिका रहिआएको छ।

यस अध्ययन कार्य इतिहास विषयको पाठ्यक्रमअनुसार स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र प्रयोजनका लागि प्रस्तुत गरिएको छ। अध्ययनको शीर्षक “ऐतिहासिक स्थल सराङ्कोटमा पर्यटकीय प्रभावः एक अध्ययन” रहेको छ। यस शोधपत्र अध्ययनको अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा र विभागीय प्रमुख सह-प्राध्यापक डा. राधाकुमारी भण्डारी (जि.सी.) प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रत्यक्ष सहयोगीका रूपमा शोधनिर्देशक उप-प्राध्यापक चन्द्रकान्त पौडेलप्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै क्याम्पसको नियमित अध्ययनको समयमा पाठ्यक्रमअनुसारको शिक्षाका अलावा थप प्रेरणा र हौसला दिनुहुने आदरणीय गुरुहरू प्रा.डा. दिलबहादुर क्षत्री, प्रा.डा. ज्ञानबहादुर कार्की, सह-प्रा.डा. दीर्घमान गुरुङ, सह-प्रा.डा. श्रीराम घिमिरे, सह-प्रा. ज्योति भट्टचन, सह-प्रा. रश्मी ढेवाजु, सह-प्रा. अर्जुनबहादुर भण्डारी, उप-प्राध्यापक नारायण ढकालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। अध्ययन र अनुसन्धानका क्रममा पाठ्यसामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सहपाठी साथी दिनेश कार्की, दाजु डा. कृष्णप्रसाद अधिकारी, छोरा यज्ञ

अधिकारीप्रति अत्यन्त आभारी छु। इतिहास विषयमा अध्ययन गर्नुभएका सहयात्री साथीहरू तोयनारायण देवकोटा, रामचन्द्र के.सी., शान्ति राना, गमबहादुर के.सी. लगायत इतिहासप्रेमीहरूप्रति शुभकामना टक्रयाउन चाहान्छु।

यस अध्ययन कार्यमा तथ्याङ्क सङ्कलन गर्दा सहयोग पुऱ्याउनुहुने पोखरा महानगरपालिका वडा नं. १८ का वडा अध्यक्ष रणबहादुर थापा, सदस्य ज्ञानबहादुर थापा लगायत वडा प्रतिनिधि र कर्मचारीहरूप्रति कृतज्ञ छु। अध्ययन क्षेत्रमा रहेका पर्यटन विकास समिति, धार्मिक तथा पर्यटन विकास समितिलगायत विभिन्न विकास समितिका पदाधिकारीहरूप्रति आभार प्रकट गर्दछु। सराङ्कोटमा पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरू बारे जानकारी गराउनुहुने पर्यटन व्यवसायी टीकाराम चपाइँ र मोतीलाल तिमिल्सिनालाई पनि धन्यवाद दिन चाहन्छु।

सराङ्कोटका बारेमा ऐतिहासिक जानकारी उपलब्ध गराउनुहुने स्थानीय समाजसेवी पूर्ववडा अध्यक्ष उमनाथ चपाइँ, पूर्णप्रसाद तिमिल्सिना, हर्कबहादुर थापा, पूजारी विद्याधर पहारी, पूजारी वीरबहादुर कुँवर, कविराज पराजुली, तारानाथ पराजुली, शिवप्रसाद तिमिल्सिना, रामप्रसाद तिमिल्सिनाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। पोखरा र सराङ्कोटका पर्यटकीय सम्बन्धबारे जानकारी दिनुहुने नेपाल हवाई खेलकूद परिषद्का अध्यक्ष कृष्ण भण्डारी, नेपाल हवाई खेलकुद परिषद्का उपाध्यक्ष इन्द्र भण्डारी, प्याराग्लाइडिङ पर्यटन व्यवसायी चिनबहादुर बानियाले थप जानकारी उपलब्ध गराइदिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। अध्ययनका क्रममा पारिवारिक वातावरण अनुकूल बनाइदने जीवनसाथी शान्ति अधिकारीको साथ र सहयोगले यो अध्ययन कार्य सम्पन्न भएको छ। कम्प्युटर टाइप गरिदिनुहुने अमृत कम्प्युटरका प्रोप्राइटर रामबहादुर वि.क. र देवी छन्त्यालप्रति हार्दिक कृतज्ञता टक्रयाउँदछु।

यस अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण आफन्तजन, पर्यटन व्यवसायी, पर्यटक र विद्वान्-विदुषी अग्रज महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग पोखरासमक्ष प्रस्तुत गर्दछु।

मिति : २०७७।०६

**भीमराज अधिकारी**
पृथ्वीनारायण क्याम्पस, पोखरा
इतिहास तथा संस्कृति विभाग

# विषय-सूची


l;kmfl/kq **i**

:jLs[ltkq **ii**

s[t1tf–1fkg **iii**

ljifo–;"rL **v**

**अध्याय - एक : शोध परिचय** **१-१२**

१.१. विषय प्रवेश १

१.२. अध्ययनको उद्देश्य ४

१.३. अध्ययनको समस्या कथन ५

१.४. अध्ययनको महत्व ६

१.५. अध्ययनको सीमा तथा क्षेत्र ७

१.६. पूर्वप्रकाशित कृतिहरूको पुनरावलोकन ७

१.७. अध्ययनको विधि १०

१.७.१. प्राथमिक स्रोत १०

१.७.२. सहायक स्रोत १०

१.८. अध्ययनको संरचना प्रक्रिया ११

**अध्याय - दुई : पर्यटनको परिचय** **१३-४७**

२.१. पर्यटन विकासको ऐतिहासिक पृष्ठभूमि एवम् परिभाषा १३

२.२. पर्यटनको प्रकृति तथा क्षेत्र १७

२.२.१. पर्यटनको प्रकृति १७

२.२.२. पर्यटनको क्षेत्र १८

२.३. विश्वमा पर्यटनको विकासक्रम १८

२.३.१ सन् १८४० सम्मको प्रारम्भिक काल १८

| | | |
|---|---|---|
| | २.३.२ यात्रा विकासक्रम | २१ |
| | २.३.३ सार्क राष्ट्रहरूको पर्यटन | २३ |
| २.४ | नेपालमा पर्यटनको विकास | २४ |
| | २.४.१ पौराणिक युग | २४ |
| | २.४.२ लिच्छवि काल | २६ |
| | २.४.३ मल्ल काल | २७ |
| | २.४.४ आधुनिक नेपाल (शाहकाल-राणाकाल) | २८ |
| २.५ | सन् १९५१ पछिको पर्यटन | ३० |
| २.६ | नेपालका मुख्य पर्यटकीय स्थलहरू | ३२ |
| २.७ | पोखराको पर्यटन | ३३ |
| | २.७.१ पोखरा क्षेत्रभित्र रहेका मुख्य पर्यटकीय स्थलहरू | ३५ |
| | २.७.१.१ फेवाताल | ३५ |
| | २.७.१.२ रूपाताल | ३७ |
| | २.७.१.३ बेगनास ताल | ३७ |
| | २.७.१.४ मैदी ताल | ३८ |
| | २.७.१.५ दिपाङताल | ३८ |
| | २.७.१.६ खास्टे ताल | ३८ |
| | २.७.१.७ गुँदे ताल | ३८ |
| | २.७.१.८ न्यूरेनी ताल | ३८ |
| | २.७.१. ९ बुडुवा ताल | ३९ |
| | २.७.२ नदीनाला र छाँगा छहरा | ४० |
| | २.७.३ गुफाहरू | ४० |
| | २.७.३.१ महेन्द्र गुफा | ४० |
| | २.७.३.२ चमेरे गुफा | ४१ |
| | २.७.३.३ गुप्तेश्वर गुफा | ४१ |
| | २.७.३.४ सीता गुफा | ४२ |
| | २.७.३.५ हरिहर गुफा | ४२ |
| २.८ | मठमन्दिरहरू | ४२ |

२.८.१ विन्दवासिनी ४२
२.८.२ भद्रकाली ४३
२.८.३ तालबाराही ४३
२.८.४ नारायणस्थान ४४
२.८.५ कास्कीकोट कालिका मन्दिर ४४
२.९ पोखरामा रहेका सङ्ग्रहालयहरू ४५
२.१० गुम्बा तथा स्तुपा ४६
२.११ जुलोजी पार्क ४६
२.१२ पर्व तथा जात्राहरू ४७

**अध्याय - तीन : सराङ्कोटको संक्षिप्त जानकारी** **४८-६२**
३.१ सराङ्कोटको परिचय ४८
३.१.१ सराङ्कोटको भौगोलिक एवम् प्राकृतिक स्वरूप ४९
३.१.२ सराङ्कोटको ऐतिहासिक पृष्ठभूमि ५०
३.१.३ सराङ्कोटको नामाकरण ५३
३.२ सराङ्कोटमा पाइने हावापानी, वनस्पति र वन्यजन्तुहरू ५३
३.३ सराङ्कोट क्षेत्रमा बस्ने जातजाति, भाषा, धर्म र संस्कृति ५४
३.४ सराङ्कोट र कास्कीकोटको अन्तर सम्बन्ध ५५
३.५ सराङ्कोट क्षेत्र विकासका लागि स्थापित गुठी र सनदसवाल ५६
३.६ सराङ्कोट र पोखराको पर्यटकीय सम्बन्ध ५७
३.७ सराङ्कोटमा पर्यटनको ऐतिहासिक पृष्ठभूमि ५८
३.८ सभ्यता र धार्मिक गतिविधिका रूपमा सराङ्कोट ६०
३.९ सराङकोटको समिदा वन र पर्यटनको सम्बन्ध ६१

**अध्याय - चार : सराङ्कोटमा रहेका मुख्य पर्यटकीय स्थल तथा गतिविधि** **६३-७७**
४.१ मुख्य पर्यटकीय स्थलहरू ६१
४.१.१ भ्यू प्वाइन्ट ६१
४.१.२ भूमे कालिका मन्दिर ६१

४.१.३ भैरव स्थान ६४
४.१.४ निर्माणाधीन आराध्यदेव शिव मन्दिर ६४
४.१.५ निर्माणाधीन अन्नपूर्ण केबुलकार ६५
४.१.६ पार्क एवम् उद्यानहरू ६६
४.१.७ प्याराग्लाइडिङ ६६
४.१.८ जीप फ्लायर ६८
४.२ सराङ्कोटमा रहेका मुख्य होटल, लज, रिसोर्ट तथा पसलहरू ६८
४.३ सराङ्कोट वरपरका कोटहरू ७०
४.३.१ खड्गाउँकोट ७१
४.३.२ कास्कीकोट ७१
४.३.३ पाउँदुरकोट ७२
४.३.४ ह्याङ्जाकोट ७२
४.३.५ अर्मलाकोट ७३
४.३.६ रूपाकोट ७३
४.३.७ चापाकोट ७४
४.३.८ हर्पनकोट ७४
४.४ सराङ्कोटमा गरिने पूजा परम्परा ७४
४.४.१ गुठियार पूजा ७४
४.४.२ ओली पूजा ७५
४.५ पोखरा चिसाखोला वेदविद्याश्रम सराङ्कोट ७६

**अध्याय - पाँच : सराङ्कोटमा पर्यटन विकास र त्यसले पारेको प्रभाव ७८-९६**
५.१. सराङकोटमा पर्यटनको विकासक्रम ७८
५.२ सराङ्कोटमा पर्यटनको ऐतिहासिक आधार ८०
५.३ पर्यटन विकासले सराङ्कोटमा पारेको प्रभाव ८१
५.३.१ आर्थिक प्रभाव ८१
५.३.२ सामाजिक प्रभाव ८२
५.३.३ राजनैतिक प्रभाव ८३

५.३.४ धार्मिक प्रभाव ८४
५.४ सराङ्कोटमा पर्यटन व्यवसायी समिति, गठन विधि र प्रक्रिया ८५
५.५ सराङ्कोटमा स्वदेशी तथा विदेशी पर्यटकहरूको आगमन तथा बसाई स्थिति ८६
५.६ सराङ्कोटमा पर्यटन विकासका लागि पोखरा महानगरका भावी योजना र नीतिहरू ८६
५.७ सराङ्कोटमा रहेका केही मुख्य सामाजिक संघसंस्थाहरू ८७
५.८ सराङ्कोटमा पदमार्ग ८९
५.९ सराङ्कोट र कास्कीकोटसँग जोडिएका तथ्यहरू ८७
५.१० सराङ्कोटमा होमस्टे ८९
५.११ सराङकोटको वर्तमान अवस्था ९३
५.१२ पर्यटनमा दैविप्रकोप तथा महामारीको प्रभाव ९४
५.१३ पर्यटन प्रवर्धनमा नेपाल सरकारका अभियानहरू ९५

**अध्याय - छ : निष्कर्ष तथा सुझाव ९७-१००**
६.१ निष्कर्ष ९७

सन्दर्भ सामग्री-सूची १०१-१०७

परिशिष्ट- १ : अन्तरवार्तामा सोधिएका प्रश्नावली १०५-१०७
परिशिष्ट- २ : गण्डकी प्रदेशमा पर्यटक आगमनको तथ्याङ्क १०८-११०
परिशिष्ट- ३ : सराङ्कोटमा रहेका धार्मिक तथा पर्यटन विकास समितिका पदाधिकारीहरू १११-११२
परिशिष्ट- ४ : सनद तथा दस्तावेजहरू ११३-१२४
परिशिष्टि- ५ : अध्ययनसँग सम्बन्धित फोटाहरू ११८-१२६

# अध्याय : एक

# शोध परिचय

## १.१. विषय प्रवेश

पर्यटकीय गतिविधिसँग सम्बन्धित रहेर सराङ्कोट क्षेत्रको अध्ययनका लागि यो विषयवस्तु केन्द्रित रहेको छ। पोखराको पर्यटनसँग जोडिएर सराङ्कोटको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक तथ्यहरूको सहयोग लिई यस क्षेत्रको पर्यटन विकाससम्बन्धी संक्षिप्त जानकारीमूलक प्रस्तुति यस अध्ययनमा समावेश गरिएको छ। मानव सभ्यताको विकासमा पर्यटनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसैले पर्यटनलाई आर्थिक क्रियाकलापमा मात्र नभएर सभ्यता र विकासको समेत आधार मान्ने गरिन्छ।

पृथ्वीमा मानव उत्पत्ति भएदेखि हालसम्म आइपुग्दा विभिन्न सभ्यताका चरणहरू पार गरिसकेको छ। जसअनुसार पर्यटनको प्रकृति र स्वरूप समेत परिवर्तनशील रहेको पाइएको छ। पृथ्वीको उत्पत्ति करोडौँ वर्ष पहिले सूर्य टुक्रिन गई विभिन्न ग्रह तथा उपग्रहहरू समेत बन्न पुगेका हुन् भन्ने मान्यता रहेको छ। सूर्यको एक टुक्रा तातो अवस्थाबाट सेलाएर यसको वाफबाट पानी, समुद्र तथा खुम्चिएर पहाड, टाकुरा, मैदान, खोंच बनेका हुन् भन्ने वैज्ञानिक मान्यता रहेको छ। यही नै हालको पृथ्वी हो, जहाँ जीवजन्तुको विकास हुँदै मानव विकास भएको मानिन्छ। मानव विकासक्रमले पृथ्वीमा भूगोल विभाजन स्वरूप सात महादेशका रूपमा गणना गरिएको छ। तिनीहरू मध्ये एसिया महादेशमा रहेको नेपाल एक सानो भूपरिवेष्ठित राष्ट्रको रूपमा परिचित छ। नेपालको प्राचीनकालीन सीमा कति थियो भन्नेबारे समुद्र गुप्तको स्तम्भलेख ई.सं. ३५०-३७५, चिनिया यात्री हुवान् साङ्को यात्रा विवरण ई.सं. ६३७, स्कन्द पुराण, अथर्ववेद परिशिष्ट आदिको उल्लेखको आधारमा पूर्वमा कामरूप (आसाम) देखि पश्चिममा कर्तुपुर (गढवाल) सम्म फैलिएको कुरा अंकित पाइन्छ। प्राचीनकालमा नेपाल तपोभूमि, शरणार्थीस्थल तथा ऋषिमुनिहरूको आश्रयस्थलका रूपमा रहेको पाइन्छ (निरौला, २०४८:३)।

सञ्चार तथा यातायातको विकासले गर्दा हाल विश्व नै एक साझा घर मानिएको छ। पर्यटन व्यवसायलाई हाल धुँवारहित उद्योगका नामले चिनिन्छ। प्राचीनकालमा जीवन जिउनका लागि गरिएका घुमफिरलाई यात्राको रूपमा लिइयो। सभ्यताको विकाससँगै यसको प्रकृति पनि परिवर्तनशील हुन पुग्यो। हाल आनन्द प्राप्ति तथा ज्ञान आर्जनका लागि आफ्नो वासस्थान छाडेर गरिने आर्थिक क्रियाकलापसँग सम्बन्धित कार्यलाई पर्यटनको

रूपमा लिने गरिएको छ। युरोपेली मुलुकहरूबाट विकसित हुन पुगेको पर्यटन एसियाली राष्ट्र नेपाल, भारत र चीनमा मूलतः व्यापारिक सन्दर्भमा हुने गरेको थियो। यसका साथै धर्म प्राप्तिका लागि गरिने घुमफिरलाई समेत यात्राको रूपमा लिने गरिन्थ्यो। सर्वप्रथम इशापूर्व ४००० तिर सुमेरियनहरू (वेविलोनिया) ले मुद्राको प्रचलन गर्न थालेपछि यसले व्यापारिक गतिविधिलाई सजिलो पार्नुका साथै यात्रीहरूका लागि समेत ठूलो प्रोत्साहन प्रदान गरेको थियो (खतिवडा, २०७३:४८)।

परापूर्वकालमा नेपाल र भारतमा तीर्थयात्राको सन्दर्भमा कैयौं व्यक्तिहरूद्वारा भ्रमण भएको विवरण कल्हणको राजतरङ्गिणीमा उल्लेख पाइन्छ। बुद्धको ज्ञान प्रचार गर्ने क्रममा पाटली पुत्र र सम्राट अशोक चौधौँ किराती राजा स्थुंकोको समयमा नेपाल आइपुगेको कुरा इतिहासमा उल्लेख छ। यसै गरी ई.सं. ६३३ तिर भारतको भ्रमणमा निस्केका चिनियाँ यात्री ह्वेनसाङले बुद्धको जन्मस्थल लुम्बिनी पुगेको कुरा आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेको पाइन्छ (दाहाल, २०६०:५१)।

यसरी नेपालमा विदेशीहरूको यात्रा धार्मिक दृष्टिले शुरुवात हुन पुगेको पाइन्छ। सन् १९८९ मा जापानी बौद्ध भिक्षु इकाइ कावागुचीले पोखरा आएको कुरा आफ्नो यात्रा वृत्तान्त 'थ्रि इयर्स इन तिब्बत' नामक पुस्तकमा उल्लेख गरेका छन् (गुरुङ, २००७:१२१)। यी विभिन्न अवस्थामा विदेशीहरूको नेपाल भ्रमण रहे तापनि नेपालमा व्यावसायिक पर्यटनको शुरुवात सन् १९५० मा प्रजातन्त्र प्राप्तिपछि मात्र हुन पुगेको हो। युरोपेली राष्ट्रहरूबाट विकसित हुन पुगेको आधुनिक पर्यटन नेपालका प्राकृतिक सुन्दरतासँग जोड्ने कामको शुरुवात पनि विदेशीबाट नै भएको पाइन्छ। हाल नेपालका प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू पर्यटन आकर्षणका मुख्य विषय बन्न पुगेका छन्। भौगोलिक वनावटका आधारमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ। पर्यटकीय दृष्टिले यी भू-भागहरूको आ-आफ्नै महत्त्व रहेको छ। हिमाल, पहाड, तराई, वनजङ्गल, वन्यजन्तु, नदीनाला, ताल, कुण्ड पोखरी, झरना, खोँच, मैदान, उपत्यका, गुफा, मठमन्दिर, गुम्बा, चैत्य, मूर्ति, सङ्ग्रहालय, स्तम्भ, अभिलेख, चराचुरुङ्गी, पुतली आदि पर्यटन आकर्षणका माध्यमका रूपमा रहेका छन्। अलग-अलग भौगोलिक वनावटमा बसोबास गर्ने मानिसहरूका आ-आफ्ना रहनसहन, भेषभूषा, भाषा, धर्म, संस्कृतिले समेत पर्यटन व्यवसायमा थप टेवा पुग्न गएको छ। त्यसैले नेपालको सन्दर्भमा राष्ट्रियता र पर्यटन एक आपसमा अन्तरसम्बन्धित छन् (भण्डारी, २०७६:५)।

सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मोरिस हेर्जोगले पोखरा नजिक पर्ने अन्नपूर्ण पदमार्ग र अन्नपूर्ण प्रथम हिमाल ८०९१ को सफल आरोहण गरी पोखरा र वरपरका क्षेत्र पर्यटन आकर्षणका लागि महत्त्वपूर्ण भएको कुरा विदेशमा प्रचार गरेका थिए ( उप्रेती र अन्य, २०१३:४)। नेपालमा सन् १९४९ देखि नै विदेशी आगमनलाई खुल्ला गरिएको थियो। सन् १९५३ मा न्यूजिल्याण्डका नागरिक एडमण्ड हिलारी र नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेपछि नेपाल सगरमाथाको देश भनी विश्वभर चिनिन थाल्यो। तसर्थ शुरुमा तपोभूमि तथा शरणार्थी आश्रय स्थलले परिचित नेपाल भगवान् गौतम बुद्धको जन्मस्थल एवम् सगरमाथाको देश भनी स्वदेश तथा विदेशमा चिनारी हुन पुग्यो। हाल प्राकृतिक रमणीयताको अनुपम स्थलका रूपमा परिचित हुन पुगेको छ। यिनै कारणहरूले नेपाल पर्यटन विकासका लागि उपयुक्त सावित भएकाले यहाँ रहेका पर्यटक आकर्षणका स्थलहरूको सुक्ष्म अध्ययन हुन पुगेको हो। नेपालमा धेरै पर्यटकीय स्थलहरू रहेका छन्। ती ठाउँहरूको आ-आफ्नै महत्त्व र भूमिका रहेको छ। विश्वका दश रमणीय (प्राकृतिक) स्थलमध्ये नेपालको पोखरा पनि सूचीकृत हुन पुगेको छ (कान्तिपुर) (राना सुरज, २०७५:८)। पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा अग्रस्थानमा ल्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको मुख्य योगदान रहेको छ। तिनीहरू मध्येमा पनि फेवाताल र सराङकोबाट देखिने दृश्यहरू मुख्य रूपमा रहेका छन्। फेवातालको समीपमा रहेर हिमाल र पोखरा वरपरका दृश्य स्पष्ट देख्न सकिने ठाउँ सराङ्कोटलाई प्राकृतिक दूरविनका रूपमा मान्ने गरिएको छ। पोखरा नगरीको मुख्य धार्मिक स्थल विन्दुवासिनी मन्दिरदेखि पश्चिम दिशामा करिब १० कि.मि. मोटरबाटोको दूरीमा रहेको सराङ्कोट पोखरा हेर्न आउने पर्यटकहरूका लागि एक मुख्य गन्तव्य स्थलका लागि प्रख्यात रहेको छ।

नेपालमा विभिन्न टुक्रे राज्यहरू रहेको समयमा कास्की राज्य अन्तर्गत सुरक्षा किल्लाको रूपमा ऐतिहासिकता बोकेको सराङ्कोट एक उच्च पहाडी टाकुरो भएको हुनाले यहाँबाट माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण, गणेश हिमालहरूको शृङ्खला लामबद्ध रूपमा देख्न सकिन्छ। पोखराबाट नजिकको गन्तव्य स्थलका रूपमा रहेको सराङ्कोट प्रकृतिको आनन्दमा रमाउनेहरूका लागि एक महत्त्वपूर्ण ठाउँ सावित भएको छ। सराङ्कोट वरपर वनपखेरीले ढाकिएकाले चराचुरुङ्गीको गुञ्जायनसँग रमाउँदै हरेक बिहान हजारौंको सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू सूर्योदयको दृश्य हिमालमा परेको हेर्न पुग्ने गर्दछन्।

सराङ्कोट क्षेत्र दृश्य अवलोकनका लागि मात्र नभएर प्यारग्लाइडिङ र जीप फ्लायरका लागि पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । यस क्षेत्रमा निर्माणको अन्तिम चरणमा पुग्न लागेको केबुलकार, निर्माणाधीन आराध्य देव शिव मन्दिर, पार्क तथा उद्यानको विस्तार, राष्ट्रिय विभूति पार्कको निर्माणक्रम जस्ता कार्यहरूले आगामी दिनहरूमा अझ यस ठाउँको लोकप्रियता बढ्ने अनुमान गर्न सकिन्छ ।

यी विभिन्न गतिविधि सराङ्कोटमा केन्द्रित रहेका हुनाले पर्यटकीय दृष्टिले प्रचूर सम्भावना रहेको सराङ्कोट क्षेत्रको ऐतिहासिक र पर्यटकीय सम्बन्धबारे अनुसन्धानात्मक अध्ययन गरी यस ठाउँको वर्तमान अवस्था र पर्यटकीय प्रभाव उल्लेख गर्न यो अध्ययन गरिएको छ ।

## १.२. अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य मुलुकको पर्यटनको क्षेत्रमा परेको प्रभावसम्बन्धी जानकारी गराउने रहेको छ । समग्र राष्ट्रको आर्थिक विकासका लागि पर्यटन व्यवसाय एक उपयुक्त माध्यम सावित भइसकेको छ । नेपालमा धेरै पर्यटकीय सम्भावनाका ठाउँहरू रहेका छन् । तिनीहरूमा पनि पोखरा एक अत्यन्त रमणीय पर्यटकस्थल भनी चिनिएको छ । पोखरालाई सुन्दर र मनमोहक बनाउन यस क्षेत्रभित्र रहेका प्राकृतिक ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले राष्ट्रको पर्यटन विकासमा यस्ता ठाउँहरूको सकारात्मक प्रभाव पर्ने भएकाले यस अध्ययनमा सराङ्कोटको पर्यटनले यहाँको जनजीवनमा पारेको प्रभावमा आधारित रहेर यहाँको पर्यटकीय प्रभावका बारेमा अनुसन्धानमूलक अध्ययन गर्ने जमर्को गरिएको छ । जसका प्रमुख उद्देश्यहरू निम्न प्रकारका छन् ।

(क) पर्यटकीय स्थल सराङ्कोटका बारेमा ऐतिहासिक तथा सांस्कृतिक जानकारी गराउने ।

(ख) सराङ्कोट क्षेत्रभित्र भएका पर्यटन विकाससम्बन्धी कार्यहरूका बारेमा संक्षिप्त जानकारी गराउने ।

(ग) सराङ्कोटमा भएको पर्यटन विकासले स्थानीय एवम् राष्ट्रकै पर्यटन विकासमा पुऱ्याएको योगदान र प्रभावबारे प्रकाश पार्नु रहेको छ ।

## १.३. अध्ययनको समस्या कथन

देशको आर्थिक विकासमा पर्यटन व्यवसायले सकारात्मक भूमिका निभाएको हुन्छ । बढ्दो बेरोजगारी समस्या कमी गर्न समेत पर्यटक भित्र्याउने कार्य गर्नु आवश्यक हुन्छ । पोखरा एक महत्त्वपूर्ण पर्यटकीय स्थलका रूपमा परिचित भएको छ। पोखरालाई शोभायमान र पर्यटकीय स्थल बनाउन यहाँ आसपासमा रहेका पर्यटक लोभ्याउने प्राकृतिक धार्मिक र सांस्कृतिक सम्पदाहरूको मुख्य भूमिका रहेको पाइन्छ । पोखरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउनका लागि विभिन्न संघसंस्था तथा पुस्तक, पत्रपत्रिकाहरूले पर्याप्त आधार सिर्जना गरेको देख्न तथा सुन्न पाइन्छ । यस्तो पर्यटकीय ठाउँ सुन्दर नगरी पोखरालाई आकर्षक तुल्याउन महत्त्व राख्ने ठाउँ सराङ्कोटका बारेमा सुक्ष्म अध्ययन हुन नसक्नुको कमजोरीलाई सानो हदसम्म भए पनि जानकारी दिलाउने मनसायले यो अध्ययन हुन पुगेको छ । यस अध्ययन कार्यमा सराङ्कोटको पर्यटनसम्बन्धी एकत्रित गरिएका कुनै सामग्री पाउन सकिएको छैन । आफ्नो ऐतिहासिक पहिचान रहेको सराङ्कोटका बारेमा कुनै तथ्यगत प्रमाण नरहनु दुखद् विषय पनि हो । यहाँको भौगोलिक वनावट र ऐतिहासिक महत्त्वलाई ध्यानमा राखी पर्यटन विकासका कार्य बढाउनु पर्नेमा ऐतिहासिकता पूर्णतः लोप हुनलागेको अध्ययन-अनुसन्धानका क्रममा देखिएको छ। हाल भइरहेका पर्यटन विकाससम्बन्धी गतिविधिहरू कुनै पनि सराङ्कोटको ऐतिहासिकतासँग जोडिएका छैनन् । दिगो पर्यटन विकासका लागि ऐतिहासिक पक्षको संरक्षण नहुनुले यस ठाउँको ऐतिहासिक परिचय सदाका लागि लोप हुँदैछ । इतिहासका अवशेषहरूलाई विलय गराई नयाँ रूपको सिर्जना गर्नु जग नलगाई घर बनाउनु जस्तो हुनेछ । तसर्थ सराङ्कोटमा लक्षित पर्यटन विकाससम्बन्धी कार्यहरूले यस ठाउँको ऐतिहासिक महत्त्वलाई दर्साउन सक्नुपर्दछ । कास्की राज्य रहेको समयमा महत्त्वपूर्ण सुरक्षा किल्लाको रूपमा रहेको ठाउँको सम्पूर्ण नामनिशान मेटिनु, सराय खेलबाट नामाकरण भएको ठाउँमा सराय खेल नै लोप हुनु, कास्कीका राजपरिवार तथा सेनाहरूका लागि दुग्धजन्य पदार्थ बनाउन पालिएका गाईगोठ रहेको ठाउँको नाम मात्र गोठादी हुनु, प्राकृतिक विपद् टार्ने र सामूहिक सूचना दिने प्रचलन लोप हुने (जस्तोः दशैंको टीका साइत गर्ने, धान काट्ने, दाइँ गर्ने, न्वाई खाने, असिनाले बालीनाली नष्ट नगर्ने पूजा आदि) यसरी परम्परा र संस्कारको विलय हुनु यहाँको लागि दुखद् विषय हुन् ।

सराङ्कोट घुम्न आउने पर्यटकको सङ्ख्या वर्षेनी बढ्दै गएको पाइन्छ । त्यसैले

पर्यटकको बढ्दो आकर्षणसँग जोडिएको सराङ्कोटको ऐतिहासिक धरातलमा रहेर सराङ्कोटको पर्यटन सम्बन्धमा निम्न लिखित समस्याको रूपमा यो अध्ययन कार्य गरिएको छ ।

(क) सराङ्कोटको ऐतिहासिकता र पर्यटकीय सम्बन्ध कस्तो रहेको छ ?

(ख) पर्यटनको कारणले सराङ्कोट क्षेत्रमा के-के प्रभाव पर्न गएको छ ?

(ग) पर्यटन विकासका लागि सराङ्कोटमा के-के गतिविधि भएका छन् र भावी योजनाहरू के रहेका छन् भन्नेबारे खोजपूर्ण अध्ययन गरी प्रकाश पार्ने नै यस अध्ययनको समस्या कथन हो ।

## १.४. अध्ययनको महत्त्व

पर्यटन मानिससँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । पर्यटन व्यवसायमा पर्यटकको सन्तुष्टिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । तसर्थ पर्यटन मानवद्वारा मानवकै लागि गरिने क्रियाकलाप हो । आधुनिक युगमा पर्यटनको महत्त्व वा यसले खेल्ने भूमिकालाई सीमित गर्न सकिँदैन । पर्यटन व्यवसायले देशको सर्वाङ्गीण विकासमा व्यक्ति, समाज, क्षेत्र मात्र नभएर सिङ्गो राष्ट्रिय अर्थतन्त्रमा नै सकारात्मक प्रभाव पारेको हुन्छ । यसका साथै सामाजिक, धार्मिक, शैक्षिक, राजनैतिक, औद्योगिक तथा वातावरणीय क्षेत्रमा समेत महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ ।

यो अध्ययन कार्य सराङ्कोटको पर्यटनसँग सम्बन्धित भएकाले नेपालमा रहेका अन्य पर्यटकीय स्थलहरूको अध्ययन-अनुसन्धान गर्नुपर्ने आवश्यकता महसुस गराउने छ । यसका साथै नेपालमा रहेका ऐतिहासिक स्थलहरूको र ऐतिहासिक विषयवस्तुको संरक्षण गरी भावी पिँढीलाई हस्तान्तरण गर्नुपर्ने कुराको बोध हुन पुग्ने छ । हाम्रो संस्कृति र ऐतिहासिक सामग्रीहरू हाम्रा परिचायक हुन् । परापूर्व कालदेखि चलिआएका परम्परा र रीतिरिवाजको जर्गेना गर्नाले हामी आफैको संरक्षण हुनेछ । पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ठाउँको ऐतिहासिकतालाई मुख्य प्राथमिकतामा राख्नुपर्ने कुराको यस अध्ययनले अध्यतामा पुऱ्याउने प्रयास रहेको छ । यस अध्ययनले सराङ्कोट क्षेत्रको सामान्य परिचय र हालको अवस्थाबारे पर्यटकीय दृष्टिबाट जानकारी पाउन सहायकसिद्ध हुने विश्वास गरिएको छ । सराङ्कोटका बारेमा कुनै छुट्टै विस्तृत अध्ययन भएको नपाइएकाले यस अध्ययन हुन पुगेको छ । सराङ्कोटको ऐतिहासिकता र पर्यटनका बारेमा जान्न चाहने अध्यताहरूका लागि यो

अध्ययनले केही हदसम्म जानकारी उपलब्ध गराउने छ । साथै यससँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न चाहाने जिज्ञासुहरूलाई समेत महत्वपूर्ण हुनेछ ।

## १.५. अध्ययनको सीमा तथा क्षेत्र

नेपाल भूपरिवेष्ठित सानो मुलुकका रूपमा चिनिएको भए तापनि यहाँ प्रशस्त पर्यटकीय सम्भावना रहेका ठाउँहरू छन् । नेपालमा रहेका मुख्य दश पर्यटकीय स्थलहरूमध्ये पोखरा महत्त्वपूर्ण पर्यटकीय क्षेत्रका रूपमा परिचित छ । यसमा पनि पोखरामा हुने मुख्य पाँच पर्यटकीय गतिविधिमध्ये पहिलो स्थानमा सराङ्कोटबाट गरिने दृश्यावलोकन पर्न गएको छ । त्यति मात्र नभएर प्याराग्लाइडिङ, जीप फ्लायर, सूर्योदय र सूर्यास्तका दृश्य हेर्न सराङ्कोट उत्तम स्थल सावित भएको छ । हाल शीघ्र निर्माणका रूपमा रहेको फेवाताल किनार सेदीदेखि सराङ्कोटसम्मको केबुलकार, आराध्यदेव शिव मन्दिर, राष्ट्रिय विभूति पार्क एवम् उद्यान थप आकर्षणका माध्यम बन्ने देखिएको छ ।

यस संक्षिप्त अध्ययनमा गण्डकी प्रदेशभित्रका सम्पूर्ण पर्यटकीय स्थलहरूको अध्ययन सम्भव नभएकाले पोखरा महानगरपालिका वडा नं. १८ मा पर्ने सराङ्कोट क्षेत्रसँग केन्द्रित रहेर पर्यटनसँग सम्बन्धित गतिविधि एवम् यसले पारेको प्रभावबारे अध्ययन गरिएको छ ।

## १.६. पूर्वप्रकाशित अध्ययनहरूको समीक्षा

प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा नेपाल राष्ट्रका प्रमुख सम्पत्ति हुन् । यी साधन र स्रोतको उच्चतम उपयोगका लागि पर्यटन व्यवसाय एक मुख्य आधार हुनसक्ने देखिएको छ । कुनै पनि मुलुक समृद्ध बन्न त्यहाँ उपलब्ध साधन-स्रोतहरूको भरपुर उपयोग हुनुपर्दछ । देशको आर्थिक विकास र बेरोजगारी समस्यालाई न्यून बनाउन हाम्रो देशका लागि पर्यटन विकासको माध्यम एक उपयुक्त उपाय पनि हो; किनभने नेपालमा पर्यटकीय सम्भावना रहेका धेरै ठाउँहरू छन् । तिनीहरूमध्ये पोखरा क्षेत्र एक महत्त्वपूर्ण पर्यटकीय स्थल हो भनी विदेशी लेखकहरूले समेत उल्लेख गरेका पुस्तक, पत्रपत्रिका पाउन सकिन्छ । विभिन्न संस्घसंस्था तथा सरकारी निकायहरूले पनि पोखराको पर्यटन सम्बन्धमा धेरै अध्ययन-अनुसन्धान गरेका कुरा पाउन सकिन्छ । तर पोखरालाई पर्यटकीय स्थल सावित गर्न यहाँ रहेका मुख्य स्थलहरूमध्ये नजिकको गन्तव्य स्थल सराङ्कोटका बारेमा छुट्टै विस्तृत अध्ययन गरिएका कुनै उल्लेख्य पुस्तक पत्रपत्रिका पाउन सकिएको छैन । पोखराको

पर्यटकीय गरिमा उच्च बनाउन सराङ्कोटबाट देखिने दृश्यावलोकन र फेवाताल नै मुख्य रहेको हालका पर्यटकीय गतिविधिबाट स्पष्ट भइसकेको छ। त्रि.वि. स्नातकोत्तर तह अध्ययनको क्रममा उदय अमात्यद्वारा सन् २००० मा एक अनुसन्धानमूलक अध्ययन भएको पाइएको छ। 'प्रोवलम एण्ड प्रोस्पेक्ट अफ टुरिजम इन सराङ्कोट भि.डी.सी.' नामक यस अध्ययनमा उक्त समयको केही जानकारी उल्लेख छ। तर उक्त अध्ययनमा ऐतिहासिक विषयवस्तुका बारेमा जानकारी रहेका छैनन् (अमात्य २०००: ३१-५७)।

बेलायती भूगर्वविद्, टोनी हेगनले नेपालका ग्रामीण इलाकाको १४००० किलोमिटर पैदल यात्रा गरेको विवरण 'नेपाल किङडम इन द हिमालयज' नामको पुस्तकमा सराङ्कोटलाई जोमसोम मुस्ताङ पुग्ने वर्षे बाटोको रूपमा उल्लेख गर्दै यहाँबाट देखिने रमणीयताबारे प्रकाश पारेको पाइएको छ। उक्त पुस्तक सन् १९६० मा लन्डनबाट प्रकाशित भएकोमा सन् १९९८ मा नेपाली भाषामा प्रकाशित भएको छ (हेगन, १९६०:३७)।

अर्का विदेशी नागरिक रिड डेभिडले 'द रफ गाइड टु नेपाल' नामको १९९८ मा लन्डनबाट प्रकाशित पुस्तकमा "सराङ्कोट एण्ड विहाइण्ड" शीर्षकमा सराङ्कोटबाट देखिने रमणीय दृश्यहरूबारे उल्लेख गरेको पाइएको छ (रिड, १९९८:३८१)।

अमेरिकी नागरिक जेम्स रोयले सन् २०१५ मा प्रकाशित पुस्तिका 'प्याराग्लाइडिङ, फ्रम सराङ्कोटमा' आफ्नो दैनिकीसहित प्याराग्लाइडिङका लागि उपयुक्त स्थल भनी यहाँबाट देख्न सकिने रमणीय दृश्यहरूबारे प्रकाश पारेको पाइएको छ (रोय, २०१५: १३)।

मेची महाकाली भाग-३, मा पोखराको पर्यटकीय इतिहासमा पोखरामा पर्यटकको बढ्दो आगमन वि.सं. २०२०-२०२९ सम्मको तथ्याङ्कीय आँकडा रहेको छ। त्यस समयमा पोखरामा २/३ वटा मात्र बसोबासयोग्य होटल रहेका तथा पहिलो होटल वि.सं. २०२० मा स्थापना भएको होटल सन् एण्ड स्नो भएको उल्लेख छ। राजा वीरेन्द्रको शुभराज्यभिषेकको अवसरमा वि.सं. २०३१ मा प्रकाशित पुस्तक श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभागले प्रकाशन गरेको पाइएको छ। पोखराबाट नजिकको रमणीय पदयात्रा स्थल भनी सराङ्कोटलाई उल्लेख गरिएको छ (मेची-महाकाली, २०३१: ३४२-३४३)।

लेखक त्रय विष्णुराज उप्रेती, प्रनिलकुमार उपाध्याय र टीकाराम सापकोटाद्वारा लिखित 'टूरिजम इन पोखरा' नामक पुस्तकमा पोखराको पर्यटनसम्बन्धी सम्पूर्ण गतिविधिलाई समेट्दै सन् २०१२ देखि सराङ्कोटबाट व्यावसायिक रूपमा प्याराग्लाइडिङ शुरु भएको ऐतिहासिकताबारे उल्लेख गरिएको छ। उक्त पुस्तक टुरिजम काउन्सिल पोखराको सहयोगमा

सन् २०१३ मा प्रकाशित भएको थियो (उप्रेती र अन्य, २०१२:२००-२४०) ।

नारायण खनाल र नवराज भट्टराईद्वारा लिखित 'नेपाल भ्रमणका ७३० दिन' नामको पुस्तकमा सराङ्कोटबाट देखिने रमणीय स्थलहरू र नेपालका लागि महंगो प्याराग्लाइडिङ भनी दैनिकी स्वरूप उल्लेख गरेको पाइएको छ। उक्त पुस्तक वि.सं. २०६८ साल असोज १ गते सुजल अफसेट प्रेस काठमाडौँबाट प्रकाशित भएको छ (खनाल र भट्टराई, २०६८: ३११-३१२) ।

योगी नरहरि नाथले आफ्नो प्रकाशित कृति इतिहास प्रकाश भाग १ मा सराङ्कोटको ऐतिहासिकता उल्लेख गर्दै यसको नामाकरणबारे जानकारी गराएको पाइएको छ। उक्त पुस्तक काठमाडौँ मृगस्थली इतिहास विभागबाट वि.सं. २०१३ मा प्रकाशित भएको छ ( योगी, २०१३:६७) ।

२०७४ साल माघ २२ गतेदेखि फागुन १ गतेसम्म सराङ्कोट क्षेत्रमा पर्यटन प्रबर्द्धन र धार्मिक स्थल निर्माणका लागि गरिएको श्रीमद्‌भागवत विराट ज्ञान महायज्ञको अवसरमा सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समितिले प्रकाशित प्रचारात्मक पर्चामा सराङ्कोटको ऐतिहासिकता उल्लेख गर्दै नैराश्य र व्यस्त जीवनबाट मुक्ति पाउने ठाउँ सराङ्कोटबाट गरिने दृश्यावलोकन हो भनी व्याख्या गरिएको छ (श्रीमद्‌भागवत विराट ज्ञान महायज्ञको पर्चा, २०७४) ।

डा. हर्क गुरुङद्वारा लिखित पुस्तक 'मैले देखेको नेपाल' मा पोखरा र सेरोफेरो शीर्षक अन्तर्गत सराङ्कोटको ऐतिहासिकता उल्लेख गर्दै यहाँबाट देखिने दृश्यहरूबारे प्रकाश पारिएको छ। उक्त पुस्तक हिमाल किताब प्रा.लि. को प्रकाशनमा सन् २००७ मा प्रकाशित भएको छ (गुरुङ, २००७, ११८-१३७) ।

२०६० मा प्रा.डा. राजाराम सुवेदीले लेखेको 'कास्की राज्यको इतिहास' नामको पुस्तकमा सराङ्कोटको ऐतिहासकता उल्लेख गरेको पाइएको छ। कास्की राज्य विलय हुने क्रममा वि.सं. १८४२ असार १ गते सराङ्कोटमा नेपाली सेनाले आक्रमण गरेर दखल पुऱ्याएको कुरा उल्लेख भएको पाइन्छ। कुनै समयमा सराङ्कोटमा गल्कोटे राजाका सन्तानहरूले राज गरेको कुरा उल्लेख गर्दै सरायँ खेलको नामबाट सराङ्कोट नाम रहन गएको जानकारी समेत उल्लेख छ (सुवेदी, २०६०:१२७) ।

यसरी सराङ्कोटका बारेमा विभिन्न पत्रपत्रिका वेबसाईट तथा टिभी, रेडियोमार्फत समय समयमा जानकारीमूलक सन्देशहरू पाउने गरिएको छ। तथापि सराङ्कोटको ऐतिहासिकताबारेमा उल्लेख गरिएका कृतिहरू न्यून रूपमा रहेका छन् ।

## १.७. अध्ययनको विधि

यो अध्ययनविधि सम्बन्धित क्षेत्रको प्रत्यक्ष अवलोकनबाट प्राप्त विवरण, ऐतिहासिक तथा प्रचलित परम्परा, सामाजिक कार्यमा संलग्न विभिन्न संघसंस्थामा आवद्ध समितिका पदाधिकारीहरूसँगको साक्षात्कार लगायत विषयवस्तुसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, जर्नल, प्रतिवेदन, समाचार एवम् सामाजिक सञ्जालबाट प्राप्त जानकारीका आधारमा तयार गरिउको छ। कतिपय विषयवस्तु प्रचलित लोकप्रथा, जनजिब्रोमा चलिआएका कुराहरूको आधार लिनुपर्ने भएकाले समाजसेवी वयोवृद्धसँग गरिएको अन्तरवार्ताको माध्यम अपनाइएको छ। त्यसैले यस अध्ययन कार्यमा प्राथमिक तथा सहायक स्रोतहरूको प्रयोग गरी यथासम्भव भरपर्दो र प्रमाणिक बनाउने प्रयत्न गरिएको छ।

### १.७.१. प्राथमिक स्रोत

यस अध्ययनको लागि सम्बन्धित क्षेत्रसँग संलग्नता भएका विभिन्न सरकारी तथा ग्रैरसरकारी संघसंस्था तथा विकास समितिका पदाधिकारीहरू लगायत स्थानीय बासिन्दा, व्यवसायी, जनप्रतिनिधि, समाजसेवी, वयोवृद्ध, विद्वान विदुषीर पर्यटकहरूसँग साक्षात्कार गरिएको छ। अध्ययन क्षेत्रसँग प्रत्यक्ष सरोकार भएका व्यक्ति समिति तथा संघसंस्थाका जिज्ञासु प्रतिनिधिहरूको चयन गरी अनौपचारिक प्रश्नावलीको आधारमा सोधपुछ गरिएको छ (परिशिष्ट १)। ऐतिहासिक जानकारी प्राप्त गर्न समाजका प्रतिष्ठित वयोवृद्ध, समाजसेवी तथा पुजारीहरूको सहयोग लिईएको छ। पर्यटकीय गतिविधिबारे जानकारी प्राप्त गर्न यस क्षेत्रका पर्यटन व्यवसायी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा पर्यटन विकासमा संलग्न समितिहरूसँग साक्षात्कार गरिएको छ। पर्यटन विकासले यहाँको जनजीवनमा पारेको प्रभाव बारेमा वडा कार्यालयले गरेको सर्वेक्षण प्रतिवेदन २०७६ र जनप्रतिनिधिहरूको सहयोग लिईएको छ। यसका साथै स्थलगत अवलोकनका माध्यमबाट ऐतिहासिक दस्तावेज, तस्विर तथा सुचनाहरू सङ्कलन गरिएको छ।

### १.७.२. सहायक स्रोत

यस अध्ययन कार्यलाई तथ्यपरक, प्रमाणिक र विश्वसनीय बनाउन विगत समयमा विभिन्न विद्वान्, लेखक तथा संघसंस्थाहरूले यसबारे लेखेका जानकारी पुस्तक, पत्रपत्रिका, प्रतिवेदन आदिको सहयोग लिइएको छ। यस क्षेत्रमा पर्यटन विकाससँग सम्बन्धित

समितिका निर्णय, सनदसवाल, अभिलेख लगायत हाल निर्माणाधीन रूपमा रहेका पर्यटन विकाससम्बन्धी कार्यहरूको विवरणको सहयोग लिइएको छ। समय-समयमा प्रकाशित हुने अखबार, पर्चा स्तम्भका लेखहरू समेतको सहयोग लिइएको छ।

कतिपय जानकारी "बूढा मरे भाखा सरे" भने झैं परम्परादेखि जनजिब्रोमा चलिआएका हुन्छन्। यस्ता विषयहरूको लिखित वा दस्तावेजपूर्ण आधार नहुन पनि सक्दछन्। तर यस्ता विषयवस्तुमा भाव लुकेको हुन्छ। जुन कुराहरू वयोवृद्धहरूले सुनी आएका आधारमा चलनचल्तीमा रहेका हुन्छन्। त्यस्ता विषयहरू समेत यस अध्ययन कार्यमा समावेश गरिएको छ।

## १.८. अध्ययनको संरचना प्रक्रिया

यस अध्ययन कार्यलाई ६ अध्यायमा विभाजन गरिएको छ। जसअनुसार अध्याय एकमा शोध परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्व प्रकाशित कृतिहरूको पुनरावलोकन, अध्ययनको सीमा तथा क्षेत्र, अध्ययनका लागि प्रयोग भएका विधि संलग्न रहेका छन्।

अध्याय दुईमा पर्यटनको परिचय, पर्यटनको प्रकृति तथा क्षेत्र, विश्वमा पर्यटनको विकास, एसिया महादेश र सार्क राष्ट्रहरूमा पर्यटनको विकास, नेपालमा पर्यटनको विकासक्रम, नेपालका मुख्य-मुख्य पर्यटकीय स्थलहरू, पोखरामा पर्यटन, पोखरा वरपर रहेका मुख्य पर्यटकीय स्थलहरू समावेश गरिएको छ।

अध्याय तीनमा सराङ्कोटको परिचय, सराङ्कोटको ऐतिहासिक पृष्ठभूमि र नामाकरण, सराङ्कोट र कास्कीकोटको अन्तरसम्बन्ध, सराङ्कोट क्षेत्रमा रहेका जातजाति, भाषा, धर्म र संस्कृति, सराङ्कोट र पोखराको पर्यटकीय सम्बन्ध, सराङ्कोट क्षेत्रमा पर्यटनको विकास, सराङ्कोटसँग सम्बन्धित गुठी र सनद सवालहरू उल्लेख गरिएको छ।

अध्याय चारमा पर्यटन विकासका लागि सराङ्कोट क्षेत्रको महत्त्व, सराङ्कोट क्षेत्रभित्र रहेका ऐतिहासिक र पर्यटकीय महत्त्वका स्थलहरू जस्तै भ्यू प्वाइन्ट, भूमे कालिका मन्दिर, भैरव स्थान, निर्माणाधीन आराध्यदेव शिव मन्दिर, प्याराग्लाइडिङ, जीप फ्लायर, निर्माणाधीन केबुलकार, पार्क एवम् उद्यान, मुख्य-मुख्य होटल, लज तथा रिसोर्टहरूबारे जानकारी गरिएको छ।

अध्याय पाँचमा सराङ्कोट क्षेत्रमा भएका पर्यटन विकाससम्बन्धी कार्यहरू, पर्यटन

विकास समिति र गठन प्रक्रिया, स्वदेशी तथा विदेशी पर्यटकहरूको आगमन स्थिति, पर्यटकीय गतिविधिले सराङ्कोट क्षेत्रमा पारेको आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक प्रभाव, सराङ्कोटमा पर्यटन विषयका लागि पोखरा महानगरका भावी योजना र नीतिहरू, यस क्षेत्रको पर्यटन विकासका लागि आन्तरिक र बाह्य सहयोग जस्ता स्तम्भ समावेश गरिएको छ ।

अध्याय छमा सारांश तथा सुझावहरू राखिएको छ र अध्ययनको अन्त्यमा सन्दर्भ सामग्रीहरू, परिशिष्ट र अध्ययन क्षेत्रसँग सम्बन्धित फोटाहरू समावेश रहेका छन् ।

# अध्याय : दुई
# पर्यटनको परिचय

## २.१. पर्यटन विकासको ऐतिहासिक पृष्ठभूमि एवम् परिभाषा

प्रारम्भमा सामान्य घुमफिरलाई यात्रा मानिन्थ्यो। यही विकासक्रममा हाल आएर यात्रासँग सम्बन्धित गतिविधिका समष्टि रूपलाई पर्यटन भन्न थालिएको छ। संस्कृत भाषामा देशाटन, तीर्थाटन, आखेटन, बिहार जस्ता शब्दहरूले यात्राको प्रतिनिधित्व गरेको साहित्यिक ग्रन्थहरूमा पाइन्छ। पर्यटनलाई स्तरीय शब्दकोशहरूमा आमोद-प्रमोदका लागि गरिने यात्रा पनि भन्ने गरेको पाइन्छ (भाटिया, १९९७:१३)।

पर्यटनका लागि प्रयोग हुने अङ्ग्रेजी शब्द Tourism, फ्रेन्च भाषाको Tourisme बाट आएको हो र यो शब्द इशाको उन्नाईसौं शताब्दीबाट प्रचलनमा रहेको मानिएको छ ( सत्याल, १९९९:६)। अर्कोतर्फ ग्रीक भाषाको Tornus बाट पनि Tourism शब्दको विकास भएको मानिएको छ। ग्रीक भाषामा Tornus को अर्थवृत्त देखाउने उपकरण वा घुम्ने चक्र भन्ने हुन्छ। यही आधारमा घुमफिर गर्ने कार्यलाई Tourism (पर्यटन) भनिएको हो। यस शब्दको प्रयोग सन् १२९२ देखि भएको मानिन्छ। त्यसै अनुसार Tour बाट Tourisme हुँदै यात्रासँग सम्बन्धित गतिविधिलाई Tourism भनिएको पाइन्छ (भाटिया, १९९७:९५)।

शुरुशुरुमा यात्रा मानिसको दैनिक आवश्यकता पूर्ति गर्न यत्रतत्र घुम्ने रूपमा देखियो। मानव सभ्यताको विकाससँगै मानवीय आवश्यकता र चाहना बढ्न थालेकाले व्यापार व्यवसाय, धर्मकर्म तथा जीवन जिउने सहज उपायको खोजीका लागि मानिसको यात्रा अपरिहार्य बन्यो। यसै विकासक्रम अनुसार डुङ्गा, पानीजहाज, घोडा, बग्गी, रेल, हवाईजहाज, मोटर, बाटोघाटो आदिको विकासले मानिसको यात्रालाई सहज तर व्यापक बनाइदियो। एवं रीतले १९ औं शताब्दीको मध्यतिर आइपुग्दा मानिसहरूले बिदा मनाउन, आनन्द प्राप्त गर्न, शिक्षा हासिल गर्न, औषधोपचार, नयाँ आविष्कारका लागि समेत यात्राको तय हुन थाल्यो। हाल आएर यात्रा मानिसको एक अपरिहार्य एवं अभिन्न अङ्ग हुन गएको छ।

यसरी यात्रालाई आर्थिक गतिविधिसँग सम्बन्धित विषयवस्तुका रूपमा लिन थालिएको छ। सन् १८६० को दशकमा थोमस कुकले बेलायतमा यात्रालाई सहज र व्यवस्थित गराउन Travel agent को रूपमा काम गरी व्यवसायको रूपमा विकास गरे। जुन

कुरा औद्योगिक क्षेत्रमा अगाडि रहेका राष्ट्र युरोप र अमेरिकामा व्यापक रूपमा फैलियो। प्रथम र दोस्रो विश्वयुद्धपछि औद्योगिक विकासको फलस्वरूप भौगोलिक दूरी छोटो तथा सूचना तथा सञ्चारले स्थान लिन पुग्यो। युद्धको तयारीका लागि भएको यातायातको विकासले प्रविधि उपयोगमा ठूलो परिवर्तन आयो।

प्रारम्भमा मानिसले भूगोललाई सीमामा आवद्ध नगरेको समयमा आफ्नो इच्छाअनुरूप यात्रा यत्रतत्र जहाँकहीँ घुम्न सक्दथ्यो। त्यो बेला राहदानी, भाषा, मुद्रा तथा सम्बन्धित ठाउँको ऐन-नियम जस्ता विषयको समस्या थिएन। तर त्यति बेलाको यात्रा अहिलेको पर्यटन भन्ने जस्तो अर्थमा थिएन। त्यति बेलाको यात्रा केवल यात्राकै रूपमा मात्र थियो। पर्यटन हुनका लागि विभिन्न रूपले आर्थिक गतिविधि समावेश भई आमोद-प्रमोद र सन्तुष्टि पाउने पक्षको उपस्थिति हुन थाल्यो। त्यस अनुरूप यात्रा र यात्रीको आवश्यकता अनुरूपको सन्तुष्टि दिलाउन पर्यटन व्यवसायलाई व्यवस्थित गराउने सम्पूर्ण कार्यहरूको समष्टिलाई पर्यटन भन्न थालियो। यस सम्बन्धी व्यवसाय पर्यटन व्यवसाय कहलियो। यस कार्यमा छनोट भएका क्षेत्र पर्यटन क्षेत्र हुन थाल्यो। त्यसैले पर्यटनमा पर्यटक, पर्यटकीय क्षेत्र, पर्यटकीय गतिविधिहरूको एक अर्को विना एकको मात्र अस्तित्व खोज्न सकिँदैन (पुरी, २०५७:३)।

यसरी हेर्दा यात्राको विकसित रूप नै पर्यटन हो। अर्थात् यात्रा त्यो बीउ हो जसले पर्यटनको विकास गरेको हुन्छ। तसर्थ समय, कालक्रमअनुसार पर्यटनको परिभाषा पनि परिमार्जित हुँदै गएको छ। सर्वप्रथम सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हर्मन भोन सुलार्ड (Hermann Von Schullard) ले पर्यटनको परिभाषा यसप्रकार दिएका थिए :

"The sum total of operations mainly of an economic nature, which directly relate to the entry, stay and movement of foreigner inside and outside a certain country, city or region" (खतिवडा, २०७३:४)।

पर्यटन भन्नाले कुनै पनि निश्चित राष्ट्र शहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरूको घुमफिर आवतजावत र प्रवेशसँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक प्रकृतिका सम्पूर्ण क्रियाकलापहरू हुन्।

त्यस्तै स्विस प्राध्यापक Hunziker and Kurt Kraphf ले सन् १९४२ मा दिएको परिभाषा यसप्रकार छ :

Tourism is the totally of the relationship and phenomenon arising from the travel and stay of strangers provided the stay does not imply the

establishment of a permanent residence and is not connected with a remunerated activity (पुरी, २०६३:५) ।

पर्यटकहरूको यात्रा र उनीहरूको बसाइबाट उत्पन्न हुने सम्पूर्ण सम्बन्ध र घटनाहरूको रूप नै पर्यटन हो । यद्यपि स्थायी बसोबासका लागि भवन निर्माण र कुनै तलबी कार्यसँग सम्बन्धित व्यक्तिका क्रियाकलाप भने पर्यटनको सीमाभित्र आउँदैनन् । सन् १९९३ मा विश्व पर्यटन संघ (World Tourism Organizatin-WTO) ले पर्यटनका सम्बन्धमा दिएको परिभाषा यसप्रकार छ :

Tourism encompasses the activities of person travelling to and staying in places out side there usual environment to not more than one consecutive year for leasure business and other purpose (सत्याल, १९९८:१३) ।

पर्यटन त्यस्तो विषयमा मात्र सम्बन्धित हुन जान्छ जसअनुसार पर्यटनले कुनै पनि व्यक्तिको यात्रा देश बाहिर रहेर वा बाहिरी वातावरणमा व्यावसायिक र अन्य उद्देश्य नलिइकन गरिने भ्रमण भन्ने बुझाउँछ ।

यस्तै गरी सन् १९८१ मा International Association of Scientific Expert in Tourism र Tourism Society को आयोजनामा Leisure Recreation Tourism विषयमा बेलायतको कार्डिफमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनले दिएको परिभाषा यस प्रकार छ :

Tourism may be defined in terms of particular activities selected by choice and undertaken out side the home environment. Tourism may or may not involve oversnight stay away from home (पुरी, २०६५:५) ।

पर्यटन भन्नाले घरभन्दा बाहिरी वातावरणमा गरिएका निर्धारित विशेष गतिविधिहरूलाई जनाउँदछ । त्यो घरभन्दा बाहिर गएर रात बिताएर वा नबिताई पनि हुन सक्दछ ।

ब्रसेल्स विश्वविद्यालयका प्राध्यापक एडमण्ड पिकार्ड (Edmond Picard) को परिभाषा अनुसार- The function of turism is to import currency from foreign resources in to the country. It's impact is what tourist expenditures can do the difference sectors of the economy and is particular the hotel Keepers (पुरी, २०६५:५) ।

पर्यटनको मुख्य काम नै राष्ट्रका लागि विदेशी मुद्रा आर्जन गर्नु हो । यसको प्रभाव विदेशी पर्यटकको खर्च जुन विभिन्न आर्थिक क्षेत्र लगायत होटल व्यवसायीहरू माथि रहन्छ ।

League of Nations ले दिएको परिभाषा- Any person visiting a country other than that in which he usually resides for period of at least 24 hours.

कुनै व्यक्ति आफू बसेको स्थानभन्दा देशभन्दा बाहिर गएर २४ घण्टाभन्दा बढी बिताउँदछ भने त्यसलाई पर्यटक भनिन्छ ।

लिग अफ नेशन्स र डब्लुटीओले आन्तरिक पर्यटकलाई जोड नदिइए तापनि हाल आएर पर्यटनले फरक स्थिति पाइसकेको छ । जसअनुसार पर्यटनको सिर्जना हुनका लागि आकर्षण (Attraction), पहुँच (Accessibility), आवास वा बस्ने ठाउँ (Accommodation) र सुविधाहरू (Amenities) जस्ता ४ तत्त्व निहित रहनुपर्दछ ।

तसर्थ यात्रा र यात्रीको समष्टिगत क्रियाकलाप यिनै चार तत्त्वमा निहित रहन्छन् । भिसा, मुद्रा, भाषा र ऐन नियमको परिधिभित्र रहेर गरिने यात्रामा आर्थिक पक्ष प्रत्यक्ष संलग्न रहेको हुन्छ । त्यसैले प्राचीन कालको यात्रा र हालको यात्रामा धेरै परिवर्तन आइसकेको छ ।

पर्यटन व्यवसायका लागि पर्यटकको आगमन जरुरी हुन्छ । मानिस आनन्द प्राप्तिका लागि रमणीय वातावरणको खोजीमा रहेको हुन्छ । जुन ठाउँमा प्राकृतिक, सांस्कृतिक तथा मानव निर्मित संरचनाले मानिसलाई लोभ्याउँदछ त्यो ठाउँ नै पर्यटकको गन्तव्य बनेको हुन्छ । आफ्नै आँखाले प्रत्यक्ष देखेर आनन्द महसुस गर्ने मानवीय स्वभाव नै हो । विभिन्न पत्रपत्रिका, विज्ञापन र सुनेकै भरमा मानिसहरू नयाँ र रमणीय स्थल अवलोकन गर्न चाहन्छन् । पर्यटकलाई लोभ्याउने त्यस्ता प्राकृतिक तथा मानव निर्मित वनावटले हेरुन्जेल र हेरिसकेपछि पनि परिकल्पित पारेका हुन्छन् । जुन आकर्षणका लागि पर्यटकले आफ्नो लगानी गरेर आनन्द लिने गर्दछन् ।

पर्यटनका लागि पहुँचयोग्य स्थल पनि अर्को महत्त्वपूर्ण पक्ष हो । जब कुनै स्थल अति रमणीय छ र पनि पुग्न कठिन छ भने त्यहाँ पर्यटकीय क्रियाकलाप सञ्चालन हुन सक्दैनन् । हाल आएर चन्द्रमामा मानिस पुगिसकेका छन् र मंगल ग्रहमा पुग्ने प्रयास गरिहेका छन् । नयाँ ठाउँ हेर्ने इच्छा हुनु मानवीय स्वभाव हो । तर पनि त्यहाँ पुग्ने कार्य खर्चालु र कठिन छ । चन्द्र ग्रहसम्म पुग्नका लागि टिकट समेत खुल्ला गरिएको भनिएको छ । जसलाई अति सीमित व्यक्तिहरूले मात्र प्रयोग गर्न सक्दछन् । पर्यटक पुग्नका लागि सजिलो ठाउँ तथा यातायात र सञ्चारको सुविधा भएको ठाउँ नै पर्यटकीय स्थल बन्न सक्दछ ।

पर्यटकका लागि बसोबासयुक्त ठाउँ पर्यटकीय गतिविधिका लागि उपयुक्त मानिन्छ। आनन्ददायी बसाइँ र खानपान भएको ठाउँ पर्यटकको रोजाइमा पर्दछन्। कष्ट र हैरानी व्यहोर्न यात्रा तय हुन सक्दैन। तसर्थ बसोबास र खानपान सुविधाजनक हुन आवश्यक रहन्छ।

यात्रा विशेष गरी आनन्द प्राप्ति, ज्ञान आर्जन र धर्म प्राप्तिका लागि हुने गर्दछन्। स्वास्थ्योपचार र शिक्षा आर्जन तथा धर्मका लागि गरिएका यात्रासमेत आनन्द प्राप्तिसँग सम्बन्धित रहन्छन्। जहाँ पर्यटकहरू पुग्दछन् त्यो ठाउँ बसाइँ, खानपान तथा दृश्यका लागि रमणीय हुनुपर्दछ। आनन्द प्राप्तिका लागि उपयुक्त वातावरण रहे मात्र पर्यटन व्यवसाय दिगो रहन सक्दछ।

## २.२. पर्यटनको प्रकृति तथा क्षेत्र

### २.२.१. पर्यटनको प्रकृति

पर्यटन विषय नितान्त यात्रासँग सम्बन्धित छ। विषय वा प्रसङ्गअनुसार यसको प्रकृति पनि फरक-फरक पाइन्छ। पर्यटनको एउटा प्रकृति यस्तो रहन्छ, जहाँ पर्यटकलाई लोभ्याउने वा आकर्षण गर्ने कुराहरू रहन्छन् त्यहाँ पर्यटन सम्भव हुन्छ। पर्यटकको चाहना र इच्छाअनुसार पर्यटकीय महत्त्व रहेको हुन्छ।

अर्कोतर्फ पर्यटनको प्रकृति भौगोलिक विभाजनका आधारमा आन्तरिक वा राष्ट्रिय र बाह्य वा अन्तर्राष्ट्रिय गरी दुई भागमा विभाजन गर्न सकिन्छ। पर्यटकको रुचिअनुसार देशको भौगोलिक वनावटअनुसार मानवनिर्मित विषयवस्तुको प्रकृतिअनुसार सम्बन्धित देशको ऐन नियम र कानुनअनुसार यसको प्रकृति पनि फरक फरक नै हुन्छ। तसर्थ यसको प्रकृति वा स्वरूपलाई विभिन्न कोणबाट भिन्न भिन्न पाउन सकिन्छ। मुख्य गरी यसको प्रकृतिलाई आन्तरिक र बाह्य भनी व्याख्या गर्न सकिन्छ।

कुनै मुलुकको मानिस आफ्नो वासस्थान छाडी कतै आफ्नै मुलुकभित्र यात्रा गर्दछ भने यसलाई आन्तरिक पर्यटन भनिन्छ। यस्तो पर्यटकले आफ्नै मुलुकको पैसा, आफ्नै मुलुकको भाषा, देशकै परम्परा अनुसारको शैली प्रयोग गर्न सक्दछन्। बाह्य वा अन्तर्राष्ट्रिय पर्यटन भन्नाले आफ्नो देशभन्दा बाहिर गएर गरिने यात्रालाई बुझाउँछ। यसका लागि यात्रु वा पर्यटकलाई सम्बन्धित देशको नियम कानुनअनुसार पासपोर्ट र भिसाका साथै सम्बन्धित देशको मुद्रा, अन्तर्राष्ट्रिय भाषा आदि मिलाउनु पर्ने हुन्छ। जसले गर्दा आन्तरिक

पर्यटनभन्दा बाह्य पर्यटन खर्चालु बन्न पुग्दछ ।

हाल आएर यातायातको सुविधाले गर्दा पर्यटनका गतिविधिहरूमा सहजता थपिदिएको छ । विभिन्न विज्ञापन र पुस्तकहरूका माध्यमबाट सम्बन्धित ठाउँका बारेमा यथेष्ट ज्ञान प्राप्त गर्न सजिलो भएको छ । पर्यटनमा आर्थिक गतिविधि नै यात्रीका लागि मुख्य प्रदायक बनेको हुन्छ । यी विभिन्न कारणहरूले गर्दा पर्यटनको प्रकृतिसमेत परिवर्तनशील बन्न पुगेको छ ।

### २.२.२. पर्यटनको क्षेत्र

पर्यटनको क्षेत्र निकै व्यापाक छ । पर्यटकीय गतिविधिदेखि लिएर पर्यटक र पर्यटनको भूभाग यसकै क्षेत्र मान्न सकिन्छ । पर्यटन जल, स्थल र अन्तरिक्षसम्म विस्तार भएको छ । त्यसैले जे जति र जहाँ मानवीय गतिविधि छन् त्यहाँ पर्यटनको कुनै न कुनै रूपदेखा परेको हुन्छ ।

अर्कोतर्फ पर्यटनलाई आर्थिक गतिविधिसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा पनि लिने गरिएको छ । किनभने वर्तमान युगको पर्यटन आर्थिक उपार्जन र आर्थिक खर्चसँग सम्बन्धित रहेको छ । धनी र गरिबबीचको भिन्नताले मानिस आ-आफ्नो क्षमताअनुरूप भ्रमणमा निस्कने गर्दछन् । वर्तमान विश्वको पर्यटन गतिविधि हेर्दा पर्यटन उद्योग परिमार्जित र विस्तृत बनिरहेको छ । विकसित राष्ट्रहरूले पर्यटनको क्षेत्र अन्तरिक्षसम्म पुऱ्याउन सफल भएका छन् भने अविकसित राष्ट्रहरूले पर्यटनको सम्भावनाको खोजी गर्दै आर्थिक विकासको माध्यम बनाइरहेका छन् । विशेषतः विश्वका सम्पन्न देशका पर्यटकहरू विकासोन्मुख देशहरूको परम्परागत मानवीय संस्कृति र चालचलनतर्फ बढी आकर्षित भइरहेका छन् । मानिसको चाहना, आनन्द र मनोरञ्जनतर्फ आकर्षित रहने भएकाले पर्यटनको क्षेत्र सर्वव्यापक बन्न गइरहेको छ ।

## २.३. विश्वमा पर्यटनको विकासक्रम

### २.३.१ सन् १८४० सम्मको प्रारम्भिक काल

प्राचीनकालमा यात्री र यात्राको रूपमा रहेको पर्यटन मध्यकालमा मात्र पर्यटक र पर्यटनको रूपमा रहेको पाइन्छ । पर्यटनलाई १८ औँ शताब्दीमा थोमस कुकले व्यावसायिक रूप दिएको पाइन्छ । प्रारम्भिक युगमा यो जीवनयापनका लागि र बजारको खोजी साथै

नयाँ ठाउँको अन्वेषणका रूपमा मात्र रहेको थियो। मानिसहरूको हिँडडुल या यात्रा गर्ने कार्यको थालनी भने मानव उत्पत्तिदेखि नै शुरु हुने अनुमान रहेको छ।

प्राग्ऐतिहासिक कालमा मानिस खानाको खोजी र सुरक्षित वासस्थानका लागि निकै लामो दूरीसम्म यात्रा गर्ने गरेको अनुमान गरिएको छ। किनभने अफ्रिका महादेशको तान्जानियातिर शिकारका लागि प्रशस्त प्रस्तर उपकरणका साथ लामो दूरी पार गर्दै जावा र चीनको चाउकातियान क्षेत्रसम्म पुगेको कुरा पुरातत्वको अध्ययनले प्रमाणित गरेको छ। यसै गरी एसिया महादेशमा विकसित मानव लामो दूरी यात्रा गर्दै बेरिङ् समुद्र र आलस्का पार गरी अमेरिकासम्म पुगेको तथा एसिया, युरोप र अफ्रिकासम्म आवतजावत गरेको पाइएको छ।

मानवले जङ्गली युगमा घुमन्ते जीवन व्यतीत गर्दै खेतीपाती र पशुपालनतर्फ आकर्षित भएका थिए। जसले गर्दा एकै ठाउँमा रहेर जिउनुपर्ने भएकाले व्यापारिक शुरुवात हुन पुग्यो। मेसोपोटामिया, मिश्र र सिन्धुघाटीका सभ्यता प्राचीन सभ्यतामा गनिन्छन्। ती सभ्यताका मानिसहरूले व्यापार व्यवसायको सहजताका लागि मुद्राको आविष्कार गरेका थिए भनिएको छ। इशापूर्व ४००० तिर नै सुमेरियनहरूले मुद्राको आविष्कार गरे। सुमेरियनहरूले टाढाटाढासम्म व्यापार व्यवसाय गर्न थालेपछि यात्रा र यात्रीहरू क्रमशः वृद्धि हुँदै गए। प्राचीन बेविलोनियाका शासक शुल्गीले व्यापार प्रबर्द्धनका लागि विश्रामगृह र सुरक्षा व्यवस्था सुदृढ गरेका प्रमाणहरू भेटिएका छन्। त्यसै समयमा स्वास्थ्य उपचारका लागि अस्पताल र राम्रा मन्दिर बगैंचा बनाउन शुरु गरिएको थियो (खतिवडा, २०७३:४८)।

ईशापूर्व २००० तिर ताम्रयुगमा पनि युरोपको स्विटजरलैण्डमा आइरनयुक्त पानीको मूलमा स्वास्थ्यका लागि थुप्रै मानिस जम्मा हुने गरेका विवरण पाइएका छन् (खतिवडा, २०७३:४९)।

होमरको ओडिसीमा पाइएका विवरणअनुसार ईशापूर्व कालतिर ग्रीकहरू र फोनेसियनहरू व्यापारका सिलसिलामा थुप्रै स्थान भ्रमण गर्ने विवरणहरू उल्लेख छन्। इशापूर्वमा नै भारत र चीनमा युरोपेलीहरूले आवतजावत गरी व्यापार गर्ने गर्दथे। भारतलाई भाग्य प्राप्तिको स्थान मानिने र भारतमा संसारमा पाइने सबै कुरा पाइने ठाउँ भनी मार्क दुइनले व्याख्या गरेका छन् (भाटिया, १९९७:२)।

कौटिल्यको अर्थशास्त्रमा नेपाली राडीपाखी भारतका विभिन्न भागहरूमा निकै प्रख्यात रहेको र मौर्यहरूको राजदरबारमा राखिने आठ प्रकारका बहुमूल्य वस्तुहरूमध्ये

नेपालको कालो कम्बल रहेको थियो (खतिवडा, २०७३:५०) ।

यी कुराहरूले गर्दा नेपाल र भारतबीचको सम्बन्ध प्रगाण रहेको तथ्य अनुमान गर्न सकिन्छ । तीर्थयात्रामा नेपालका बराहक्षेत्र, रुरुक्षेत्र, लुम्बिनी, पशुपतिनाथ, जनकपुरधाम, भारतका ऋषिकेश, हरिद्वार, काशी, गया, वृन्दावन, बद्रीकेदार, मथुरा प्रख्यात रहेका हुनाले ती क्षेत्रमा दुवै देशका धर्मावलम्बीहरू आवतजावत गर्ने गरेका प्रमाणहरू भेटिएका छन् ( खतिवडा, २०७३:५४) ।

संस्कृत साहित्यमा देशाटन, आखेट, भिक्षाटन र तीर्थाटनका नामले नेपाल र भारतका हिन्दुहरू यात्रामा निस्कने गरेका थिए । भ्रमणकै सिलसिलामा ईशापूर्वको तेस्रो शताब्दीतिर अलेक्जेण्डर युरोपबाट भारतमा आएका थिए । त्यस्तै सातौं शताब्दीमा प्रसिद्ध चिनियाँ यात्री ह्वेनसाङ् नेपाल हुँदै भारत श्रीलंका र बर्मासम्मको यात्रा गरेका थिए । त्यस्तै चिनिया यात्री फाईयान, भारतीय तीर्थयात्री शान्तरक्षित, कमलशिल र पद्म सम्भवले नेपाल हुँदै तिब्बत पुगी बौद्ध धर्मको प्रचार गरेका थिए भन्ने प्रमाण पाइएका छन् ।

ग्रीसवासी विश्वविजयको सपना बोकेका अलेक्जेण्डरले भारतसम्म यात्रा गरेका थिए । क्रिस्टोफर कोलम्बसको अथक भ्रमण पछि सन् १४९८ मा भारत पत्ता लगाए । रोमबाट कामदारलाई बिदा दिने प्रचलनले सन् १५५२ देखि बेलायतमा कामदारलाई तलबी बिदा दिने प्रचलन शुरु भयो । जसले गर्दा विदाको समय घुमफिर गरी समय बिताउने प्रचलनको विकास हुन पुग्यो (खतिवडा, १९७५:३३६-३९) ।

यसै क्रममा ईशाको पाँचौं शताब्दीताका बंगालका ऋ भूपाल नामक व्यक्ति र छैटौं शताब्दीमा भारतको अयोध्याका अमृतदेव नामका व्यक्ति पूर्वी नेपालको बराह क्षेत्रको भ्रमणमा आएको कुरा उनीहरूका अभिलेखबाट पुष्टि हुन आएको छ। उनीहरूले मन्दिर बनाउने र गुठी राख्नेसम्म व्यवस्था गरेका थिए (खतिवडा, १९७५:३३६-३९) ।

रोमनबाट शुरु भएको यात्राको सभ्यता पाँचौं शताब्दीतिर रोम पतनतिर लागेपछि यात्राको विकास पनि कमी हुँदै गयो । जब चौध पन्ध्र शताब्दीमा पुनर्जागरण काल शुरु भयो अनि मात्र यात्रा क्रममा नयाँ आयाम थपिन पुगे । त्यसबेला इटालीबाट महान् यात्राको अभियान शुरु हुन पुग्यो । पुनर्जागरणको प्रभाव बेलायतमा पनि पर्न गयो । सन् १५६३ तिर त्यहाँ टर्न पाईक सडक (Turnpike road) बनाउन लागियो । बाटो बनेपछि यात्राको क्रम पनि बढेर गयो । यही विकासक्रमले पन्ध्रौं सोह्रौं शताब्दीतिर युरोपेलीहरू बढी मात्रामा यात्रामा निस्कन थाले । त्यतिबेला इटालीको भ्रमण नगर्ने युरोपेलीलाई हेयका दृष्टिले हेर्न

थालियो । यही समयतिर बेलायतमा औद्योगिक क्रान्ति भयो । जसले गर्दा बजारको खोजी र कच्चा पदार्थ सङ्कलनका लागि यात्रा गर्नुपर्ने भयो ।

सन् १७५० देखि १८५० सम्म युरोपेली राष्ट्रहरूमा आधुनिक प्रणालीको विकास हुन पुग्यो । जसले गर्दा गाउँहरू शहरमा परिणत भए । जसले गर्दा यात्रालाई थप बढावा दिन पुग्यो ।

प्राचीनकालको कुरा गर्नुपर्दा यात्रा जीवनयापनको माध्यम थियो भने मध्यकालमा यात्राले मनोरञ्जनका रूपमा प्रवेश पाएको थियो । सन् ११६० मा बेन्जामिन ट्युडेलले आफ्नो यात्राको शुरुवात् गरी १३ वर्षको यात्रामा युरोप, पर्सिया र भारतको भ्रमण गरी राम्रो भौगोलिक विवरण तयार पारे । सन् १२७१ मा भेनिसबाट आफ्नो बाबा र काकाको साथ यात्राको थालनी गरेका मार्को पोलोले पर्सिया, अफगानिस्तान, सुमात्रा, जावा, भारत र सिलोन जस्ता ठाउँहरू घुमी महत्त्वपूर्ण जानकारी सङ्ग्रह गरे । सन् १३२५ मा एवन बाटुटाले आफ्नो जन्मस्थल ट्यागियरदेखि अफ्रिका, पूर्वी एशिया, भारत, मालदिभ्स, श्रीलंका स्पेन र मस्को सम्म पुगे । यसरी सोह्रौं शताब्दीसम्म आइपुग्दा यात्रा व्यापार र धार्मिक उद्देश्य मात्र नभएर शिक्षा आर्जन, मनोरञ्जन र मानव सभ्यताको खोजीतर्फ उन्मुख हुन पुग्यो ।

शुरुमा तीर्थयात्राका रूपमा धर्मशाला र पाटीपौवा थिए । जीवनयापनका लागि घुमफिर गर्ने क्रममा ओढार र गुफामा बस्ने गरेका मानिसहरूले क्रमशः सामाजिक भवन र पाटीपौवाको प्रयोग गर्न थाले । विशेष गरी तीर्थयात्रमा रहेको समयमा धर्मशाला र पाटीपौवा बढी प्रयोग हुने गर्दथे । मानिसको आवतजावतलाई सहज गराउन विश्रामगृहहरू निर्माण हुन थालेपछि आपसी जमघट तीव्ररूपमा विकास भयो । सर्वप्रथम सन् १७७४ मा होटलको शुरुवात् यूरोपबाट हुन थाल्यो । त्यसबेला लर्ड अर्चरको घरमा एउटा पारिवारिक होटल शुरु गरिएको थियो (खतिवडा, २०७३:५५) ।

त्यसपछि विश्वभर होटल स्थापना हुन शुरु गरे । शुरुमा बग्गी, वयलगाडा, टाँगा आदि जनावरले तान्ने पाङ्ग्रा भएका साधन प्रचलन आए । खोला, नदी र समुद्रमा डुङ्गा प्रयोग हुन थाल्यो । पर्यटन विकासको इतिहासमा सन् १८४० पछि ठूलो परिवर्तन आएको पाइन्छ ।

### २.३.२ यात्रा विकासक्रम (सन् १८४० पछिको)

यात्राको शुरुवात् भूमार्गबाट नै भएको हो, किनभने ढुङ्गे युगमा मानवजातिले पैदल हिँडेर नै यत्रतत्र घुम्ने गर्दथे । घोडा, बग्गी, गाडाहरूमा पाङ्ग्राको प्रयोग हुँदै विस्तारै १८

औं शताब्दीमा आएर स्वचालित इन्जिन जडित मोटरको विकास भएको हो। सर्वप्रथम कोइला र वाफले चाल्ने इन्जिनको विकास भएपछि बिजुली र इन्धनले चल्ने साधनको विकास हुन पुगेको हो। वाफले चल्ने पानीजहाजको विकास भई कोइलाले चल्ने रेलमार्गको विकास भएको हो। रेलको विकास सन् १८३० मा भइसकेको थियो भने १८५० तिर मोटरगाडीको शुरुवात भएको थियो (पुरी, २०५७:३७)।

प्रथम विश्वयुद्धपछि मोटरगाडीहरूको उल्लेख्य वृद्धि हुन गएको हो। सन् १८४१ मा नै रेलसेवा (बेलायतमा) विकसित भइसकेको थियो। पर्यटनको विकासमा थोमस कुकले एजेन्टको रूपमा काम गरी सर्वप्रथम ५७० जनालाई लिसेस्टरदेखि लिबेरोसम्म यात्रा गराएका थिए। यो नै व्यावसायिक रूपमा समूहगत रेल यात्रा गराउने पहिलो कदम थियो ( बुर्कोट, १९७६:१५)।

रेलमार्गको यात्रा गराउने क्रममा तिरिने भाडाभन्दा १ सिलिङ कम गरी यात्रीहरूलाई रमणीय ठाउँ देखाउँदै रेल रिजर्व गरी यात्रा गराएका थिए। यसै गरी सन् १८४३ मा ३००० स्कुले विद्यार्थीहरूलाई लिसेस्टरदेखि डर्वीसम्मको यात्रा गराएका थिए। पर्यटनलाई व्यावसायिक रूप दिई सामूहिक यात्राको विकास गर्ने थोमस कुकलाई आधुनिक पर्यटनका पिता भनिन्छ (बुर्कोट, १९७६:१५)।

छिमेकी मुलुक भारतमा पनि सन् १८५३ देखि नै रेल सेवा शुरु भएको थियो। यही क्रममा सन् १९२७ मा नेपाली भूमिमा जनकपुर-जयनगर रेल सेवा शुरु भएको थियो हालसम्म त्यही नै मात्र सीमित छ।

आफू खुसी यात्राको तय गर्न मोटरगाडीले अग्रस्थान लिएको पाइन्छ। छोटो र मध्यमखालको दूरीका लागि मोटरहरू बढी प्रयोग हुने गरेका छन्। विशेष गरी अमेरिका र युरोपका विकसित राष्ट्रहरूमा आधुनिक राजमार्गको विकास भई मोटर गाडीहरू प्रयोगमा आउन थालेका हुन्। नेपालमा भने सन् १९२२ मा मोटर गाडीको प्रयोग हुन पुगेको हो ( खतिवडा, २०७३:१३७)।

पहिले वाष्प र कोइलाबाट चल्ने रेलहरूमा डिजल इन्जिन भएपछि यसको रफ्तार तीव्र हुन पुगेको थियो। सन् १९८१ मा फ्रान्सले प्रतिघण्टा ३८० किमि गुड्ने रेलको विकास गरेको थियो।

अन्तर्राष्ट्रिय सीमालाई विस्तृतीकरण गर्ने काम सामुद्रिक यात्राले गरेको थियो। बेलायतले आफ्नो व्यावसायिक प्रयोजनका लागि पानीजहाजको प्रयोग गर्ने गरेकोमा

मानिसहरूलाई पनि ओसारपसार गर्न शुरु गरेको थियो। बेलायत र जर्मनीले समुद्री मार्गबाट पुग्न सकिने ठाउँहरू तय गरेका थिए। सन् १८०० को दशकमा नै समुद्री मार्गबाट युरोप र उत्तर अमेरिका दुई हप्तामा पुग्न सकिने भएको थियो। सामुद्रिक यात्रालाई व्यावसायिक रूपमा परिचित गराउने काम स्वीडेनका राजा चार्ल्स चौथाले सन् १८२१ तिर गरिसकेका थिए। त्यसपछि बेलायतले सन् १९३४ मा Queen Mary नामको दुई हजार जनासम्म यात्री बोक्ने र छिटो चल्ने पानीजहाज बनाई विश्व कीर्तिमान राखेको थियो। यसकै विकासक्रममा युरोपेली राष्ट्रहरूले वैवाहिक समारोह, हनिमुन र आनन्द लिनका लागि पानीजहाजको प्रयोग गर्न थाले (पुरी २०५७:४१)।

यसरी सुविधायुक्त र छिटो चल्ने जहाजहरू निर्माण भएपछि यात्रा सुलभ र छिटो हुन पुग्यो। यही क्रममा नेपालमा सन् १९४९ मा पहिलो भारतीय विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गऱ्यो। त्यसपछि नेपालमा हवाईजहाजबाट आउने पर्यटकको सङ्ख्या बढ्दै गएको पाइन्छ।

सञ्चार विकासको माध्यमले यात्राको क्षेत्रमा सुनमा सुगन्ध थपेको छ। आकाशवाणीबाट शुरु भएको सञ्चार सेवा हाल इन्टरनेट र इमेलमा परिणत भएको छ। इमेल र इन्टरनेको माध्यमबाट संसारका प्रख्यात पर्यटकीय स्थलबारे आफ्नै कोठाभित्र बसी बसी जानकारी पाउन सम्भव भएको छ।

हाल आएर इन्टरनेटको माध्यमबाट यात्राबारे सम्पूर्ण जानकारी लिने, टिकट बुकिङ गर्ने, होटल बुकिङ गर्ने, खर्चको सम्पूर्ण जानकारी लिने काम हुन थालेका छन्। यातायात र सञ्चारको माध्यमले पर्यटनको विकास बढ्दो गतिमा रहेको छ।

यसका साथै पर्यटनको क्षेत्रमा सहयोग पुऱ्याउन विभिन्न संघसंस्थाहरू र होटल व्यवसायको उत्तिकै देन रहेको छ। विश्व पर्यटन संगठन (WTO) ले विश्वको पर्यटनलाई ध्यानमा राख्दै विभिन्न सभा सम्मेलन गरी एकरूपता ल्याउने काम गरेको छ। यस्तै अन्तर्राष्ट्रिय संगठन IUOTO, PATA, IUOSEIT, IUOTPO पर्यटन विकासको क्षेत्रमा सरिक छन् (खतिवडा, २०७३:७९)।

### २.३.३ सार्क राष्ट्रहरूको पर्यटन

सार्कमा आवद्ध राष्ट्रहरू नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटान, पाकिस्तान, मालदिभ्स र अफगानिस्तान हुन्। यी राष्ट्रहरू पर्यटकीय महत्त्वले प्राकृतिक र सांस्कृतिक

सम्पदाका धनी राष्ट्रका रूपमा चिनिन्छन् । सामूहिक विकासको अवधारणाले गठित यस संगठनको माध्यमले एक-आपसमा राजनीतिक मनमुटाव मत्थर गर्ने बाटो हुन पुगेको छ ।

सन् १९८७ देखि सार्क राष्ट्रहरू प्राकृतिक र सांस्कृतिक विषयको प्रचार प्रसारमा संलग्न रहेको पाइन्छ। त्यस्तै गरी SAARC Audio Visual Exchange Programme (SAVE) सञ्चालन गरी पर्यटन प्रबर्द्धनमा सहयोग पुऱ्याउँदै आएको छ। सन् १९९७ मा बंगलादेशको ढाकामा सम्पन्न सार्क राष्ट्रका पर्यटन मन्त्रीहरूको बैठकले पर्यटन विकास र प्रबर्द्धनको सामूहिक प्रतिबद्धता देखाएका थिए। सन् १९९१ मा SAARC Scheme for Promotion of Organised, Tourism को शुरुवातले सार्क राष्ट्रको सामूहिक पर्यटकीय विकासलाई थप मद्दत पुग्न गयो। यसै गरी सन् २००३ मा काठमाडौँमा सम्पन्न बैठकले SAARC Tourism Working Group को परिकल्पना गऱ्यो। यसको मूल्याङ्कन २००४ को इस्लामावादमा सम्पन्न बैठकमा प्रतिवेदन मूल्याङ्कन हुन पुग्यो। जसले गर्दा सार्क राष्ट्रहरूबीच पर्यटन प्रबर्द्धनका लागि अध्ययन-अनुसन्धान कार्यक्रम र विभिन्न क्षेत्रको भ्रमण आदन-प्रदानको शुरुवात भइसकेको छ। सार्क राष्ट्रमध्ये पर्यटनको क्षेत्रमा भारत अग्र स्थानमा छ। अन्य राष्ट्रहरू आफ्नो स्थिति क्रमिक सुधारको अवस्थामा रहेका छन् ।

सामूहिक विकासको भावनाले गठित सार्क राष्ट्रहरूको संगठनले आपसी सद्भाव कायम राखी पर्यटन क्षेत्रमा उठाएका कदमले सामूहिक पर्यटन विकासमा टेवा पुग्ने नै छ। यसका अलावा समय-समयमा हुने सभासम्मेलन र गोष्ठीले समेत पर्यटनमा थप सहयोग पुऱ्याइरहेका छन् (पुरी, २०६७ : ९७) ।

## २.४ नेपालमा पर्यटनको विकास

### २.४.१ पौराणिक युग

नेपालको पर्यटन विकास सम्बन्धमा खोजी गर्दा विगतमा यस मुलुकमा यात्रा गर्ने र यस मुलुकबाट यात्रामा जाने विवरणका बारेमा जानकारी हुन आवश्यक देखिन्छ। प्राग ऐतिहासिककालीन विवरण बारेमा नेपालको सम्बन्धमा ठोस प्रमाण पाउन सकिएको छैन। तर पनि अनुमानिक आधारलाई नव-पाषणकालीन उपकरण र औजारहरू यसका आधार मानिएको छ। पाषणकालीन युगमा जीवनयापन गर्नका लागि शिकार गर्न र बसोबासका लागि यत्रतत्र घुमफिर गर्नुपर्ने हुनसक्ने अनुमान गर्न सकिन्छ। नेपालमा विभिन्न ठाउँहरूमा नव-पाषाणकालीन प्रस्तर औजार पाइनु र ती सामग्री गोबी क्षेत्र र भारतको आसाम क्षेत्रमा

पाइएका उपकरणसँग मिल्दाजुल्दा हुनुले यात्रा भएको अनुमान गर्न सकिन्छ। सभ्यताको विकासक्रमअनुसार मानिस पशुपालन र कृषिमा संलग्न रहेको हुन सक्ने अनुमानका आधारमा पशुचरन र खेतीयोग्य जमिनको खोजीमा यत्रतत्र यात्रा भएको हुन सक्दछ। विभिन्न पुराण र ग्रन्थहरूमा समेत यात्रा भएका विवरण उल्लेख भएका छन्।

ढुङ्गेयुगपश्चात् मानिसहरू धर्मसँग सम्बन्धित भएको पौराणिक ग्रन्थबाट थाहा पाउन सकिन्छ। नेपालमा पौराणिक कालदेखि हिन्दु धर्मको अनुसरण गरेको पाइन्छ। यसका अलावा बौद्ध धर्मले पनि समान अस्तित्व राख्दै आएका विवरण पाइएका छन्। धर्म पालनाका लागि हिन्दु र बौद्ध धर्म नै नेपालका पुराना धार्मिक परम्परा हुन्। किरातकालदेखि नै नेपालमा धार्मिक सहिष्णुता रहेकाले हिन्दु धर्मका ग्रन्थहरू र बौद्ध धर्मका विवरण प्रमाणका आधार बन्न गएका छन्। नेपाल भनेर चिनिने काठमाडौँ उपत्यकामा भगवान् श्रीकृष्ण द्वारकाबाट आफ्ना ग्वालाहरूका साथ आई राक्षसहरूलाई भगाई उपत्यकाको पानी बाहिर बगाएर काठमाडौँ उपत्यकालाई बसोबासयोग्य बनाएको कुरा पौराणिक ग्रन्थहरूमा पाइएको छ। त्यस्तै गरी मञ्जुश्रीले चोभारको डाँडो काटी काठमाडौँ उपत्यकाको पानी सुकाएर बसोबासयोग्य बनाएको विवरणसमेत चर्चित छ (रेग्मी, १९६०:६९)।

हिन्दु धर्मको शीर्षस्थल पशुपतिनाथको स्थापना ग्वालाहरूले पालेको एक कैली गाईले पशुपतिनाथको ज्योतिर्लिङ्गमा दूध चढाउने गरेको पौराणिकताले हिन्दु धर्म निकट रहेर काठमाडौँ उपत्यका बसोबासयोग्य भएको अनुमान गर्न सकिन्छ। काठमाडौँ उपत्यकामा गोपाल, आभिर र किरातीहरू समेत बाहिरबाट नै आई बसोबास गरेको अनुमान गर्न सकिन्छ। ईशापूर्व कालमा काठमाडौँमा तपस्वी बुद्ध आएका थिए भने पनि प्रामाणिक आधार पाउन सकिएको छैन; तथापि बौद्ध धर्म प्रचारक बौद्ध भिक्षुहरू भने आएका हुन सक्ने अनुमान गरिएको छ।

ईशापूर्व चौथो शताब्दीतिर काठमाडौँमा भारतीय व्यापारीहरू आउने-जाने गरेको कुरा नेपालको कालो कम्बल र राडीपाखी मगधको बजारमा बिक्री हुने गरेको विवरण कौटिल्यको अर्थशास्त्रमा समेत उल्लेख भएको पाइएकाले पुष्टि हुन्छ। यसै क्रममा मल्ल, वृज्जि, शाक्य, कोलिय, कौटिल्य र लिच्छविहरू काठमाडौँ उपत्यकामा आएका र यही बसोबास गरेको हुनसक्ने अनुमान गरिएको छ। जैन आचार्य भद्रबाहु नेपाल भ्रमणमा आएका र नेपालमै मृत्यु भएको भन्ने भनाइ छ।

ईशापूर्व तेस्रो शताब्दीमा भारतीय सम्राट अशोक लुम्बिनी र कपिलवस्तु आएको

विवरण भने सम्राट अशोकले स्थापना गरेको लुम्बिनीको अशोक स्तम्भबाट प्रमाणित भएको छ। काठमाडौंको पाटनमा रहेका ४ वटा अशोक शैलीका पुराना चैत्यका आधारमा अशोक काठमाडौंसम्म पुगे वा उनले बौद्ध धर्म प्रचार गर्न खटाएका व्यक्तिहरू पुगे भन्ने विषयसमेत विवादास्पद छ। तर पौराणिक कालमा नेपाल-भारतबीच आवतजावत, आदानप्रदान, भएका कुरा भने पौराणिक धर्मग्रन्थका अधारमा विश्वास गर्न सकिन्छ। ईशापूर्व कालमा तराईको मिथिला क्षेत्र धार्मिक र शिक्षाका क्षेत्रमा अगाडि रहेको थियो। रामायणकी पात्र सीताको जन्मस्थल र राजा जनकको राज्यको राजधानी रहेको कुरा पौराणिक कथनअनुसार बुझिन आएको छ। धार्मिक परम्पराअनुसार नेपाल र भातरबीचको आवतजावत भएको कुरा भने हालका धार्मिक गतिविधिबाट समेत प्रस्ट हुन्छ (खतिवडा, २०७३:११२-११४)।

### २.४.२ लिच्छवि काल

ईसाको प्रारम्भतिर नेपालमा लिच्छविहरूको शासन भएको मानिएको छ। तर लिच्छवि राजा मानदेवको समयभन्दा अगाडिका प्रामाणिक आधार पाउन सकिएको छैन। ईसाको पाँचौ शताब्दीका राजा मानदेवको समयमा भारतसँगैको सम्बन्ध निकट रहेको र चीन र तिब्बतबाट समेत धार्मिक र व्यापाररिक यात्री आवतजावत गर्ने गर्दथे भनिएको छ। यसै क्रममा ई.सं. ४०३ मा चिनियाँ यात्री फाइयान र ई.सं. ६३६ मा ह्वेन साङ नेपालको तराई क्षेत्रमा आई लुम्बिनी र कपिलवस्तुमा पुगेको भनिएको छ। उनीहरूको यात्रा वृतान्तमा उक्त कुरा उल्लेख पाइएको छ। ताङ वृतान्तमा उक्त कुरा उल्लेख पाइएको छ। ताङ वृतातका अनुसार ह्वेनसाङले आफ्नो वृतान्तमा नेपालका शासक अँचुफामो भनी उल्लेख गरिएकोले अंशुवर्मा हुनसक्ने अनुमान गरिएको छ। (लेभी, १९९६ : ३४१)

ईशाको छैटौं शताब्दीतिर कुतीतिरबाट नेपाल-चीन आवतजावतको मार्ग खोलिएकाले दुवै देशका यात्रीहरू आवतजावत गरेको हुनसक्ने अनुमान गरिएको छ। विदेशी नागरिक शिल्भा लेभीका अनुसार ई.सं. ६४३ मा लिईपियाओ र ६४६ मा वाङ यून्चे नेपाल आएको वर्णन पाइन्छ (लेभी, १९९०:३४१)।

लिच्छविकालको ई.स. ७४२ मा भारतीय नागरिक शान्तरक्षित ७४७ मा पदम सम्भव र ७६० मा कमलशीलले भारतबाट तिब्बत जाने क्रममा नेपालको बाटो प्रयोग गरेका र भ्रमण गरेका कुरा धर्म प्रचारका सिलसिलामा भएको विवरण पाइएका छन्। तिब्बतमा सन् ६२९ देखि ६२० सम्म शासन गरेका राजा स्रङ्चङ्गम्पोले नेपाली राजकन्या

भृकुटीसित ई.सं. ६३५ मा विवाह गरेकाले नेपाल र तिब्बतबीच निकट सम्बन्ध रहेको अनुमान गरिएको छ (शाक्य, १९९७:६३) ।

लिच्छविकालमा तिब्बतमा बोन्पो धर्मको प्रचार थियो । बौद्ध धर्म र बोन्पो धर्मको सम्मिश्रणले तिब्बती लामा बौद्ध भएको भनिएको छ । सन् १०४० मा अतिसा दिपंकर र १०९० मा मिलरिया नेपाल आई बौद्ध धर्मको प्रचार गरेको विवरण पाइएको छ (प्रधान, २०४५:१३६) ।

ईसाको एघारौं शताब्दीसम्म तिब्बतमा लामा बौद्ध धर्म निकै फस्टाएकाले नेपालको उत्तरी भागमा यसको प्रभाव पर्न गएको थियो । त्यस समयमा तिब्बती धर्म प्रचारक धर्मगुरु धर्मस्वामी थिए । त्यसै समयमा नेपालका शान्तिभद्र नामक बौद्ध आचार्यले विज्ञप्ति मात्रतासिद्धि नामक बौद्ध ग्रन्थ तिब्बतमा बसेर तिब्बती भाषामा अनुवाद गरेका थिए भने आनन्दश्री नामक आचार्यले कार्यकारण भावसिद्धि नामक ग्रन्थ तिब्बती भाषामा अनुवाद गरिदिएका थिए । यसरी धर्मको आदनप्रदान र सहयोगका कारण नेपाल, भारत, तिब्बत, चीनबीच विद्वान्हरूको शिक्षा लिने दिने कार्यमा संलग्नता रहेको पाइन्छ (खतिवडा, २०७३:११९) ।

### २.४.३ मल्ल काल

मल्ल कालदेखि नै नेपालमा इसाई धर्मले प्रवेश पाएको थियो । तर यसभन्दा अगावैदेखि ईसाइहरूले नेपालको जनजीवनबारे जानकारी पाएको कुरा लुसियानो पेटिकले लेखेको 'तिब्तबत र नेपालमा इटालियन धर्म प्रचारकहरू' पुस्तकमा साभार गरिएको छ ( पेटिक, २०६०:१) ।

प्राचीनकालमा नै ग्रिक दार्शनिक अरस्तुलाई वनारस छेउबाट गंगा नदी बग्दछ भन्ने जानकारी हुनुले युरोपेलीहरूलाई भारत निकट नेपालका बारेमा जानकारी भएको हुनसक्ने अनुमान गरिएको छ (पेटिक, २०६०:१-७) ।

भारतको साम्राज्य विस्तारमा आएका अलेक्जेन्डर सिकन्दरहरूलाई पञ्जावसम्म राज्य विस्तार गर्दा नेपालबारे जानकारी भयो भने भारतको पाटलीपुत्रमा बस्ने ग्रिक राजदूत मेगास्थानिजले आफ्नो प्रसिद्ध ग्रन्थ Indica मा नेपालको भौगोलिक स्वरूपबारे युरोपेलीलाई जानकारी दिए । यसपछि तोलोमियोले Guide Geografica लेखी सम्पूर्ण विवरण (भौगोलिक) युरोपेलीलाई जानकारी गराए ।

सन् १५८०-१५८३ सम्म युरोपेली जेसुईट आन्तोनियो मोन्सेरातेले मुगल सम्राट अकबरको दरबारमा धर्म प्रचार गर्न पुगी इसाईबारे जानकारी गराएपछि इसाई धर्मप्रचारक नेपालमा प्रवेश गर्न थाले। क्याथोलिक धर्मप्रचारकहरूले इसाको सत्रौं शताब्दीतिर नेपाल र तिब्बतको भौगोलिक अन्वेषण र जनजीविका बारे अध्ययन गरी विवरण तयार गर्न थाले। जसले गर्दा युरोपेलीहरूलाई नेपालबारे जानकारी पाउने आधार बन्यो। पहिलो धर्मप्रचारक युरोपेली काब्राल थिए। उनी १६२८ मा नेपाल प्रवेश गरे भनिएको छ। उनले कान्तिपुर, ललितपुर र भादगाउँका बीच झगडा परेको जानकारी पाई नेपालमा धर्मप्रचारका लागि उपयुक्त अवसर रहेको प्रचार गरे। यसै सिलसिलामा सन् १६६७ मा तत्कालीन नेपालका राजालाई पत्र लेखी नेपालमा मिसन खोल्ने अनुमति मागेको पाइन्छ (खतिवडा, २०७३:१२४-२५)।

शुरुमा कान्तिपुरमा पादरीहरूलाई प्रवेश दिने गरिएको थिएन। सन् १७२२ मा भक्तपुरका राजा रणजीत मल्लले कान्तिपुरबाट धपाइएका पादरीहरूलाई संरक्षण स्वागत गर्न थाले। यसरी काठमाडौंका तीन राज्यहरूले आपसी खिचातानीले पदारीहरू फस्टाउने मौका पाए। धर्मप्रचारकै क्रममा सन् १७१५ मा पादरी हेल्ला पेन्नाले काठमाडौंमा धर्म प्रचार गर्ने मिसन खडा गरे। यिनीहरूबाट औषधीमुलो पाउन सकिन्छ भन्ने आशाले कान्तिपुरका राजा जगज्जय मल्लले यिनीहरूलाई बस्ने कोठासमेत दिए। यही देखेर भक्तपुरका राजा भुपतिन्द्र मल्लले समेत सम्बन्ध स्थापित गर्न थाले।

स्थानीयको विरोधका कारण कान्तिपुरबाट धर्म प्रचारकलाई निकालियो तर भक्तपुरले संरक्षण दियो। भक्तपुरमा पादरी सेराफिनो पनि आफ्नो पैसा सकिएकाले भारतको पटनातर्फ लागे। त्यसबेला यो मिसन बन्द भयो। यसपछि सन् १७३२ मा भादगाउँका राजा रणजित मल्लले पुनः संरक्षण दिन थाले। भक्तपुर र कान्तिपुरमा इसाई धर्म प्रचारकलाई संरक्षण दिइएकाले पाटनका राजा जयप्रकाश मल्लले पाटनमा आई बस्न निम्ता दिए।

### २.४.४ आधुनिक नेपाल (शाहकाल-राणाकाल)

सन् १७५८ मा जुसेप्पे नेपाल उपत्यकामा आएर धर्म प्रचार गर्न थाले। १७६१ मा पृथ्वीनारायण शाहले काठमाडौं अधीनस्थ नुवाकोट जिते। क्रमशः पृथ्वीनारायण शाहले काठमाडौंका तीनवटै राज्य हात पारे। पृथ्वीनारायण शाह कट्टर हिन्दु भएकाले इसाई मिसनरी त्यहाँ बस्न उपयुक्त ठानेनन् र उनले १७६९ मा क्रिश्चियनलाई उपत्यकाबाट

निकाल्ने निर्णय गरे । नेपालबाट बाहिरिएका इसाईहरूमा नेपालभाषीसमेत थिए । तिनीहरूले बेतिया नजिक चुहरी भन्ने ठाउँमा केही जमिन पाएकाले सन् १७७० मा एउटा धर्मशाला र गिर्जाघर बनाई बस्न थाले । जहाँ अहिले पनि नेपाली क्याथोलिकहरू छन् (खतिवडा, २०७३:१२७) ।

नेपाल एकीकरणपछि युरोपेली धर्म प्रचारकलाई उपत्यकाबाट धपाए पनि गोरखालीहरूका पक्षमा लाग्ने र युद्धका घाइतेहरूलाई उपचार गर्नेहरूलाई बस्ने सुविधा दिइएको थियो । कीर्तिपुर युद्धमा घाइते पृथ्वीनारायण शाहका भाइ सुरप्रताप शाहको उपचारमा संलग्न माइकल एन्जोलोलाई विनारोकतोक बस्ने सुविधा थियो ।

सन् १७७२ मा ब्रिटिश इन्डियाका अब्दुल कादि खाँ र मिस्टर टङकन वाणिज्य सन्धिका लागि नेपाल आएका थिए तर पृथ्वीनारयण शाहको कारण सफल हुन सकेनन् । सन् १७७५ मा पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका छोरा प्रतापसिंह शाहले केपुचिन पादरीहरूलाई निम्ता दिएरै बोलाए (वाणिज्य सन्धि) । नेपाल, चीन र तिब्बतबीच लडाइँ हुँदा सहयोग पाउने आशमा उक्त वाणिज्य सन्धि गराएको थियो । त्यसै क्रममा कुटनीतिक सिलसिलामा कर्कप्याट्रिक नेपाल आई बसेको थिए । छोटो समयको बसाइँमा उनले "An Account of Kingdom of Nepal" शीर्षकको इतिहास तयार गरे । त्यसपछि सन् १८०१ मा क्याप्टेन नक्स ५० जनाको टोलीसहित नेपाल आई "An Account of the Kingdom of Nepal" शीर्षकको ग्रन्थ लेखे । १८०१-१८४४ सम्म १५३ जना विदेशी नेपाल भ्रमणमा आएको पाइएको छ (खतिवडा, २०७३:१२७-१३०) ।

सन् १८७२ मा नेपाल र इस्ट इन्डिया कम्पनीबीच सुगौली सन्धि भयो, जसले नेपालमा युरोपेलीहरूको आवत-जावतलाई बढाइदियो । सन् १८४६ मा जङ्गबहादुरले राणाशासन गर्न थालेपछि नेपाली पर्यटकको रूपमा सन् १८५० मा उनका दोभाषेहरू अनफेरेर क्याभेना र ओलिफान्ट लरेन्स लगायत अन्य ४०-४५ जना नेपालीसहित बेलायत र फ्रान्सको भ्रमण गरेका थिए । यसपछि नेपालमा राजनीतिक र कुटनीतिक रूपमा विदेशीहरू नेपालमा आउन थाले । सन् १८८३ मा गिमिर १८९८ मा शिशिल वेण्डाल र वीरशमशेरका पालामा पार्सिभल ल्याण्डन नेपाल आई विभिन्न नेपालको इतिहास लेखेका थिए (लेभी, २०६०, १-३) ।

पृथ्वीनारायण शाहको एकीकरण अगावै नेपाली व्यापारीहरू कुती, केरुङ र ल्हासा पुग्दथे भने नेपालबाट हरिदेव पण्डित, अमदग्नि उपाध्याय ल्हासासम्म गएको पाइन्छ । सन्

१८३० मा नेपाली टोली केहरसिंह बस्नेतको अगुवाइमा ल्हासा गएको पाइन्छ ।

प्रतापसिंहको पालामा नेपाल र चीनका बीच सौगात आदनप्रदान गर्ने चलन थियो । सन् १७९१-९५ नेपाल-चीनबीच युद्ध भई बेत्रावती सन्धि हुन पुग्यो । यसै क्रममा १८५५-५६ मा दोस्रो युद्ध हुन पुग्यो । जसबाट थापाथली सन्धि भई व्यापार वाणिज्यमा नेपाल-चीन र तिब्बतबीच आदानप्रदान हुन थाल्यो ।

सन् १९०८ मा चन्द्रशमशेरले युरोप भ्रमण गरे । त्यसैगरी सन् १९११ मा बेलायती राजा जर्ज पञ्चम र १९२१ मा प्रिन्स अफ वेल्स नेपाल भ्रमणमा आएका थिए । जङ्गबहादुरको बेलायत भ्रमण सन्. १९४९ मा पहिलो चोटी नेपाल विदेशीहरूका लागि खुल्यो । यसअघि पनि केही विदेशी पर्यटक व्यक्ति फाट्टफुट्ट पर्यटक नेपालका हिमाल चढ्न आएका थिए ।

## २.५ सन् १९५१ पछिको पर्यटन

सन् १९५० को क्रान्ति सफल भई नेपालको सम्बन्ध विदेशी राष्ट्रहरूसँग सुदृढ हुन पुग्यो । सन् १९५१ देखि इन्डियन नेशनल एयरवेजले दिल्ली काठमाडौँ उडान शुरु गऱ्यो । सन् १९५३ देखि नेपाल एयर कमर्सियल उडान शुरु हुनाले विदेशी पर्यटक भित्रिने क्रमले बढावा पायो । सन् १९५८ मा नेपाल वायु सेवा निगमले आफ्नो सेवाको शुरुवात गऱ्यो । १९६३ देखि भारत लगायत काठमाडौँ बंगलादेश उडान शुरु भयो । सन् १९७८ देखि नेपालले बोइङ सेवासमेत शुरु गऱ्यो (खतिवडा, २०७३:१२४-१२७) ।

सन् १९५३ मे २९ मा नेपालका तेन्जिङ शेर्पा र न्युजिल्यान्डका एडमन्ड हिलारीले सगरमाथाको सफल आरोहण गरेपछि विश्वमा नेपालको नाम सगरमाथाको देश भनेर पनि चिनिन पुग्यो । सन् १९५६ देखि प्रथम पञ्चवर्षीय योजना शुरु भएकाले सडक विस्तार हुन पुगे । हवाई सेवाको सुचारु हुनुका साथै राजमार्ग निर्माणले तीव्रता पायो । पर्यटन विकासको मेरुदण्डका रूपमा रहने यातायातको विकासले पर्यटन आगमन हरेक वर्ष बढ्दो गतिमा हुन गयो । यसका साथै राजमार्ग निर्माणले तीव्रता पायो । यसका साथै पर्यटन विकासका लागि सन् १९५७ मा नेपाल पर्यटन बोर्डको स्थापना भयो । नेपाल पर्यटन बोर्ड अलग संस्थाका रूपमा रहेको हुनाले यसले पर्यटन प्रवर्द्धनमा काम गरिरहेको छ (सत्याल, १९९९:३५) ।

प्रथम योजनाकालमा पर्यटन विकास समिति गठन भई पर्यटन विकास ऐन वि.सं. २०१४ जारी भयो । सन् १९६२ मा पर्यटन विभाग स्थापना भई पर्यटन सूचना केन्द्र

स्थापना हुन पुग्यो । पर्यटन विकास गर्न सरकारी तवरबाट प्रयास थालिएपछि सन् १९५९ नेपालले प्रथम पटक International Union of Official Travel Organization (IUOTO) को बैठकमा भाग लियो । राष्ट्रसंघको प्रतिनिधि सरहको प्रतिनिधिका रूपमा उक्त मनिला बैठकमा नेपाल पनि छानिन पुग्यो । यसबाट प्रोत्साहित भएर नेपालले पर्यटन, विकासका लागि विदेशी विशेषज्ञ समेत बोलाएर परामर्श लिन थाल्यो ।

नेपाल पर्यटन बोर्डको स्थापनापछि पर्यटकको तथ्याङ्क सङ्कलन गर्न ED CARD प्रयोग हुन थाल्यो । यसबाट कुन मुलुकबाट के कति पर्यटन आए भन्ने जानकारी हुन थाल्यो । त्यसै बेलादेखि Hotel Arrival Form को पनि शुरुवात् भयो । तर पर्यटकबाट हुने आम्दानीअनुसार राजश्व तिर्नुपर्ने भएकाले यसको प्रयोग त्यति प्रभावकारी हुन सकेन ।

सन् १९७० पछिका दशकहरूमा नेपालले पर्यटन सूचना केन्द्रहरू, होटल र ट्राभल एजेन्सीहरू खोल्ने कार्यमा तीव्रता लिएको छ । सन् १९७२ मा UNDP र ILO को सहयोगमा पर्यटनसम्बन्धी विभिन्न तालिम र प्रशिक्षण दिने उद्देश्यले तालिम केन्द्रहरू स्थापना हुन पुगेका छन् । पर्यटन क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित उक्त तालिमबाट हालसम्म २०१८ जनाले तालिम लिइसकेका छन् । निजी स्तरमा समेत Hotel Management विषयवस्तुको पठनपाठन विश्वविद्यालय स्तरको पाठ्यक्रमअनुसार हुने गरेको छ । पर्यटनसँग सम्बन्धित विषयहरू पर्यटन गाइड, ट्रेकिङ गाइड, रिभर र्‍याफ्टिङ, होटल व्यवस्थापन, कुक, वेटर तालिम लगायत हाल होमस्टेको बढ्दो आकर्षणलाई ध्यानमा दिई प्रदेश स्तरीय कार्यक्रमहरू सञ्चालनमा आएका छन् (पुरी, २०६३:२३३) ।

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९९८ लाई नेपाल भ्रमण वर्ष घोषणा गरिएको थियो । यस अनुसार ख्यातिप्राप्त विदेशी व्यक्तिहरूलाई नेपाल ल्याउने र नेपालबाट विदेश भ्रमणमा लैजाने कार्यक्रमहरू हाल प्रचलनमा ल्याइएको छ । सन् २०११ लाई पर्यटन वर्षका रूपमा मनाइ पर्यटन प्रवर्द्धन गर्ने निरन्तरतालाई कायम गरिरहेको छ ।

हाल नेपाल पर्यटन मन्त्रालय मातहतमा रहेर प्रान्तीय कार्यालयहरू स्थापना भएका छन् । ७ प्रदेशमा विभाजित भौगोलिकताका कारण निजी क्षेत्रलाई समेत समावेश गरिएको छ । पर्यटन सम्बन्धी काम गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले केन्द्रीय स्तरको काम गरिरहेको छ । यसरी पर्यटनसँग सम्बन्धित संस्कृतिदेखि लिएर धावनमार्ग सम्बन्धी कार्य समेत यसै मन्त्रालयले हेर्ने गर्दछ । यस मन्त्रालयकै अधिनमा रहेर नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान NATHM नेपाल नागरिक उड्डयन संस्था

CAAN नेपाल वयु सेवा निगम NAC संलग्न रहेका छन् ।

नेपालमा सरकारको नीतिनियम र मातहतमा रहेर सरकारी, प्राधिकरण तथा अर्धसरकारी, संस्थाबाहेक निजी क्षेत्रमा खोलिएका थुप्रै संघसंगठनले पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याइरहेका छन् ।

पर्यटकीय दृष्टिले नेपालमा पर्वतारोहण पछि पदयात्रा महत्त्वपूर्ण मानिन्छ । सन् १९६० ताका कोलोनल जिम्मी रोबर्टसले यसको शुरुवात् गरेका थिए । त्यसपछि यहाँको पदयात्राका बारेमा संसारभर प्रचार हुन पुगेको हो । पदयात्राको सुन्दरता तथा पर्वतारोहणको सुविधाले नेपाल पर्यटकहरूको प्रमुख गन्तव्यस्थल बन्न पुगेको हो (सापकोटा, २०६८:७३) ।

नेपालमा सुन्दर डाँडाकाँडा, वन, वनस्पति, रंगीविरंगी लालीगुराँस फुलेका जङ्गल, तालतलैया, हिाल नदी, खोला, भिर पाखा, चराचुरुङ्गी, वन्यजन्तु, आरक्ष, राष्ट्रिय निकुञ्ज, सङ्ग्रहालय, सांस्कृतिक, भेषभूषा, रहनसहन, चाडपर्व, काष्ठकला, धातुकला, पर्यटकका लागि मुख्य आकर्षणका विषयहरू हुन् । विश्व सम्पदा सूचीमा सुचिकृत ७ स्थानहरूले पर्यटनका लागि थप महत्त्वपूर्ण बनाएका छन् ।

वि.सं. २०१३ देखि शुरु गरिएका योजनात्मक विकास प्रणालीमा पर्यटन क्षेत्रलाई महत्त्वपूर्ण स्थान दिने गरिएको छ । पर्यटक र पर्यटकीय गतिविधिलाई व्यवथित गर्न बेलाबेलामा संशोधनसहित अनेक प्रकारका ऐन, नियमन र नियमावलीहरू बनेका पाइन्छ । तिनीहरूमा पर्यटक ऐन २०३५, अध्यागमन ऐन २०४९ नेपाल पर्यटन बोर्ड ऐन २०५३, अध्यागमन नियमावली २०५१, लगायत पदयात्रा नियमावली, पर्वतारोहण, होटल व्यवसाय, ट्रेकिङ टुरिष्ट गाईड होटल जल बार रेष्टुरेण्ट नियमावली २०३८ जस्ता ऐन, नीति, नियम, नियमावली लागु भईरहेका छन्, जसको परिधिभित्र रहेर सञ्चालन गर्नुले पर्यटन विकासमा सुरक्षात्मक सहयोग पुग्न जान्छ । यस्तै गरी Tourist, Polica तथा स्वर्यसेवक समूह गठन गरी पर्यटन कार्यमा सहजता ल्याउन प्रयास गरिएको छ ।

## २.६ नेपालका मुख्य पर्यटकीय स्थलहरू

नेपालमा धेरै पर्यटकीय स्थलहरू रहेका छन् । हरेक स्थलहरूको आ-आफ्नो पहिचान र विशेषता रेहको हुन्छ । पर्यटकको चाहनाअनुसार कुनै पनि क्षेत्रलाई कति महत्त्वको हो भनी मूल्याङ्कन गर्न सकिँदैन । मानिसको चाहना र इच्छाले नै महत्त्वको निर्धारण गरेको हुन्छ । त्यो पनि हरेक व्यक्तिका चाहना र इच्छा अलग अलग नै रहेका हुन्छन् । यस तथ्यलाई मनन गरेर

रमणीयताका अधिकांश विषयवस्तु रहेको स्थानलाई छनोट गर्नुपर्ने हुन्छ।

जस्तो कुनै पर्यटक पदयात्रालाई विशेष महत्त्व दिई कुनै निश्चित क्षेत्रमा घुम्दछ भने कुनै पर्यटक हिमाल चढ्ने मनसायले प्रवेश गरेका हुन्छन्। तसर्थ समग्रमा नेपाल सम्पूर्ण अधिराज्य नै पर्यटकीयस्थल हो भन्दा अत्युक्ति नहोला। केही महत्त्वका ठाउँहरूलाई मुख्य गन्तव्यस्थलका रूपमा सूचिकृत गरेका विवरणहरू समेत पुस्तक तथा वेभसाईटहरूमा पाउने गरिएको छ (www.booking.com २०७५ भाद्र ११)। त्यसकै आधारमा निम्न अनुसार वर्गीकरण गरिएको छ।

१. काठमाडौँ

२) पोखरा

३) ललितपुर (पाटन)

४) भक्तपुर

५) सगरमाथा

६) चितवन राष्ट्रिय निकुञ्ज

७) अन्नपूर्ण संरक्षण क्षेत्र

८) लुम्बिनी

९. जनकपुर

१०) राराताल

## २.७ पोखरा उपत्यका र पर्यटन

पश्चिमाञ्चल विकास क्षेत्र, कास्की जिल्ला र प्रदेश नं. ४ को राजधानी पोखरा पर्यटकीय दृष्टिले अत्यन्त रमणीय ठाउँ हो। समुद्री सतहदेखि ४२७ देखि ८५० मिटरको उचाइमा रहेको पोखरा नेपाल अधिराज्यको राज्य पुनसंरचनासँगै नेपालको सबैभन्दा ठूलो महानगरका रूपमा स्थापित भएको हो। प्राकृतिक सुन्दरता, सन्तुलित हावापानी, तालतलैयाको शहरका रूपमा चिनिइने पोखरामा हिमालयका दृश्यहरू नजिकबाट देख्न सकिन्छ। माछापुच्छ्रे र अन्नपूर्ण हिमालको प्रतिबिम्ब फेवातालमा पर्ने भएकाले यसको रमणीयता अझ उचाइमा पुगेको छ। पोखरा क्षेत्रको प्राकृतिक दूरबिन स्थलका रूपमा उत्तर पश्चिम १० कि.मि. को दूरीमा सराङ्कोट डाँडा रहेकोले पोखरा घुम्न आउने अधिकांश पर्यटक सराङ्कोट पुग्ने गर्दछन्। मठ, मन्दिर, कला संस्कृति, प्राकृतिक वनावट, गुफा, ताल,

नदी, गल्छी, छाँडाहरूले सुसज्जित पोखरा नेपालका मुख्य दश पर्यटकीय स्थलहरूमा अग्रस्थानमा पर्न आउँछ। कास्की पोखरादेखि मुस्ताङसम्म पुग्ने अन्नपूर्ण पदयात्रा मार्गले यस क्षेत्रको महत्त्वलाई थप उचाइमा पुऱ्याएको छ।

पोखराको पर्यटन आगमनको आँकडा अनुसार सन् १९७७ मा २७४१५, सन् १९९० मा ५९४८८ सन् १९९९ मा १०५५४६ सन् २००८ मा १८७००० हुँदै सन् २०१२ मा २५०००० र सन् २०१८ मा ३६०,००० पर्यटक पोखरा भित्रिएको पाइन्छ। (खतिवडा २०७५ : ५)। यस अनुसार विगत ३० वर्षदेखि हालसम्म १० गुणाले वृद्धि भएको देखिन्छ। यस अनुसार पोखरामा रहेका प्राकृतिक धार्मिक, सांस्कृतिक सम्पदाको यथोचित संरक्षण गरी सेवाप्रदायक संस्थाहरूले आवश्यक सेवा उपलब्ध गराएमा पर्यटन विकासले थप गति लिनसक्ने निश्चित छ। देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने र बेरोजगारी समस्यालाई न्यून गर्न सहयोग पुऱ्याउने पर्यटन व्यवसाय प्रबर्द्धनका लागि सम्बन्धित निकायको ध्यान पुग्न आवश्यक रहेको छ (अधिकारी, २००२:१-२)।

पोखरा नेपालको एक महत्त्वपूर्ण पर्यटकीय स्थल हो। पूर्वमा मादी र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला सिमाना उत्तरमा माछापुच्छ्रे र मादी गाउँपालिका, दक्षिणमा तनहूँ र स्याङ्जा जिल्ला रहेका छन्। जम्मा ४६४.२४ व. कि.मि. क्षेत्रफलमा फैलिएको यस क्षेत्र वरपर अग्ला हरियाली डाँडाकाडा र उत्तरतर्फ माछापुच्छ्रे र अन्नपूर्ण हिमाल नजिकै देख्न सकिन्छ। पोखराबाट माछापुच्छ्रे हिमाल करिब २८ कि.मि. दूरीमा मात्र रहेको छ (उप्रेती, २०१३:१)।

नौ तालको शहरका रूपमा रहेको पोखरामा सेती नदीका गहिरा खोँच, मन्दिर र गुफाहरू, फेवातालभन्दा उत्तरमा रहेको सराङ्कोट, सङ्ग्रहालयहरू, पृथ्वीनारायण क्याम्पस प्राङ्गण, लेकसाईड बजार, पृथ्वीचोक महेन्द्रपुल बजार जस्ता धेरै हेर्न र घुम्नलायक ठाउँहरू छन्। पोखरामा पुरानो बजारका रूपमा चिनिएको गणेश टोलदेखि विन्दवासिनीसम्म पुराना घरहरू देख्न सकिन्छ। जसको बीचमा पर्ने भैरवटोल, पुरानो बजारको केन्द्र मानिन्छ। बसोबासका लागि सन्तुलित हावापानी रहेको पोखरामा जाडो महिनामा ७ डिग्रीदेखि गर्मीमा ३५ डिग्रीसम्म तापमान रहन्छ। धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संयोजन रहेको पोखरामा नेपालमा रहेका अधिकांश जातजातिको मिश्रण बसोबास रहेको छ।

पुरानो बसोबासको थलोका रूपमा गुरुङ, पराजुली, सार्की, पोखेल, कोइराला, कामी,

दमाई, पोडे, अधिकारी र पहारी मुख्य मानिन्छन् । पुर्ख्यौली थलोमा अन्नबाली उब्जाउने परम्परा रहेको यी थरका मानिसहरूको थातथलो अन्य थरका मानिसभन्दा पहिले आएको बुझ्न सकिन्छ । ब्रिटिस र भारतीय सेनामा भर्ती हुने परम्पराको विकास हुन थालेपछि गुरुङ, मगर, क्षेत्री, बाहुन वरपर डाँडाकाँडा र छिमेकी जिल्लाबाट आई बसोबास गरेबाट पोखरामा बस्ती बाक्लो हुन पुगेको हो । आजभन्दा करिब ६०-७० वर्ष अगाडि पोखरामा औलो लाग्छ भनी डाँडाकाँडामा बस्ने प्रचलन रहेको थियो । जसले गर्दा पोखरामा अन्यत्रका गाउँघरभन्दा साह्रै पातलो बस्ती भएको पुराना फोटाहरू र पुरानो पोखराको झलक वेभसाईटहरूमा देख्न सकिन्छ । नेपालको चेरापुन्जीका नामले चिनिने पोखरा क्षेत्रमा वर्षा ऋतुमा नेपालका अन्य भूभागको भन्दा बढ्ता पानी पर्दछ । पोखरालाई रमणीय र पर्यटकीय क्षेत्र बनाउनका लागि यहाँका प्राकृतिक सम्पदा, धार्मिक र सांस्कृतिक विषयवस्तु, चाडपर्व र रीतिरिवाजका साथै होटल, लज, रिसोर्टहरूले महत्त्वपूर्ण प्रभाव पारेका छन् ।

यसरी पर्यटकलाई लोभ्याउने खालका पोखरा वरपर रहेका मुख्य मुख्य स्थलहरूका बारेमा संक्षिप्त जानकारी रहनु आवश्यक देखिन्छ । जसले पोखरालाई महत्त्वपूर्ण पर्यटकीय क्षेत्र बनाउन मुख्य भूमिकाको रूपमा रहेका हुन्छन् ।

### २.७.१ पोखरा उपत्यका क्षेत्रभित्र रहेका मुख्य पर्यटकीय स्थलहरू

सदावहार सन्तुलित प्राकृतिक हावापानी पाइनु पोखराको मुख्य विशेषता हो । यस बाहेक यहीँ रहेका हेर्नलायक विषयवस्तु यसका गहनाका रूपमा रहेका छन् । तीमध्ये पोखरालाई एकै ठाउँबाट नजिक नियाल्न सकिने र हिमालयका दृश्यहरू समेत नजिक देखिने प्राकृतिक दूरविनका रूपमा रहेको सराङ्कोट पर्यटकहरूका लागि मुख्य गन्तव्यस्थल मानिएको छ । यसबारे थप जानकारी अध्याय ३ र ४ मा रहेकाले अन्य स्थलको संक्षिप्त जानकारी यहाँ उल्लेख गरिएको छ ।

#### २.७.१.१. फेवाताल

पोखराको मुख्य आकर्षणका रूपमा रहेको फेवाताल नेपालको दोस्रो ठूलो ताल हो । यसको क्षेत्रफल ४.२५ व. कि.मि. छ । वर्तमान फेवाको बाँधबाट १६ किलोमिटर परिधिभित्र रहेको ४३९ हेक्टर क्षेत्रफलमा विस्तारित र १२३ वर्ग कि.मि. को जलाधार क्षेत्रमा रहेको यस तालले ४६० घनमिटर पानी सञ्चित गरेको छ । त्यही पानीबाट ३२० हेक्टर जमिन सिंचित

हुनुका साथै १ हजार किलो वाट विद्युत् पनि उत्पादन भएको छ । हालको तथ्याङ्कअनुसार प्रतिवर्ष ६.७ हेक्टरका दरले फेवाताल पुरिँदै आएको छ । यही क्रमले गहिरो भाग ३३ मिटरबाट घट्दै १९ मिटरमा आइपुगेको छ (पोखराको जलसम्पदा - ताल विशेषाङ्क २०६५, प्रकाशक - पोखरा उपत्यका ताल संरक्षण समिति, कास्की) ।

फेवाताल कहिले तालको रूपमा विकास भयो भन्ने कुनै यकिन प्रमाण छैन । किवंदन्तीअनुसार हाल फेवाताल रहेको ठाउँमा पहिले घना वस्ती थियो । जुन बेला सेतीनदी बग्ने हालको जस्तो गहिरा खोंच थिएनन् । सेती नदी पोखराका हाल रहेका समतल सबै भूभाग चहार्दथ्यो । त्यसै क्रममा वि.सं. १६५२ तिर हालको फेवाताल भएको ठाउँ फेवा गाउँको नामले चिनिथ्यो । फेवातालको सिरान माझथुम्कीमा सानो ताल थियो । एक दिन सिद्ध र वराहरूपी देवता मानिसको रूप लिई त्यही फेवा गाउँमा साँझपख बास माग्न गएछन् । प्राय: सबै घरका मालिकहरूले बास नदिई कुकुर लगाएर लखेटेछन् । त्यसरी लखेटिदै जाँदा हालको बाराही मन्दिर भएको ठाउँमा बास माग्न पुगेछन् । त्यहाँ एकजोडी वृद्ध दम्पती बस्ने गरेका रहेछन् । उनीहरूले बास दिई आफूले खाना बनाएको समेत खान दिएछन् । ती दुई मानिस राति त्यहीँ सुतेर बिहान जाने बेलामा ७ दिनपछि यो ठाउँ सबै पानीले भरिन्छ । ठूलो बाढी आउँछ । तपाईंहरू अग्लो सुरक्षित ठाउँमा जानुहोला भनेछन् । ती वृद्धा दम्पतीले यो कुरा गाउँभर सुनाएछन् । जतिले विश्वास माने तिनीहरू मात्र त्यो बस्ती छोडेर अन्यत्र बसाइँ सरेछन् । नभन्दै केही दिनमै ठूलो बाढी आई उक्त ठाउँ जलमग्न भएछ । ती वृद्धा दम्पतीहरू बस्ने गरेको छाप्रो नजिक एक सुँढ आकारको ढुंगा देखिएछ । जहाँ हाल बाराही मन्दिर छ । जहाँ फेवाताल शुरु हुन्छ त्यहाँ सिद्धको मन्दिर छ । अनि फेवातालभित्र हाल घरका पर्खाल र ढिकी जाँतो देख्ने गरिन्छ, जसले गर्दा वस्ती पानीले ढाकेको भन्ने निश्चित मान्न सकिन्छ (अधिकारी, २००२:२७) ।

यस्ता किम्बदन्तीहरू यदाकदा फरक-फरक तरिकाले सुनिने गरेका छन् । तर जे भए पनि, फेवाताल जसरी बने पनि यसको संरक्षण गर्न सके मात्र पोखरा र पोखरेलीको भविष्य सुन्दर बन्नेछ । फेवातालमा माछापुच्छ्रे हिमालको प्रतिबिम्ब देखिने हुनाले यो अझ सौन्दर्यपूर्ण हुन गएको हो । फेवाताल र सराङ्कोटको सम्बन्ध परापूर्वकालदेखि रहँदै आएको छ । सराङ्कोट फेवा जलाधार क्षेत्रभित्र पर्ने मात्र नभई यसको सम्बन्ध पर्यटनसँग एकआपसमा अन्तर्निहित रहेको छ ।

### २.७.१.२ रूपाताल

पोखराको मुख्य व्यापारिक केन्द्र महेन्दपुलदेखि पूर्व १८ कि.मि. को दूरीमा रूपाताल रहेको छ। यो ताल १.१५ वर्ग कि.मि. क्षेत्रफलमा लाम्चो आकारमा रहेको छ। वरपर हरियाली जङ्गलको बीचमा रहेको यस ताल संरक्षणको पर्खाइमा रहेको देखिन्छ। यस तालले बिहान, दिउँसो र बेलुका तीन पटक आफ्नो रङ बदल्थ्यो भन्ने पुरानो भनाइ रहेको छ। जैविक विविधताले भरिपूर्ण नावो, नर्कट, सेतो कमल जस्ता वनस्पति र विभिन्न चराचुरुङ्गी, जलचर प्राणीहरूको आश्रयस्थल सुन्दर प्राकृतिक छटाहरूको भावनात्मक प्रतीकको रूपमा यसको नाम रूपाताल भएको हो कि भन्ने समेत अनुमान गर्न सकिन्छ।

रूपाकोट कास्की राज्यको समयमा एक पूर्वी नाकाको रूपमा लिइन्थ्यो। कास्कीकोटका राजाले आफ्ना छोरालाई यस क्षेत्रमा लमजुङबाट हुनसक्ने आक्रमबाट बच्न त्यहाँ खटाएका थिए (ताल विशेषाङ्क, २०६५:२०)।

### २.७.१.३ बेगनास ताल

पोखराबाट पूर्वी दिशामा करिब १५ कि.मि.को दूरीमा यो ताल रहेको छ। करिब ३.७५ वर्ग कि.मि. मा फैलिएको यस ताल कास्कीमा रहेका तालहरूमध्ये फेवापछिको दोस्रो ठूलो ताल हो। यस तालको वरपर हरिया डाँडाहरूले घेरेको हुनाले अत्यन्त रमणीय स्वरूपको देखिन्छ। २०४४ सालमा यस तालको दक्षिणी भागमा बाँध निर्माण गरेपछि यसको साविकको गहिराई ३ मिटर बढेर १०.५ मिटर रहेको मानिएको छ (ताल विशेषाङ्क, २०६५)।

नेपालको भूवनोटअनुसार प्रायः सबै डाँडाकाँडाहरू पूर्व-पश्चिम लमतन्न परेका छन्। तर बेगनासताल उत्तर र दक्षिण फैलिएको डाँडोले घेरिएको छ। पश्चिमबाट बग्ने हावाको बेग यही डाँडोमा ठोकिई कम हुने भएकाले यसको नाम बेगनास डाँडो रहेको र सँगै रहेको काललाई बेगनास ताल भन्ने गरिएको जनश्रुतिहरू रहेका छन्। बेगनास तालवरपर कास्कीका राजाहरूले शिकार खेल्ने ठाउँका रूपमा रहेको मानिन्छ। त्यस ठाउँमा शिकार खेल्ने ऋममा एकजना बूढी आमाले यस ठाउँमा शिकार नगर्नू भनेपछि कास्कीका राजाले राजाका चौतारामा सर्वत पानी खुवाउन गुठी व्यवस्था गरेको खुल्न आएको छ ( सुवेदी, २०६०:४५-४६)।

### २.७.१.४ मैदी ताल

पोखरा महानगरको लेखनाथमा पर्ने मैदी ताल करिब १०५७ रोपनी जग्गामा फैलिएको छ। जसमध्ये सिमसार र आवाद क्षेत्रबाहेक १७ रोपनी जग्गामा पानीको ताल रहेको छ। यस तालमा कराँते र गुँद नामका वनस्पति पाइने गर्दछन्। गुँद औषधीको रूपमा समेत प्रयोग हुन आउँछ। यो लेखनाथको लामास्वाँरा फेदीदेखि डाँडाको मुख, आरूपाटा र रियालेका बीचमा रहेको छ (ताल विशेषाङ्क, २०६५:२०)।

### २.७.१.५ दिपाङ ताल

पोखरा महानगरको लेखनाथमा पर्ने दिपाङ ताल करिब ८ रोपनी जग्गामा फैलिएको छ। दलदले हिलो बढी रहेको यस तालको गहिराइ करिब ३.५ मिटर भएको मानिएको छ। पोखरादेखि पूर्वी दिशा करिब ६ कि.मि. को दूरीमा रहेको यस तालमा जलक्रीडाका लागि चराचुरुङगीको बाक्लो उपस्थिति देख्न सकिन्छ (ताल विशेषाङ्क, २०६५:२२)।

### २.७.१.६ खास्टे ताल

यो पनि पोखरा महानगर लेखनाथमा पर्ने लाम्चो आकारको ताल हो। यस ताल पोखरादेखि करिब ५ कि.मि. दूरीमा रहेको छ। करिब ५ रोपनी जग्गा तालको रूपमा रहेको यस ताल सिंगडा, कमल जरा जस्ता प्रजातिका वनस्पति पाइने भएकाले जन्डिस रोग उपचारमा प्रयोग हुने वनस्पतिका रूपले प्रख्यात छ। घना बस्तीभन्दा पर रहेको हुनाले वनभोजका लागि समेत उपयुक्त ठाउँ मानिन्छ (ताल विशेषाङ्क, २०६५:२३)।

### २.७.१.७ गुँदे ताल

पोखरा महानगर अन्तर्गत साविकको लेखनाथ वडा नं. ४ मा पर्ने बरालडाँडाको बेसीमा यो ताल रहेको छ। गुन्द्री बुन्न प्रयोग हुने गुँद प्रशस्त पाइने भएकाले यस तालको नाम नै गुँदे ताल हुन पुगेको हो भन्ने भनाइ रहँदै आएको छ। करिब ४ रोपनी भूभाग पानीले ढाकिरहने यस तालको संरक्षित क्षेत्रफल २४३ रोपनी मानिएको छ (ताल विशेषाङ्क, २०६५:२३)।

### २.७.१.८ न्यूरेनी ताल

साविकको लेखनाथमा अवस्थित यस ताल खास्टे तालभन्दा उच्च भूभागमा रहेको

छ। यस तालको वरपर चिप्ले न्यूरो प्रशस्त पाइने भएकाले नाम पनि न्यूरेनी रहन गएको हो भन्ने भनाइ छ। यस ताल वरपरको भूभागलाई लिएर करिब १८० रोपनी ताल प्रभावित क्षेत्र मानिन्छ। वरपर जङ्गलले ढाकिएको हुनाले यहाँ चराचुरुङ्गीहरूको जलक्रीडा देख्न सकिन्छ (ताल विशेषाङ्क, २०६५:२३)।

### २.७.१.९ बुडुवा ताल

परापूर्व कालमा बुडुवा तालका नामले चिनिने पोखरा महानगरको वडा नं. १३ पर्ने यस ताल हाल कमलपोखरीका नामले चिनिन्छ। ३८ रोपनी क्षेत्रफलमा फैलिएको यस ताल काहुँडाँडाको दक्षिणपूर्वी फेदीमा रहेको छ। हाल महानगरबाट संरक्षणका लागि बाँध बाँधी सिमांकन समेत भएको यस ताल काँहु फेदी र कार्की डाँडाको फेदीमा पूर्वतर्फ रहेको छ ( ताल विशेषाङ्क, २०६५:२३)।

**तालहरूको उपयोग अनुसार क्षेत्रफल**

| क्र.सं. | तालको नाम | उपयोग अनुसार क्षेत्रफल (हेक्टर) | | | कुल क्षेत्रफल हेक्टर |
|---|---|---|---|---|---|
| | | जल क्षेत्र | गैरकृषि क्षेत्र | कृषि क्षेत्र | |
| १. | फेवा ताल | ५०६.४७ | ३३.२० | १०६.९१ | ६४६.५९ |
| २ | बेगनास ताल | ३०९.०२ | ३.०८ | ११.०२ | ३२३.१२ |
| ३ | रूपा ताला | १२१.७६ | ८.७५ | ३३.४३ | १६३.९६ |
| ४ | मैदी ताल | ०.८३ | २०.०९ | ३२.८८ | ५३.८२ |
| ५ | दिपाङ ताल | १८.७५ | २.८१ | १०.८६ | ३२.४३ |
| ६ | खास्टे ताल | १३.७३ | १.०१ | १०.०४ | २४.८० |
| ७ | निउरेनी ताल | ४.१६ | | २.६३ | ६.७९ |
| ८ | गुँदे ताल | ८.६४ | १.१८ | २.५५ | १२.३८ |
| ९ | बुडुवा ताल (कमल पोखरी) | २.२८ | ०.३१ | ६.८९ | ९.४९ |
| जम्मा | | ९८५.६७ | ७०.४७ | २१७.२५ | १२७३.३९ |

स्रोत जिल्ला वस्तुगत विवरण, तथ्याङ्क कार्यालय, कास्की २०७१

### २.७.२ नदीनाला र छाँगा छहरा

पोखराको गर्भमा लुकेको सेती नदी पर्यटकका लागि हेर्नलायक ठाउँ हो। गहिरा खोँच र गल्छी बनाएर बगेको सेती नदी केआईसिंह पुलबाट लुकेर पृथ्वीनारायण क्याम्पसको पूर्व भागमा देखिन्छ भने त्यहाँबाट रामघाटमा खुल्ला देख्न पाइन्छ। रामघाटबाट खोँचभित्र बगेर ढुँगेसाँगुमा पुगी फुस्रे खोलामा मिसिन्छ। पोखरा हेर्न आउने पर्यटकका लागि यो अत्यन्त रमणीय रहेको छ, जसलाई सेती गर्ज पनि भनिन्छ।

यसरी नै फेवातालको पानी निस्कएर जाने ठाउँमा छाँगा बनेको छ, जसलाई पातले छाँगो वा डेविजफल भनिन्छ। जमिनको तल्लो भागलाई पाताल भनिन्छ। त्यही पातालमा छाँगो भएकाले हुन सक्छ पाताले छाँगो भनिएको। यस सन्दर्भमा एक घटित घटनाको आधारमा डेविज फल भनिएको छ। सन् १९६१ मा स्विस नागरिक दम्पती हालको पातले छाँगोभन्दा केही माथि नुहाउँदै थिए। उनीहरूको साथमा एउटा कुकुर पनि गएको थियो। करिब दिनको २ बजेतिर फेवातालको बाँध खुल्न गयो र पानी जोडले बग्न थाल्यो। त्यो थाहा पाई कुकुर जोडले भुक्यो तर नुहाउँदै गरेका जोडीले पत्तो पाएनन्। तत्काल डेविजलाई पानीले बगायो र त्यही छाँगाको प्वालभित्र पुऱ्यायो। संयोगवश श्रीमान्चाहिँ बचे। त्यस समयदेखि त्यस छाँगाको नाम डेविजफल रहन गयो (उप्रेती, २०१३:४५)।

वर्षात्को समय ठूलो पानीको वहाव भएको समयमा उक्त छाँगोबाट वाफ निस्केर इन्द्रेणी परेको देख्न सकिन्छ। अरू सिजन पनि उक्त छाँगो हेर्नलायक रहेको छ। पोखराका अन्य खोलाहरूमा कालीखोला, फुस्रेखोला, हर्पनखोला सफा पानीका खोलाका रूपले चिनिइन्छन्। यस्तै सफा पानी बग्ने डेविजफल पनि एक हो।

### २.७.३ गुफाहरू

नेपालको पहाडी भागमा ओढार र गुफा प्रशस्त रहेका छन्। तीमध्ये पोखरा क्षेत्रमा रहेका मुख्य मुख्य गुफाहरू निम्न प्रकार छन्।

#### २.७.३.१ महेन्द्र गुफा

पोखरा महानगरपालिका वडा नं. १६ मा रहेको महेन्द्र गुफा महेन्दपुल बजारबाट ६ कि.मि. उत्तर दिशामा रहेको छ। नियमित नगरबस चल्ने यस ठाउँमा राजा महेन्द्रले सन् १९६० मा प्रत्यक्ष अवलोकन गरी विकासका लागि सहयोग कार्यक्रम ल्याएकाले त्यसपश्चात्

महेन्द्र गुफा नामाकरण गरिएको हो । त्यसभन्दा अगाडि यहाँ चमेराहरूको वासस्थान मात्र रहेको ओढारका रूपमा रहेको थियो । यस गुफाको संरक्षण र स्तरोन्नति गरेपछि पोखरामा आउने पर्यटकका लागि मुख्य गन्तव्यस्थल बन्न गएको छ। गुफाभित्र ६० मिटर अगाडि गएपछि देब्रे भागमा बाहिर निस्कन मिल्ने सानो प्वाल रहेको छ। त्यसभित्र भगवान् शिवका लिङ्ग, आकृति र गाईका थुनजस्ता आकारबाट पानी चुहिरेको अवस्थामा देख्न सकिन्छ। यस गुफाको लम्बाइ करिब १२५ मिटर रहेको छ, जहाँ रहेको भित्री भागसम्म पुगेपछि पानी बगेको आवाज सुन्न सकिन्छ (क्षत्री, २०६३:९३) ।

### २.७.३.२ चमेरे गुफा

महेन्द्र गुफा नजिक दक्षिण भागमा अर्को एक गुफा रहेको छ। उक्त गुफाभित्र सयौंको सङ्ख्यामा चमेराहरू रहेका छन। यस गुफा प्रख्यात रहनुमा चमेराहरूको मुख्य भूमिका पाइन्छ। गुफाभित्र पसेपछि महेन्द्र गुफाझैं अनेक आकृति र पानी चुहिरहेको स्पष्ट देख्न पाइन्छ। यस गुफाको लम्बाइ १३५ मिटर र गहिराइ १० मि. छ भने ओढारको उचाइ करिब ६ मिटर जति देखिन्छ। यस गुफामा पनि बाहिर निस्कनका लागि दक्षिण भागमा सानो प्वाल रहेको छ। यसको भित्री भागमा पुगेपछि महेन्द्र गुफाको झैं नदी बगेको जस्तो आवाज सुन्न सकिन्छ।

### २.७.३.३ गुप्तेश्वर महादेव गुफा

पोखराको छोरेपाटन वडा नं. १७ मा रहेको गुप्तेश्वर महादेव गुफा धार्मिक दृष्टिले धेरै महत्त्वपूर्ण मान्ने गरिन्छ। डेविज फलको छाँगाको आवाज स्पष्ट सुन्न सकिने यस गुफाभित्र गुप्तेश्वर महादेवको मूर्ति र गाईको मूर्ति स्थापना गरिएको छ। गुफाभित्र पानीको वाफ हुने र वर्षामा पानी यत्रतत्र हुने भएकाले गुफाभित्र प्रवेश गर्न दुई महिना जति बन्द गरिन्छ। पानीको वहावलाई ध्यानमा दिएर भित्र प्रवेशको अनुमति दिने नदिने गरिन्छ। गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समितिले सक्रियता साथ काम गरेको यस स्थानमा विशेष गरी हिन्दू धर्मावलम्बीहरूको अवागमन बढी हुन्छ। भारतका धेरै तीर्थालु र पर्यटकहरू पोखरा आएपछि विन्दुवासिनी र यहाँ अनिवार्य पुग्ने गरेको पाइन्छ। २०४९ सालमा स्थानीय युवाहरूको सक्रियतामा गुफाभित्र पसेदेखि यसको महत्त्व चुलिन पुगेको हो। यहाँ शिवरात्री, बालाचतुर्दशीमा भक्तजनहरूको ठूलो मेला लाग्ने गरेको छ (उप्रेती, २०१३:४५) ।

#### २.७.३.४ सीता गुफा

पोखरा महानगरको लेखनाथमा रहेको सीता गुफा जुलोजी पार्कसँग जोडिएको छ। यहाँ वरपर घना जङ्गल रहेकाले यस गुफामा जङ्गली जनावर बस्ने गर्दछन् भन्ने गरिन्छ। हालैका वर्षहरूमा यस गुफा परिसर वरपर बालाचतुर्दशीमा सद्विज छर्ने प्रचलन चलिआएको छ।

#### २.७.३.५ हरिहर गुफा

पोखरा महानगरको वडा नं. २० भलाममा रहेको हरिहर गुफा धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ। विशेष गरी बालाचतुर्दशी र शिवरात्रीमा भक्तजनहरूको घुइँचो लाग्ने यस गुफा परिसरमा भगवान् शिवको मूर्ति स्थापना गरिएको छ।

## २.८ मठमन्दिरहरू

पोखरामा रहेका मठमन्दिरहरू पर्यटक आकर्षणका स्थानहरू हुन्। तिनीहरू मध्ये मुख्य मन्दिरहरू निम्न प्रकार रहेका छन्।

### २.८.१ विन्दवासिनी

पोखराको महत्त्व बढाउने मन्दिरको रूपमा विन्दवासिनी मन्दिर निकै प्रचलित रहेको छ। पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुलबाट पश्चिमोत्तर दिशामा रहेको सराङ्कोट जाने उकालोको मुखमा अवस्थित यस मन्दिर कास्कीका राजा कुलमन्डल शाहको समयदेखि शक्तिपीठको रूपमा स्थापना भएको मानिन्छ। कास्की राज्यका रूपमा रहेको समयमा राजा सिद्धिनारायण शाहले भारतको वृन्दाचल पर्वतबाट कास्कीका मानिस पठाई विशाल र शक्तिशाली मूर्ति ल्याउन लगाएका थिए। आफ्नो राज्यको स्थिरता र शान्ति कायम गर्न गराएको उक्त अभियानमा सो मूर्ति कास्कीकोटमा पुऱ्याउने योजना थियो। ल्याउने क्रममा रातिको बास हाल विन्दवासिनी रहेको ठाउँमा हुन गएको र भोलि बिहान उठी सरसफाई साथ भक्तिभाव राखी उक्त मूर्ति उचाल्न खोज्दा जति प्रयत्न गरे पनि नसकिएकाले सोही ठाउँमा नै स्थापित गरिएको भन्ने भनाइ रहेको छ। त्यसपछि राजा सिद्धिनारायण शाहले उक्त शक्तिपीठको नियमित पूजाआजा गर्ने बन्दोवस्त मिलाएका थिए (क्षत्री, २०६३:८७)।

विन्दवासिनी मन्दिर केही उच्च भागमा शिखर शैलीमा बनाइएको छ। मन्दिरभित्र २.५

फिट अग्लो र २ फिट चौडा देवीको मूर्ति रहेको छ। ४ रोपनी जग्गामा फैलिएको उच्च थुम्कामा विन्दवासिनी परिसर रहेको छ। यहाँ प्रत्येक दिन नित्य पूजाआजा गरिन्छ। साथै बडादशैं, चैतेदशैमा बलि दिनुका साथै भाकल पूजा पनि गरिन्छ। देश विदेशबाट आउने श्रद्धालु भक्तजनहरूको यहाँ दिनहुँ घुइँचो लाग्दछ। विन्दवासिनी धार्मिक संरक्षण समिति र पूजा व्यवस्थापन समितिले गुठीबाट प्राप्त आम्दानी र सङ्कलित रकमको सदुपयोग गर्ने परम्परा रहिआएको छ। हाल यहाँ वेदविद्या अध्यापन समेत गराइन्छ (क्षत्री, २०५७:१७)

## २.८.२ भद्रकाली मन्दिर

पोखराको माटेपानी वडा नं. १२ मा रहेको भद्रकाली मन्दिर विन्दवासिनीभैं उच्च थुम्कोमा रहेको छ। यसको स्थापना विन्दवासिनीसँगै भएको अनुमान गरिएको छ। मन्दिर वरपर बाक्लो जङ्गल हुनुका साथै भद्रकाली मन्दिर व्यवस्थापन समितिले दैनिक पूजा व्यवस्थापन गरेको पाइन्छ। मन्दिर परिसरमा गणेश मन्दिर र हुनुमानको मूर्तिसमेत स्थापित गरिएको छ। यस मन्दिरमा बलि पूजा र भाकल पूजासमेत गरिन्छ (क्षत्री, २०६३:९१-९२)।

## २.८.३ तालबाराही

यो मन्दिर फेवातालको पूर्वी भागमा रहेको छ। यसको स्थापना पनि विन्दवासिनीसँगै भएको अनुमान गरिएको छ। तालको भित्री भागमा चट्टान र माटोले बनेको ढिस्कोमा यसको स्थापना गरिएको छ। बाराही मन्दिरभित्र एक वराहको मूर्तिसँगै 'हिंदा सिंह भूपति' लेखिएको र अस्पष्ट मितिसमेत उल्लेखित शिलालेख रहेको छ। प्यागोडा शैलीमा निर्माण गरिएको यस मन्दिरमा बाहिर जोडी सिंहको मूर्ति स्थापित रहेका छन्। करिब १.५ रोपनी क्षेत्रमा फैलिएको ढिस्कोमा बराह मन्दिर स्थापना हुनुले यो ऐतिहासिक, धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ। यहाँ पहारी थरका ब्राह्मणले नित्य पूजा गर्नुका साथै समय समयमा बलि पूजा र भाकल पूजा पनि गरिन्छ। फेवातालभित्र ढुंगा माटोको ढिस्कोमा रहेको हुनाले यसले पोखरा फेवातालको गरिमालाई उच्च बनाएको छ।

यस मन्दिरको जीर्णोद्धार २०१७ सालमा भए तापनि वि.सं. १८६८ मा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहदेवको राज्यकालमा तालबाराहीको नित्य पूजा चलाउने व्यहोराको लालमोहरसमेत प्राप्त भएको छ (सुवेदी, २०६०:३६)।

### २.८.४ नारायणस्थान

पोखरा-३, नदीपुरमा रहेको नारायणस्थान मन्दिर कास्कीका राजा राजशाहीले वि.सं. १५८४ मा स्थापना गरेको कुरा थाहा हुन आएको छ। वि.सं. १९४५ सालमा भएको सनदअनुसार ब्रह्मचारी गणेश गिरीले आफ्नो आश्रम नारायणस्थानमा बनाई जमिन किनेर १२० मुरी खेत किनेर गुठी राखेको कुरा पुष्टि भएको छ (सुवेदी, २०६०:३७)।

नारायणस्थानमा प्यागोडा शैलीको मन्दिर निर्माण गरिएको छ। मन्दिरको गर्भगृहभित्र लक्ष्मीनारायणको मूर्ति राखिएको छ। वरपर अन्य देवीदेवताका मूर्तिहरू स्थापना गरिएका छन्। मन्दिर परिसरमा परम्परागत पूजा गर्ने प्रचलन रहेको छ। नित्य नैमित्य पूजाका साथै सत्यनारायणको पूजा, पुराणवाचन र प्रवचन जस्ता धार्मिक कार्य समय समयमा भइरहने गरेका छन्।

### २.८.५ कास्कीकोट कालिका मन्दिर

पोखरा महानगरपालिका अन्तर्गत वडा नं. २४ मा पर्ने कास्कीकोट एक ऐतिहासिक, धार्मिक एवं पर्यटकीय क्षेत्र हो। यहाँ परापूर्व कालदेखि नै कालिका देवीको पूजा हुँदै आएको छ। कश्यप ऋषिले कालीदेवीको स्थापना गरी पूजा गर्दै आएको र कास्कीमा राजपूत खस राजाले राज्य गर्न थालेपछि यसको नियमितता रहन गएको पाइन्छ। कश्यप ऋषिले गुप्ततन्त्र विधिले स्थापना गरेका हुनाले यसलाई गुप्तकालिका पनि भनिन्छ। मन्दिरको गर्भगृहमा शक्तिरूपा भगवती कालिको मूर्ति राखिएको छ। कास्की राज्यको विलय भएपछि उक्त राजदरबार स्थानमा नै कालिकाको मन्दिर निर्माण हुन पुगेको हो। पहिले हालको कालिका मन्दिर भएको राजाको दरबार र पूर्वपट्टि मौलो रहेको ठाउँमा कालिका मन्दिर रहेको कुरा उल्लेख रहेको छ (सुवेदी, २०६०:२८)।

कास्कीकोटमा बडादशैं र चैतेदशैंमा विशेष मेला लाग्दछ। बडादशैंका सबै दिनहरूमा परम्पागत रूपले पुरानो विधिविधान अनुसार दैनिक पूजा गर्ने प्रचलन यद्यपि कायम नै छ। बलि पूजा र भाकल पूजाका साथै वेद, चण्डी, दुर्गा पाठ गरी दशैंभर धुमधाम बाजागाजाका साथ पूजा गर्ने परम्परा कास्की राज्य स्थापनादेखि नै हुँदै आएको मानिएको छ।

पोखरा आसपासमा यस्ता धेरै धार्मिकस्थलहरू रहेका छन्। फेवा किनारमा रहेको केदारेश्वर महादेव, ढुंगेसाँगुको सदाशिव मन्दिर, नालामुखको भीमसेन मन्दिर, गणेश टोलको गणेश मन्दिरलगायत अनेक मठमन्दिरहरू पर्यटन विकासका लागि आस्थाका धरोहर हुन्।

## २.९ पोखरामा रहेका सङ्ग्रहालयहरू

पोखरामा ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्त्व बोकेका सङ्ग्रहालयहरू रहेका छन् । पर्यटकहरूलाई आनन्द दिनका लागि पाठशालाको रूपमा रहेका यी सङ्ग्रहालयहरूले विज्ञान, कला, इतिहास र संस्कृतिको अध्ययन गर्ने सामग्री साथै मनोरञ्जनका माध्यमका रूपमा पनि मानिन्छन् ।

पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय घारीपाटनमा रहेको छ । यसको स्थापना सन् १९९६ मा नेपाल माउण्टेनरिङ एसोसियसनले गरेको हो । ६ हेक्टर क्षेत्रफलमा फैलिएको यस म्युजियममा पश्चिम पर्वतीय क्षेत्रको सांस्कृतिक झलक देख्न सकिन्छ । सङ्ग्रहालयभित्र पर्वतीय क्षेत्रको जानकारी दिने नक्सा र पुस्तिकाहरू लगायत पर्वतीय क्षेत्रको रीतिरिवाज, भेषभूषा झल्कने पपेटाहरू राखिएका छन् ।

पृथ्वीनारायण क्याम्पस प्राङ्गणभित्र रहेको अन्नपूर्ण प्राकृतिक सङ्ग्रहालय सन् १९६५ मा अमेरिकी नागरिक मिरोज (Mierow's) ले स्थापना गरेकी थिइन् । किटपतङ, पुतली, चराचुरुङ्गी, जनावर र बोटविरुवाहरूको सङ्ग्रह रहेको यस सङ्ग्रहालयमा हिमाल र पहाडी क्षेत्रको जनजीवन झल्किने पपेटाहरू राखिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सहयोगबाट यस सङ्ग्रहालय सञ्चालित छ ।

नयाँ बजारमा रहेको पोखरा प्रादेशिक सङ्ग्रहालय सन् १९८५ फेब्रुअरी १५ मा तत्कालीन राजा वीरेन्द्रबाट समुद्घाटन गरिएको हो । यो २३ रोपनी जग्गामा फैलिएको छ । देशका ५ विकास क्षेत्रमा सङ्ग्रहालय स्थापना गर्ने सरकारी सोचअनुरूप यो सङ्ग्रहालय पश्चिमाञ्चल विकास क्षेत्र पोखरामा स्थापना गरिएको हो ।

यस सङ्ग्रहालयमा पुरानो संस्कृति झल्किने खालका विभिन्न जातजातिका गरगहना, काठका भाँडाकुँडा, हातहतियार, कपडा तथा सामग्रीहरू सजाएर राखिएका छन् ।

पोखराको केआईसिंह पुल नजिक गोर्खा मेमोरियल सङ्ग्रहालय रहेको छ । भूतपूर्व गोर्खा सैनिकहरूले विश्वयुद्धमा प्रयोग गरेका हातहतियार र सैनिकहरूको अवस्था झल्कने खालका विषयवस्तुको सङ्ग्रह गरी यो सङ्ग्रहालय स्थापना गरिएको छ । यस सङ्ग्रहालयको स्थापनाका लागि शुरुमा काठमाडौँ लैनचौरमा रहेको गोर्खा मेमोरियल ट्रष्टले म्यूजियम बनाउने निर्णय गर्‍यो । भू.पू. गोर्खा सैनिक क्या. एकनारायण गुरुङको अध्यक्षतामा लैनचौरमा स्थापना वर्ष १९९६ मा भएको सङ्ग्रहालय पोखरा पार्दी बिरौटामा घरभाडामा लिएर सन् २००१ मा सारियो । पछि ९ जुलाई २००५ मा पोखरा महानगपालिका वडा नं.

१६ दिपस्थित आफ्नै भवनमा सारियो। गोर्खा सैनिकहरूले युद्धको समयमा प्राप्त मेडल भिक्टोरिया क्रस (VC) गोर्खाली बहादूरीको कदरस्वरूप प्राप्त भएका थिए। यो भिक्टोरिया क्रस १३ जना गोर्खाली योद्धाले यो प्राप्त गरेका थिए। सन् १८१४-१६ मा नेपालीले देखाएको वीरता सम्बन्धी भुइँतलामा तत्कालीन सैनिक आवाज र परिवर्तित रङ् देखाइएको छ। पहिलो तलामा गोर्खा पल्टन र भारत स्वतन्त्र भएपछिका विवरण रहेका छन्। दोस्रो तलामा गोर्खा पल्टनले सिंगापुरमा देखाएको मार्च पास र सैनिक आवाज राखिएको छ। दोस्रो तलाको भीसी (VC) कक्षमा ठूलो टेलिभिजनमा गोर्खाज डकुमेन्ट्री राखिएको छ। अर्को कोठामा लाइब्रेरी र अन्य वस्तुस्थिति देखाइएको छ।

सन् १९९० मा स्थापित पोखराको रामघाटमा रहेको तमु (गुरुङ) सङ्ग्रहालय तमु प्ये ल्हु संघ (Tamu Pye Lhu Sangha) को सक्रियतामा बनेको हो। गुरुङ समुदायका भेषभूषा र रहनसहन झल्कने यस सङ्ग्रहालयमा तमु समुदायका संस्कृतिको भाषा र धर्मका बारेमा जान्न खोज्नेका लागि उपयोगी रहेको छ।

यसरी पोखरामा रहेका यी सङ्ग्रहालयहरू पर्यटन आकर्षणका विषयवस्तु समेत हुन् (उप्रेती, २०१३:४१)।

## २.१० गुम्बा तथा स्तुपा

पोखरा क्षेत्रमा बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र स्तुपा रहेका छन्। पोखरा याम्दीमा रहेको जङ्चुव चोइलिङ गुम्बा, कर्मा दुम्बे गुम्बा, माटेपानी, जयकोट, धर्मशिला, बुद्ध बिहार, नदीपुर बौद्ध गुम्बाका रूपमा रहेका छन्। पुम्दीभुम्दी अनदुडाँडामा रहेको विश्व शान्ति स्तुपा पर्यटकका लागि अर्को महत्त्वपूर्ण गन्तव्यस्थल हो। यसर्थ बौद्धमार्गी लगायत जुनसुकै धर्म मान्नेहरूका लागि पनि यी गुम्बा र स्तुपा हेर्नलायक रहेका छन्।

## २.११ जुलोजी पार्क

पोखरा महानगरपालिका वडा नं. ३१ मा नयाँ जुलोजी पार्क निर्माण हुँदैछ। विभिन्न वन्यजन्तु र बनजङ्गल संरक्षण गर्ने हेतुले प्राकृतिक जिओ-कल्चरको प्रबर्द्धन गर्ने उद्देश्यले यो पार्कको निर्माण हुन थालेको हो। करिब १३४ हेक्टर क्षेत्रफललाई लिएर चिडियाघर स्थापना भएको छ। २०७२ सालमा स्थापना भएको यस पार्कमा हाल १८ प्रजातिका चराचुरुङ्गी, स्तनधारी तथा घस्रिने जातका जीवजन्तु संरक्षित रहेका छन्। वन्यजन्तु उद्धार

केन्द्रका रूपमा रहेको यस पार्कमा पर्यापर्यटनको अवधारणाअनुरूप विकास गरिएको छ। पर्यटकको आकर्षण बढाउने उद्देश्यले यसको स्थापना गरिएको हो। पोखरा महानगरका वडा नं. ३०, ३१ र ३२ समेटिएर बनेको यस पार्क वन विभाग र सामुदायिक वन उपभोक्ता समितिद्वारा सञ्चालन गरिएको छ (विनय अधिकारी, अन्तर्वार्ता)।

## २.१२ पर्व तथा जात्राहरू

विभिन्न चाडपर्व र उत्सव जात्राहरूले पर्यटक प्रबर्द्धनमा टेवा पुऱ्याएका हुन्छन्। नेपालमा हरेक महिना कुनै न कुनै पर्व, उत्सव वा जात्रा हुने गर्दछन्। सराङ्कोटमा पनि यी उत्सवहरू मनाइने प्रचलन छ।

जस्तै वैशाख १ लाई नयाँ वर्षका रूपमा मनाइन्छ भने वैशाख कृष्ण पक्ष औंसीलाई मातातीर्थ औंसी वा आमाको मुख हेर्ने दिनका रूपमा मानिन्छ। वैशाख शुक्ल पूर्णिमाको दिन बुद्ध जयन्ती मनाइन्छ। आषाढ शुक्लपक्ष एकादशी, हरिशयनी एकादशीका रूपमा आषाढ तुलसी रोप्ने पर्व मानिन्छ। श्रावण शुक्ल पञ्चमीका दिन नागपूजा गरिन्छ। श्रावण शुक्ल पूर्णिमा जनै पूर्णिमा रक्षाबन्धनका लागि मनाउने गरिन्छ। श्रावण कृष्णपक्ष परेवाको दिन गाईजात्रा पर्व मनाइन्छ। भाद्र कृष्णपक्ष अष्टमीका दिन कृष्ण जन्माष्टमी, भाद्र शुक्लपक्ष तृतीयालाई तीजका रूपमा मनाइन्छ। असोज शुक्लपक्ष प्रतिपदालाई घटस्थापनाका रूपमा लिइन्छ। सप्तमी फूलपाती र दशमी बडादशैं भनी मनाउने चलन छ। कीर्तक शुक्लपक्ष द्वितीयामा भाइटीका तथा तृतीयाको दिन नेपाल सम्वत्को नयाँ वर्षका रूपमा लिइन्छ। कार्तिक शुक्ल चतुर्दशीलाई बाला चतुर्दशी वा सद्विज छर्ने दिन भनी मनाइन्छ। पौष १५ लाई पुसेपन्ध्रम र यसै समयतिर जनवरी १ अङ्ग्रेजी नयाँ वर्ष भनी मनाउने गरिएको छ। माघ १ गते मकरसंक्रान्ति, फागुन शुक्ल पूर्णिमालाई फागुपूर्णिमाका रूपमा मनाउने चलन छ। फागुन कृष्ण पक्ष त्रयोदशीलाई महाशिवरात्री चैत्र शुक्लपक्ष अष्टमीलाई चैतेदशैंका रूपमा मनाउने गरिएको छ। साथै सूर्य उत्तरायण हुँदा वैशाखमा उभौली र दक्षिणायन हुँदा मंसिरमा उधौली पूजा गरिन्छ (उप्रेती, २०१३:५७)।

यसरी यी पर्वहरू मनाउँदा स्वदेशी तथा विदेशी पर्यटकलाई समेत हर्षको अनुभूति भएको हुन्छ।

# अध्याय : तीन

# सराङ्कोटको संक्षिप्त जानकारी

## ३.१ सराङ्कोटको परिचय एवम् भूवनोट

नेपाललाई ७ प्रदेश, ७७ जिल्ला तथा ७५३ स्थानीय तहमा विभाजन गरिएको छ। राज्यको पुनःसंरचना स्वरूप विभाज गरिए अनुसार नेपालको ठूलो महानगर पोखरामा पर्ने सराङ्कोट गण्डकी प्रदेशमा रहेको छ (नेपाल सरकार, २०५७:१-३)। पोखरा महानगर अन्तर्गत वडा नं. १८ मा पर्ने सराङ्कोट १६.२५ व. कि.मि. क्षेत्रफलमा फैलिएको छ। पोखराको मुख्य मन्दिर विन्दुवासिनीदेखि पश्चिम १० कि.मि. मोटरबाटो दूरीमा रहेको सराङ्कोटमा समुद्री सतहदेखि १५९२ मि. उचाइमा भ्यू प्वाइन्ट निर्माण गरिएको छ। पोखरा बजार क्षेत्रसँगै समदूरीदेखि सराङ्कोटको उच्च भाग वाहाकोट १६२५ मि. उचाइसम्म रहेको पाइन्छ (वस्तुगत विवरण, २०६७:२)।

पोखरा क्षेत्रको प्राकृतिक दूरविनका रूपले परिचित सराङ्कोट एक महत्त्वपूर्ण पर्यटकीय स्थल हो। प्राचीन कालमा कास्की राज्यको सुरक्षा किल्लाको रूपमा रहेको यस क्षेत्र हाल प्याराग्लाइडिङका लागि समेत उत्तिकै महत्त्वपूर्ण बन्न गएको छ। वरपर पोखरा महानगरका वडाहरूले घेरिएको सराङ्कोट पूर्वी भागमा पोखरा महानगरका नै वडा नं. २, ३ र ५ पर्दछन्। पश्चिममा ऐतिहासिक कास्की राज्यको समयमा राजमुकाम रहेको कास्कीकोट वडा नं. २४ पर्दछ भने उत्तरतर्फ पोखरा महानगरको वडा नं. २५ हेमजा रहेको छ। त्यस्तै दक्षिणतर्फ पोखराको मुख्य आकर्षणका रूपमा रहेको फेवाताल तथा वडा नं. ६ पर्दछन्। सराङ्कोट एक पहाडी टाकुराको रूपमा रहेको भए तापनि जमिनको सतहको पूर्व पश्चिम तथा दक्षिणमा बसोबासयोग्य गाउँहरू रहेका छन्। उत्तरी भाग ठाडो भिरालो भएकाले घना जङ्गलले ढाकिएको छ।

सराङ्कोट क्षेत्र गाउँले वस्तीले भरिएको ठाउँ हो। यहाँको बसोबास स्थितिले नेपालको पहाडी भूभागको बसाइँलाई प्रतिनिधित्व गरेको छ। पोखरा बजार क्षेत्रसँग सराङ्कोटको पूर्वी र दक्षिणी भाग जोडिएकाले वडाको सिमावर्ती क्षेत्रमा बसोबास निकै बाक्लिएको पाइन्छ। समग्र देशभरको युवा जनशक्ति विदेशिने लहरले यो ठाउँ पनि प्रभावित रहेको छ। जसले गर्दा गाउँघरका उर्वर जमिन बाँझो हुनुका साथै कतिपय घरहरूमा ताल्चा मारेर छाडेको देख्न सकिन्छ। यहाँ बसोबास रहेका मुख्य गाउँहरू सराङ्कोट,

तोरीपानी, पँदेली, गोठादी, ग्यारजाती, मेथ्लाङ, ढकालथर, अरम्जा, सिसाउँदी, भकुण्डे, सेदी, खपौंदी, पामे, लामागाउँ, चिसाखोला, लौरुक, अँधेरी, कुना, चंखपुर, खड्गाथर, मंगरा आदि मुख्य हुन् । साँधी, अरम्जा, पुजारकुना हुँदै समर्खुसम्म पश्चिमी सीमा रहेको सराङ्कोट, कास्कीकोटसँग समदूरीमा रहेका छ । नेपालको मुख्य पर्यटकीयक्षेत्र पोखरासँग रहेर दृश्य अवलोकनका लागि उपयुक्त स्थान भएकाले यस ठाउँको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ (वस्तुगत विवरण, २०६७:९-१३) ।

### ३.१.१ सराङ्कोटको भौगोलिक एवम् प्राकृतिक स्वरूप

प्रकृतिले सराङ्कोटमा अतुलनीय सौन्दर्यता दिएको छ। त्यसैले यो ठाउँ पर्यटकीय गतिविधिका लागि उपयुक्त स्थल सावित भएको हो। सराङ्कोटको डाँडोबाट पानीढलो उत्तरतर्फ करिब ११० डिग्री ठाडो भिरालो भएको हुनाले यस भाग वस्तीयोग्य नभई बाक्लो घना जङ्गलले ढाकिएको छ। दक्षिणी भाग करिब १६० डिग्रीको ढल्काई भएकाले बसोबासयुक्त गाउँ र खेतीयोग्य जमिन रहेका छन् । पूर्वी भागमा पनि मेथ्लाङ, ग्यारजाती, लामागाउँको डाँडा उत्तर दक्षिण गरेर लमतन्न परेको छ। जसले पोखरा उपत्यकाको पश्चिमी सिमाको रूपमा बन्दी गरेको छ। पोखरा उपत्यकादेखि क्रमशः ठाडो भिरालो भएकाले यसको उचाइ १६२५ मि. सम्म रहेको छ। नेपालकै अधिक वर्षा हुने ठाउँ लुम्ले नजिक रहेको हुनाले यहाँ वर्षा पनि बढी नै हुने गर्दछ। यहाँ प्रायजसो हरेक वर्ष चैत्र, वैशाख, जेष्ठ महिनाभित्र असिना पर्ने गर्दछ। जसले गर्दा यस सिजनमा हुने खेतीवालीलाई प्रायः आंशिक क्षति गर्ने गर्दछ। पहाडी डाँडाको रूपमा रहेको सराङ्कोटमा यत्रतत्र जङ्गल तथा बुट्यानले ढाकेको छ। आफ्नो अगाडि दक्षिणी भागमा फेवाताल रहेको हुनाले ताल वरपरका फाँटहरू यस क्षेत्रका मुख्य खेतीयोग्य जमिन हुन्। अन्य पहाडी भिरालो भागमा पनि बढी वर्षा हुने हुनाले यहाँ अनिकाल पर्दैन।

पोखरा नजिकको उच्च पहाडी टाकुरो भएकाले यहाँबाट पोखरा उपत्यका लगायत धवलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु तथा गणेश हिमालका शृङ्खला स्पष्ट देख्न सकिन्छ। यसका अलावा पञ्चासे, अनदुडाँडाको बौद्ध स्तुपा, काहुँडाँडा, मट्टीखान डाँडा, रूपाकोट, हेमजाकोट, पाउँदुरकोट, अर्मलाकोट लगायत पोखरामा रहेको फेवाताल एकसाथ देख्न सकिने भएकाले पोखरा घुम्न आउने पर्यटकहरूको लागि एक महत्त्वपूर्ण गन्तव्यस्थल बन्न पुगेको हो। त्यसैले सराङ्कोटलाई दार्जिलिङको टाइगरहिल जत्तिकै रमणीय छ भनी तुलना गरिएको छ (ठाकुर, २०५७:३) ।

### ३.१.२ सराङ्कोटको ऐतिहासिक पृष्ठभूमि

फेवातालको उत्तरी धुरीलाई सराङ्कोट भनिन्छ। यो ठाउँ प्राचीनकालमा ऋषिमुनिहरूको तपोस्थल भएको मानिएको छ। यसको जीवन्तता चिसाखोला वेदविद्याश्रमलाई लिन सकिन्छ। नेपाल खण्डित र भुरे टाकुरे राज्य रहेको समयमा कास्की राज्यको सुरक्षा किल्लाको रूपमा रहेको सराङ्कोट भग्नावशेषका रूपमा रूपान्तरित भएको छ। कतिपय भग्नावशेषहरू पनि यकिन गर्न असम्भव प्रायको स्थितिमा छन्। ऐतिहासिक महत्त्वका विषयवस्तुको संरक्षण नभएकाले यसको पौराणिक इतिहास मेटिइँदै गएको छ। सराङ्कोटमा करिब १०० वर्ष अगाडिको हाराहारीसम्म कोतघर रहेको र त्यहाँ विभिन्न हातहतियार र औजारहरू राख्ने गरिएको सराङ्कोटका वयोवृद्ध समाजसेवीहरूको भनाइ छ ( सुवेदी, २०६०:४१)।

सराङ्कोटमा २००७ सालभन्दा पहिले ८ फुट अग्लो, २०० मिटर गोलो, ३ हात जति चौडा पर्खालको घेरा थियो भने त्यसभित्र २-४ फुटसम्म देखिने मोटा र टुप्पिएका ढुंगा गाडिएका, ५०-६० थान पुराना खुकुरी तरबार र त्रिशुल थिए। इशान्यकोणमा मोटा सालका मौला र घण्टहरू झुण्ड्याएका थिए। कुनै घण्टामा अक्षरहरू पनि थिए। ज्यादै पुराना हुँदा तिनीहरूमा निलो खिया लागेको थियो। दक्षिणबाट भित्र पस्ने विशाल दुर्ग थियो। त्यो ढुंगे किल्लाको अगाडि पनि मौलो गाडी ध्वाजा पतका टाँगिएका हुन्थे। त्यस मौलोमा भाकल पूजा गर्नेहरूले बलि चढाउँथे। पञ्चबलि दिँदा बाखाका पाठा, भेडीका थुमे, हाँस, कुखुरा, परेवाका भाले, राँगा चढाइन्थ्यो (सुवेदी, २०६०:४२)।

हालको भूमेकालिका स्थानमा ५ फुट गहिरो र ३ फुट गोलो खाडल थियो। त्यसमाथि सानो खोपी थियो। त्यहीँ नै भूमे कालिकाको पूजा गरिन्थ्यो। खोपाको माथिल्लो पाटामा यज्ञ गर्ने मण्डल बनाइएको हुन्थ्यो। त्यहाँ हाल पनि प्रत्येक बडादशैं घटस्थापनाका दिन घडा थापी दशैंभरि पूजा गरिन्छ। कास्कीकोटमा झैं सराङ्कोटमा पनि दैनिक पूजा, वेद चण्डी, रुद्री पाठ, भूमेकालिका सप्तधान्य, महाकाली, महालक्ष्मी, महासरस्वती स्थापना गरी कलश र जमरा राखी भैरव, चण्डी देउराली, झाँक्री स्थानीय देवताहरूको नवरथाभर पूजा गरिन्छ। पहिले सप्तमीको फूलपाती श्री ५ मा पुऱ्याउने तारतम्य गरी भक्त र दर्शकलाई प्रसाद बाँडिन्थो। त्यो बेला चारै दिशा कर्नाल बजाएर सूचना दिने प्रचलन थियो। विजयादशमीमा पनि कर्नाल बजाएर टीका थाप्ने शुभ साइतको सङ्केत सबै बासिन्दालाई दिइन्थ्यो। हाल यो परम्परा कास्कीकोटमा मात्र रहेको छ। सराङ्कोटमा शरदमा खामो जत्रो

लिंगो गाड्ने र गृष्म ऋतुमा फ्याँक्ने परम्परा थियो। २००७ सालपछि त्यहाँका ऐतिहासिक वस्तुहरू चोरी भए। पर्खालका ढुंगा र ठूला चप्लेटी ढुंगाहरू पनि बाँकी रहेनन्। किल्ला विरूप भयो। ऐतिहासिक जानकारीमात्र बाँकी रह्यो (सुवेदी, २०६०:४२)।

सराङ्कोटमा अनिकाल, खडेरी, बाढी, महारोग, पशुरोग, सलहको प्रकोप, असिना, चट्याङ जस्ता महामारी फैलिएमा त्यसबाट बच्नका लागि शिव-गौरी, विष्णु-लक्ष्मी, इन्द्रायणीको ज्योतिष विद्याअनुसार कार्यकाल परीक्षण गरी कोटमा पूजा गरी समाधान गर्ने प्रचलन थियो। हाल उक्त विधि ओली पूजा र गुठीयार पूजाका रूपमा रहेको छ।

यहाँको भौगोलिक स्वरूपले गर्दा नै सराङ्कोटको पर्यटकीय महत्त्व बढेको हो। यसमा ऐतिहासिक पक्ष जोडिएमा अझ प्रभावकारी हुनेछ। प्राकृतिक सुन्दरता र ऐतिहासिक सम्बन्ध जोडिएमा पर्यटनले स्थायित्व लिन सक्दछ। तथ्यगत प्रमाणका अभावमा चलनचल्तीमा आएका परम्परागत भनाइ र चालचलन नै प्रमाणका रूपमा उभ्याउनु पर्ने हुन्छ। कास्की छुट्टै राज्यको रूपमा रहेको समयमा सराय खेल खेलिने ठाउँ भएकाले सराङ्कोट नामाकरण हुनु कास्की राज्यमा रहेका राजपरिवार र सुरक्षा सैनिकका लागि आवश्यक दुग्धजन्य पदार्थ पूर्तिका लागि सराङ्कोटको गोठादीमा गाईगोठ रहेको आधार अनुसार गोठादी नामाकरण हुनुका साथै कास्कीकोट र सराङ्कोटमा बडादशैं तथा चैते दशैंमा गरिने पूजा पद्धति एउटै हुनु यस ठाउँका भर पर्दा प्रमाणका आधार मान्न सकिन्छ। जसले सराङ्कोटको ऐतिहासिकताको प्रतिनिधित्व गर्दछन्। कास्कीका राजाको हिउँदे बसाइँ बाटुलेचौर रहेको र गाईगोठ समेत हिउँदमा बाटुलेचौर, अर्मलामा राखिने परम्परा रहेको इतिहासका स्रोतहरूमा उल्लेख पाइन्छ। उक्त परम्परा पृथ्वीनारायण शाहको कार्यकाल अगाडिदेखि जङ्गबहादुरको राणाकालसम्म पनि रहेको कुरा गाईगोठको रखवाला सम्बन्धी प्रमाणहरूले समेत पुष्टि गरेको पाइन्छ (सुवेदी, २०६०:२३६-२४१)।

कास्कीकोटमा घलेहरूले राज गरिरहेको ठाउँमा ठकुराई राज्यका रूपमा खड्गाउँकोटमा पहिलो राजा खड्का कुँवर भएको उल्लेख पाइन्छ। परापूर्वकालमा पहाडी भेगका टाकुराहरूमा मगर तथा घलेहरूले राज गरेका प्रमाण पाउन सकिन्छ। लिच्छविकालपछि केन्द्रीय शासन नेपालका दुर्गम स्थानमा पुग्न नसकेकाले हरेक ग्रामीण भेकमा स-साना राज्य रजौटा स्थापना हुन पुगे। त्यसरी स्थापित भएका राजाहरूलाई सिमसिमे राजा भन्ने प्रचलन कास्कीमा यद्यपि कायमै छ। खड्गाउँकोटका खड्का कुँवहररुलाई राज्यको सुरक्षा व्यवस्था हेर्ने जिम्मा दिई राजा कुलमण्डन शाहले

कास्कीकोटबाट एकीकृत राज्य सञ्चालन गर्न ह्याङ्जाकोट, अर्मलाकोट, रूपाकोट, पाउँदुरकोट, धम्पुस देउरालीकोट, चापाकोट, सराङ्कोट जस्ता ठाउँहरूमा सुरक्षा किल्ला राख्ने गरेको भनाइ रहँदै आएका छन। प्रायः कोटहरूमा घलेहरूले राज गर्ने गरेकोमा उनीहरूलाई हटाई कास्कीकोटबाट एकीकृत राज्यको शुरुवात् भएको हो भन्ने भनाइ हालसम्म पनि किंवदन्तीका रूपमा रही आएको छ। यही परम्परालाई 'घले मारी शाही रजायों' भन्ने भनाइ कास्कीमा कायम नै छ (पौडेल, २०६१:१०९)।

इतिहासशिरोमणि बाबुराम आचार्यका अनुसार भारतमा भएको मुसलमानी आक्रमणबाट बच्नका लागि राणाजी रावका कान्छा छोरा भूपाल राणाजी राव रिडी (नेपाल) आइ बसे। उनका दुई छोरा खाचा खान र मिचा खान मध्ये कान्छा मिचाखानले नुवाकोट ( स्याङ्थजा) बसी राज्य सञ्चालन गरे। यिनकै सन्तान जगती खानका छोरा कुलमण्डन ( विचित्र खान) ले कास्कीकोटमा आई ठकुराई राज्य स्थापना गरेका हुन् भनिएको छ (मेची-महाकाली भाग ३, २०३१:३०९-३११)।

कास्की राज्यमा कुलमण्डन शाह अगाडि कति राजाहरूले राज गरे भन्नेबारे कुनै प्रमाण आधार पाउन सकिएको छैन। नेपालको इतिहासमा गोपाल, महिषपाल पछि किरातीहरू सत्तामा आएका हुन् भन्ने भनाइ छ। सराङ्कोटको नामाकरण समेत किराँती भाषा अनुसार भएको मानिएको छ (विष्ट, २०३९:१३)।

नेपालको इतिहास सम्बन्धी प्रमाण समेत विदेशी लेखकहरूका भनाइलाई आधार मान्नुपर्ने भएकाले अन्य राज्य रजौटाको इतिहास खोज तथा अनुसन्धानकै विषय हुन्। यसमा पनि कास्की राज्यअन्तर्गत रहेको सराङ्कोटसमेत कुनै समयमा सानो राज्यका रूपमा रहेको थियो भन्ने कुरा अपुष्ट प्रमाणहरूका आधारमा मानिँदै आएको छ। कास्की राज्यले आफ्नो सुरक्षाका लागि छिमेकी राज्य रजौटासँग सम्बन्ध राख्नुपर्ने अवस्था सिर्जना भएको थियो। कुलमण्डन शाहपछिका चौथो पुस्ताका राजा राज शाहको वैवाहिक सम्बन्ध पर्वत-बागलुङमा रहेको थियो। उनको विवाह पर्वत राजखलकका प्रभु मल्लकी छोरी कल्याणवतीसँग भएको थियो (गौतम, २०४४:१५-२३)। यसरी नै राजा राज शाहले आफ्नो छोरी मैयाँको विवाह पर्वतका राजखलकका कल्याण मल्ललाई दिएका थिए। त्यसैले राजा राज शाहको पालमा कल्याण मल्ललाई सराङ्कोट क्षेत्रका ७०० घरधुरी थपौला दिई गल्कोटे सेना ल्याएर सराङ्कोटबाट राज्य सञ्चालन गरेका थिए भन्ने भनाइ रहेको छ। त्यसैले सराङ्कोट पनि सानो राज्यको राजमुकाम रहेको थियो भन्ने अनुमान रहेको छ (गौतम, २०४४:१५-२३)।

### ३.१.३ सराङ्कोटको नामाकरण

किरातहरू नेपालका पुराना शासक हुन् भन्ने मान्यता रहिआएको छ । किराती (राई-लिम्बू) भाषामा सराङ भनेको पहाडको उच्च भाग हो । त्यसअनुसार यस ठाउँको नाम सराङ्कोट भएको हुनसक्छ (विष्ट, २०३९:१४) ।

योगी नरहरिनाथका अनुसार श्रृङ्गी ऋषिले तपस्या गरेको ठाउँ हालको सराङ्कोट क्षेत्र थियो । तिनै ऋषि श्रृङ्गीको नामबाट श्रृङ्गीकोट हुँदै अपभ्रंस भएर सराङ्कोट नाम रहन गएको हो भन्ने भनाइ रहन गएको छ (इतिहास प्रकाश भाग ३, २०१३ :६७) ।

सराँय खेल एक प्रकारको युद्धकला सम्बन्धी खेल हो । युद्धमा भाग लिने योद्धाहरूले पर शत्रुहरूको आक्रमण रोक्न हतियारसहित खेलिने खेल कास्की राज्यका राजाको समयदेखि हालसम्म पनि खेल्ने गरिन्छ । कास्कीकोटदेखि सराङ्कोटसम्म डाँडैडाँडाको बाटो प्रयोग गरी खेलिने गरेको यो युद्ध अभ्यास खेल केही वर्ष अगाडिसम्म सराङ्कोटसम्म खेल्ने गरिएको थियो । हाल यो खेल कास्कीकोट वरपरमात्र खेल्ने गरिएको छ । कास्कीराज्यको सुरक्षा किल्ला हालको सराङ्कोटमा रहेको र त्यही ठाउँसम्म हरेक बिहान सराँय खेल खेल्ने गरिएको थियो भन्ने भनाइ हालसम्म सराङ्कोटका बासिन्दाहरूको रहेको पाइन्छ । यही खेलको नाम सराँयबाट सराङ्कोट हुन पुगेको हो भन्ने मान्यता रहेको पाइन्छ ।

यी सबै मान्यता सराङ्कोट नामाकरणका लागि उत्तिकै महत्त्वका रहेका छन् । तर स्थानीय बासिन्दाहरूले सराँय खेलको नामबाट सराङ्कोट हुन पुगेको हो भन्ने धारणा राखेको पाइएको छ ।

## ३.२ सराङ्कोटमा पाइने हावापानी, वनस्पति र वन्यजन्तुहरू

सराङ्कोटको धरातलिय स्वरूप समुद्री सतहदेखि करिब ८०० मिटरबाट १६२५ मिटरसम्म रहेको छ । त्यसैले उच्च भागको हावापानी र तल्लो भागको हावापानी फरक रहेको छ । कास्की जिल्लाको समग्र क्षेत्रफलको ०.८% भूभाग ओगटेको सराङ्कोटको उच्च भागमा समशीतोष्ण र तल्लो भागमा अर्धउष्ण हावापानी पाइन्छ । नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्रमा रहेको हुनाले यहाँ बाह्रै महिना शीतल भएको महसुस गर्न सकिन्छ । यहाँको बसोबासयुक्त भूबनोट दक्षिण पूर्व फर्किएको हुनाले जाडो मौसममा पनि त्यति जाडो भएको महसुस हुँदैन । गर्मी मौसममा पनि शीतल हावा बगिरहने हुनाले गर्मी पनि हुँदैन । सानो क्षेत्रको रूपमा रहेको भए तापनि यहाँ खोंच, भन्ज्याङ, टापु, मैदान, खर्क, गह्रा तथा

फाँटहरू रहेका छन् । जमिनको बनोटअनुसार माथिल्लो भागमा चिलाउने, कटुस, उत्तिस, बाँस, निगालो, पाखुरी, बडहर, खन्यु, पैंयू, चुलेत्रो, मौवा, तिजु, लप्सी, दमौरा, काफल, टाँकी, भ्याउनु, बिलाउने, बर, पीपल, स्वामी जस्ता रुखबिरुवा लगायत केरा, मेवा, निवुवा, कागती, सुन्तला, भोगटे, वेलपत्र जस्ता फलफूलका बोटविरुवा रहेका छन् । तल्लो भागमा साल, डुम्री, काइँयो, असुरो, तीतेपाती, बकाइनु जस्ता रुखविरुवा पाइन्छन् । जडिबुटीको रूपमा, गाइखुरे पखनावेद, जोगी, लहरो, छतिवन, अविजालो, चौटाजोर, मुड्कुलो, हड्चुर क्याउनु, आकाशवेली जस्ता बोटविरुवाहरू प्राकृतिक रूपमा नै मौलाएको पाउन सकिन्छ । यो ठाउँ फेवातालको जलाधारीय क्षेत्र भएकाले संरक्षित वन पनि त्यतिकै फस्टाएको पाइन्छ । हाल यहाँका खेतीयोग्य भूभाग समेत वनवुट्यान तथा झाडीले ढाकिएका छन् ।

जङ्गली जनावरहरूमा मृग, चितुवा, स्याल, लोखर्के, दुम्सी, खरायो, लंगुरे बाँदर, मलसाँप्रो, ओद, रातो बाँदर, भालु, बनबिरालो आदि पाइन्छन् । चुराचुरुङ्गीहरूमा डाङ्ग्रे, भँगेरा, काग, गौथली, चिर्बिरे, न्याउली, ढिकुर, विउकुयो, टोकटोके, तित्रो, कालिज, काल्चे, चिवे, जुरेलो, चिल, गिद्ध, लामपुच्छ्रे, गोलसिमल, भद्राई, फिस्टो, कोकले, कुक्कु, मलेवा, परेवा, बकुल्ला, सुगा, माटीकोरे, बम्डाई, हयूचुल, चमेरा, पहेली लगायत बसाई आउने जाने विभिन्न प्रजातिका चराचुरुङ्गी देख्न सकिन्छ । यसका साथै धेरै प्रजातिका पुतलीहरू र फट्याङ्ग्राहरू पनि यहाँ पाउन सकिन्छ (सुवेदी, २०६०:१०) ।

यहाँका वनपखेरीमा ऋतुअनुसारका फुल कोपिला हरियालीमा चुराचुरुङ्गीको कोकिल आवाजको मिश्रण हुँदा बिहान सूर्योदय हेर्न आउने पर्यटकहरूका लागि अत्यन्त रमणीय बन्न पुग्दछ । प्रकृति र वातावरणको मेल सन्तुलित भएको यस ठाउँमा एकपटक मात्र पुगेका पर्यटकको लाीग पूरा धित मरेको हुँदैन ।

## ३.३ सराङ्कोट क्षेत्रको सामाजिक संरचना

सराङ्कोट क्षेत्र मुख्य त ब्राह्मण, क्षत्रीको बाहुल्यता रहेको ठाउँ हो । योगी नरहरिनाथका अनुसार कास्कीकोट र सराङ्कोट परापूर्वकालदेखि नै तपस्वी ऋषिहरूले आश्रय लिएको ठाउँका रूपमा उल्लेख छ । कास्कीकोटमा कश्यप ऋषि र सराङ्कोटमा श्रृङ्गी ऋषिले तपस्या गरेका हुनाले यी ठाउँहरू पवित्र भूमिको रूपमा रहेको मानिन्छ ( योगी, २०१३:६७) ।

सराङ्कोट, कास्कीकोट र धम्पुसमा पहिले कुसुण्डाहरूको बसोबास रहेको थियो ।

त्यसैले यहाँ बच्चाहरूलाई फकाउन, फुल्याउन कानथैले आउँछ भन्ने परम्परा हाल पनि रहेको पाइन्छ (अधिकारी र सेडन, २००२:१०)।

राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कुल जनसङ्ख्या ८३५४ रहेकोमा हाल २०७५ मा वडाले गरेको सर्वेक्षणअनुसार कुल घरधुरी २०५० मानिएको छ। जसमा कुल जनसङ्ख्या १०,२८० मध्ये पुरुष ५१०७ र महिला ५१७३ रहेका छन्। यहाँ बसोबास गर्ने जातजातिहरूमा मुख्य बाहुन, क्षेत्री, गुरुङ, मगर, दमाई, कामी, सार्की, नेवार, थकाली, संन्यासी, भोटे, जलारी, तामाङ, राई, लिम्बू, कुमाल, गाइने, मुसलमान, ठकुरी आदि रहेका छन्। पोखरा बजार क्षेत्रसँग जोडिएको भूभाग फेवातालको सिरान समर्खुदेखि बगर विन्दवासिनीसम्म नयाँ बस्ती विकास तीव्र गतिमा भएको छ। त्यसैले सराङ्कोट क्षेत्रभित्र बसोबास गर्नेको सङ्ख्या बढ्नुले विभिन्न जातजातिको मिश्रण हुन पुगेको छ। वि.सं. २०३०-३५ सालतिर तराईमा बसाईंसराइ गरी जानेको सङ्ख्या अत्यधिक रहे पनि हाल आएर बजार क्षेत्र नजिक वस्ती बाक्लो भएको देख्न सकिन्छ।

यहाँ बसोबास गर्ने सम्पूर्ण जातजातिको मुख्य भाषा नेपाली नै हो। पुरानो बसोबासको रूपमा रहेको मगरा गाउँमा मगरहरूको बसोबास भए तापनि उनीहरू मगर भाषाको प्रयोग गर्न जान्दैनन्। बरु गुरुङहरूले यदाकदा आफ्नो भाषाको प्रयोग गर्ने गरेको पाइन्छ। विभिन्न जातजातिहरू भए तापनि हिन्दु धर्म संस्कारअनुसारका चाडपर्व, मेला, उत्सव नै यहाँका मुख्य संस्कार रहेका छन्। हिन्दु र बौद्धमार्गीहरूको मुख्य वर्चश्व रहेको यस ठाउँमा अन्य जातजातिका संस्कारहरू नगन्य रूपमा रहेका छन्। हालका वर्षहरूमा केही मानिसहरू क्रिश्चियन धर्ममा गएकाहरू समेत पुनः आफ्नै धर्म संस्कारमा आवद्ध हुन थालेको देखिएको छ।

हिन्दू धर्म अन्तर्गत सराङ्कोटका पुराना बासिन्दाहरूको आफ्नो छुट्टै मौलिक परम्परा रहिआएको छ। जसअनुसार ओली पूजा र गुठियार पूजालाई लिन सकिन्छ। यस बारेमा सम्बन्धित शीर्षकमा उल्लेख गरिएको छ (वडा प्रतिवेदन, २०७६)।

## ३.४ सराङ्कोट र कास्कीकोटको अन्तरसम्बन्ध

नेपाल खण्डित र टुक्रे राज्य रहेको समयमा चौबीसे राज्य गण्डक प्रश्रवण क्षेत्र अन्तर्गत कास्की एक राज्यका रूपमा रहेको थियो। उक्त समयमा सराङ्कोट कास्की राज्यको महत्त्वपूर्ण सुरक्षा किल्लाका रूपमा रहेको थियो। कास्कीकोटमा कास्की राज्यको

राजमुकाम थियो भने सराङ्कोटमा कास्की राज्यको सुरक्षार्थ रक्षकहरू बस्ने किल्ला तथा प्रशासकीय एकाइ थियो। त्यसमा पनि हरेक बिहान कास्कीकोटदेखि सराङ्कोटसम्म रक्षकहरू परेड खेल्ने, युद्ध अभ्यास गर्ने काम गर्दथे। सराङ्कोटको कोतघरमा युद्ध सामग्रीहरू राखिन्थे। त्यसैले सराङ्कोटलाई कास्की राज्यको पूर्वी सुरक्षा गौँडाको रूपमा लिइएको थियो।

उक्त खण्डित भुरे टाकुरे राज्यहरू भएको समयमा एकआपस राज्यहरूबीच झैझगडा र खिचातानी भइरहन्थ्यो। त्यस समयमा नेपाल भन्ने खास नाम गरेको राज्य पनि थिएन। नेपालभित्र अनेकौं राज्यहरू निर्माण भएर एकआपसमा लडाभाँती गरेको समय थियो त्यो। नेपाल भनेर काठमाडौँलाई माने पनि त्यहाँ पनि तीनवटा मल्ल राज्यहरू थिए ( कार्की, २०१२:३)।

सराङ्कोट कास्की राज्यको सुरक्षा किल्ला मात्र नभई कास्कीकोट दरबारमा दुग्धजन्य पदार्थ आपूर्ति गर्ने गाई गोठ रहेको ठाउँ थियो। जहाँबाट हरेक दिन साँझ-बिहान दरबारमा दुध गोरस पठाइन्थ्यो। गाईगोठ रहेको ठाउँलाई हाल पनि सराङ्कोटको गोठादी भनेर चिनिन्छ। उक्त परम्परा जङ्गबहादुरको राणाकालसम्म सरकारी रेखदेख र उन्नत जातका बहरहरू ल्याउने गरेको आधारमा यस कुराको पुष्टि हुन गएको छ (सुवेदी, २०६०:२३२)।

हाल पोखरा नजिकको मुख्य पर्यटक गन्तव्यस्थलका रूपमा रहेको सराङ्कोट एक दुई दिनको पदयात्रा गर्न चाहने पर्यटकहरूले ऐतिहासिकस्थल कास्कीकोटलाई पनि लिने गरेको पाइन्छ। हरेक वर्ष बडादशैं र चैतेदशैंमा गरिने पूजा महोत्सव पनि सराङ्कोट र कास्कीकोटमा समानता रहेको छ।

## ३.५ सराङ्कोट क्षेत्र विकासका लागि स्थापित गुठी र सनदसवाल

कुनै ठाउँ कत्तिको महत्त्वको छ भन्ने बारे त्यस ठाउँमा परापूर्वकालदेखि चलिआएका परम्परा संरक्षणका लागि स्थापित गरिएका गुठी व्यवस्था पनि जिम्मेवार हुन्छन्। नेपालमा विशेष महत्त्वका ठाउँको परम्परा नियमित गर्नका लागि राजा मानदेवको पालादेखि गुठी व्यवस्था कायम रहँदै आएको पाइन्छ (भण्डारी, २०६९:६३)। प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सामाजिक महत्त्वका ठाउँहरूको संरक्षणका लागि गुठीको व्यवस्था हुने गरेको हो। विभिन्न मठमन्दिर, पाटीपौवा तथा सामाजिक महत्त्वका विषयमा स्थापित गुठीहरूको राज्य पक्षाट प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन। देशमा आएको राजनैतिक परिवर्तनको

प्रभाव गुठी व्यवस्थामा पर्न गएको पाइन्छ । समग्र राष्ट्रमा स्थापित गुठीसम्बन्धी कार्यान्वयन पक्ष स्पष्ट नभए झैं कास्की जिल्लामा रहेका गुठीहरूको पनि कुनै स्पष्टता पाउन सकिएको छैन । कतिपय गुठी जग्गाहरू रैकरमा परिणत भएका घटनाहरू हाम्रो सामु रहेका छन् ।

कास्की जिल्ला अन्तर्गत पोखरा महानगरको वडा नं. १८ सराङ्कोटका लागि तीन शीर्षकमा गुठी रहेको कुरा जानकारीमा रहेको छ । जिल्ला मालपोत कार्यालय कास्कीबाट प्राप्त स्रोतका आधारमा प्रा.डा. दिलबहादुर क्षत्रीद्वारा लिखित 'डकुमेन्टस् अन नेपाल' शीर्षक पुस्तकमा उक्त गुठीको विवरण रहेको छ, जसलाई परिशिष्ट नं. ४ मा उल्लेख गरिएको छ । जसअनुसार सराङ्कोट पौवा गुठी वि.सं. १९९७, सराङ्कोट भैरव गुठी वि.सं. १९९८ र सराङ्कोट नाला गुठी वि.सं. १९९८ रहेका छन् ।

यसरी सामाजिक महत्त्वका विषयमा स्थापित गुठी कहाँ के-कति छन भन्ने बारे सम्बन्धित वडा नै अनविज्ञ रहेको पाइएको छ । आगामी दिनहरूमा उक्त गुठीको प्रभावकारी उपयोग हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

## ३.६ सराङ्कोट र पोखराको पर्यटकीय सम्बन्ध

सराङ्कोट पोखरा महानगरभित्रको नै एक वडा हो । पोखरालाई उपयुक्त पर्यटकीय स्थल सावित गर्न यहाँ रहेका प्राकृतिक, धार्मिक तथा ऐतिहासिक ठाउँहरूको मुख्य भूमिका रहेको छ । विभिन्न स्वदेशी तथा विदेशी लेखक, विद्वान्, विदुषीहरूले पोखराको रमणीयताको प्रशंसा र प्रचारप्रसार गरेका छन् । समयको गतिसँगै पर्यटनको प्रकृति र स्वरूपमा परिवर्तन आएझैं पोखराको पर्यटनले पनि समग्र राष्ट्रको पर्यटन व्यवसायमा महत्त्वपूर्ण हिस्सा ओगटेको पाइन्छ । पोखरालाई मुख्य पर्यटकीय ठाउँ बनाउन पोखरामा हुने मुख्य पाँच गतिविधिलाई मान्ने गरिएको छ । त्यसमा पनि मुख्य त सराङ्कोटबाट गरिने दृश्यावलोकन तथा प्याराग्लाइडिङ पर्दछन् । यसअनुसार पोखरा घुम्न आउने पर्यटकहरूका लागि सराङ्कोट एक उपयुक्त गन्तव्यस्थल मानिएको छ । जसरी फेवातालले पोखराको गरिमालाई उचाइमा पुऱ्याएको छ, त्यसरी नै सराङ्कोटले पनि पोखरालाई विश्वसामु चिनाएको छ । यो ठाउँ सूर्योदय र सूर्यास्तका दृश्य हेर्नका लागि उत्तिकै प्रख्यात छ । नेपालमा हिमाल आरोहण खुल्ला गरिएपछि फ्रान्सेली नागरिक Maurice Herzong ले सन् १९५० मा अन्नपूर्ण प्रथम हिमाल तथा अन्नपूर्ण चक्रीय पदमार्गको जानकारी विश्वभर गराएका थिए । उनले नै अन्नपूर्ण पदमार्गको प्रवेश द्वार पोखरा हो भनी उल्लेख गरेका थिए (सापकोटा, २०६८:३६) ।

पोखरामा आउने अधिकांश पर्यटक सराङ्कोट पुग्ने गर्दछन् । त्यसैले पोखराको पर्यटनमा आएको प्रभाव सराङ्कोटमा पर्ने गर्दछ । हाल आएर पोखराको यात्रा सराङ्कोटमा नपुगेसम्म अधुरो मान्ने गरिएको छ ।

## ३.७ सराङ्कोटमा पर्यटनको ऐतिहासिक पृष्ठभूमि

नेपालको व्यावसायिक एवम् व्यवस्थित रूपमा पर्यटनको विकास एवम् पर्यटन गतिविधिको इतिहास त्यति पुरानो छैन । विकसित युरोपेली राष्ट्रहरूबाट शुरुवात् हुन पुगेको पर्यटन नेपालमा प्रजातन्त्र प्राप्तिपछि मात्र व्यावसायिक रूपमा विकास भएको हो । नेपालमा रहेका हिमशृङ्खला र प्राकृतिक सुन्दरताले लोभ्याउने दृश्य विदेशीहरूको नजरमा परेपछि यहाँको सुन्दरताको वर्णन विदेशमा हुन गयो । शुरुमा व्यापारिक प्रयोजनका लागि विदेशीहरूले गरेका अनुसन्धान प्राकृतिक सौन्दर्यतासँग जोडिन पुगे । छिमेकी राष्ट्र भारतमा ब्रिटिसहरूको आधिपत्य रहेको समयमा चीन र तिब्बतमा व्यापार गर्ने उद्देश्यले नेपालको बाटो प्रयोग हुन थाल्यो । यसै क्रममा क्रिस्टोफर भोन फुरर हेमिनडोर्फले तिब्बत र भारतबीच व्यापरका लागि पोखरा बुटवल-पोखरा-जोमसोम हुँदै जाने बाटोको अन्वेषण गरे, जसले गर्दा पोखरा मुख्य ट्रान्जिट हुन पुग्यो (गुरुङ, २००७:१३१) ।

पोखरा आउने पहिलो विदेशी पर्यटक भनेर जापानी भिक्षु इकाई कावागुचीलाई मानिएको छ । उनले सन् १८९९ मा काठमाडौँबाट पोखरा हुँदै तिब्बत पुगेका थिए । आफ्नो यात्रा संस्मरण 'थ्रि इयर्स इन टिबेत' नामको पुस्तकमा "हिमालयको मेरो सबै ठाउँको यात्रामा पोखरामा मलाई लोभ्याउने दृश्य मैले देखेँ, त्यस्तो दृश्य अन्त कहीँ पनि देखिन" भनी उनले पोखराको प्रशंसा गरेका थिए (गुरुङ, २००६:६२) । त्यस्तै फ्रान्सेली नागरिक मोरिस हेर्जोगले पोखरा नजिकको अन्नपूर्ण प्रथम हिमाल आरोहण गरी पोखरा र अन्नपूर्ण क्षेत्रको जानकारी विश्वजगत्मा गराए । हुन त हिमाल आरोहणका लागि विदेशीभन्दा नेपाली नै अगाडि थिए । नेपालका नागरिक करवीर बुढाथोकी र हर्कवीर थापाले सन् १८९४ मा नै स्विजरल्याण्डमा रहेको हिमाल (क्यारीडानस्टकको उक्त चुली १०७९१ फिटलाई गोर्खा चुलीका नामले चिनिन्छ ।) को सफल आरोहण गरिसकेका थिए (गुरुङ, २००६:६२) । सन् १७९३ मा काठमाडौँ भ्रमण गरेका विलियम कर्कप्याट्रिकले सबैभन्दा पहिला पोखराको वर्णन गरेका थिए । त्यस्तै केही समयपछि फ्रान्सिस बुकानन ह्यामिल्टनले, हेनरी एम्ब्रोज ओल्डफिलले, डि.ले. एफ. नेवालले पोखराको सुन्दरताका बारेमा लेखेका थिए । स्विस

नागरिक भूगर्वविद् डा. टोनी हेगनले सन् १९५० मा नेपालका पहाडी भूभाग १४००० किलोमिटर पैदल यात्रा गरी 'नेपाल द हिमालयन किङ्डम' नामक पुस्तकमा पोखराको रमणीयताबारे विस्तार गरेका छन् (गुरुङ, २००६:११८-१३८) ।

सन् १९६६ मा पोखरा र अन्नपूर्ण क्षेत्रको पदयात्रा सामूहिक रूपमा कोलोनल जिम्मी रोवर्टसले गरेका थिए । त्यसपछि १९६०-१९८० सम्मको दशकमा पोखरा र अन्नपूर्ण क्षेत्रमा प्रशस्त विदेशीहरूले भ्रमण गरेका थिए । सो समयमा हिउँदे बाटोको रूपमा पोखरा, हेमजा फेदी हुँदै जाने बाटोलाई मानिन्थ्यो भने वर्षे बाटोको रूपमा पोखरा, सराङ्कोट, नागडाँडालाई मान्ने गरिएको थियो । व्यावसायिक रूपमा होटल लजहरू पर्याप्त नभएकाले पर्यटकहरूले पाल टाँगेर बस्ने गर्दथे । सन् १९७०-१९८० सम्मको दशकमा सराङ्कोटको डाँडाभरि रङ्गीविरङ्गी पालहरूले सजिएको हुनाले बिहानीपख निकै रमाइलो देखिने गरेको स्थानीय बासिन्दाहरूको भनाइ रहेको छ । हालको जस्तो मोटरबाटोको सुविधा नभएकाले सन् १९८५ देखि सन् १९९० सम्म सराङ्कोटमा पर्यटन व्यवसायको उल्लेख्य प्रभाव थियो । पर्यटकको बसाई नै सराङ्कोटमै भएको समयमा राम्रो प्रभाव परेको स्थानीय व्यवसायीहरूको भनाइ रहेको छ । पोखराको पर्यटनको प्रत्यक्ष प्रभाव सराङ्कोटमा पर्नु स्वाभाविक पनि हो । किनकि सराङ्कोट पोखरा नजिकैको रमणीय स्थल हो । पोखरालाई नै हेर्न पनि सराङ्कोट पुग्नुपर्दछ । दृश्य अवलोकन र प्याराग्लाइडिङका लागि उपयुक्त स्थल मानिएको सराङ्कोटमा हाल केबुलकार, आराध्यदेव शिव मन्दिर, राष्ट्रिय विभूतिपार्क, भ्यूटावर निर्माणको क्रममा रहेका छन् । सराङ्कोटमा यातायातको सुविधा भएपछि त्यहाँ रात बिताउने गरी बस्ने पर्यटकहरूको कमी हुन पुगेको छ । पर्यटकीय सुविधाका स्रोत साधन पोखरामा भएका र नजिकको यातायात सुविधाको दूरीमा पोखरा रहेकोले बसाई कमी हुन पुगेको हो । हाल सराङ्कोटमा सुविधासम्पन्न होटल, लज, रिसोर्टहरू निर्माण हुन गइरहेका छन् । आन्तरिक पर्यटनको चाप बढ्दै गएकोले यहाँ बसाई गरी रात बिताउने पर्यटक स्वदेशी नै बढी हुने गरेका छन् । यसका साथै हाल चलिरहेको होमस्टेको प्रचलनले यहाँ रात बिताउने पर्यटकहरू बढ्न थालेको पाइन्छ ।

सराङ्कोटमा मोटरबाटो पुग्नु अगावै बसोबासयोग्य होटलको सङ्ख्या पनि कम भएको समयमा सराङ्कोटको खाली डाँडाभरि रङ्गीविरङ्गी पालहरू टाँगिएर फूल फुलेजस्तो देखिन्थ्यो । पोखराबाट जोमसोम लगायत हिमाली क्षेत्रमा जानका लागि सराङ्कोट-नागडाँडाको बाटो बढी प्रयोग हुने गर्दथ्यो । वर्षायाममा पोखरा-हेमजा-फेदीको

बाटो उपयुक्त नहुने भएकाले सामान ढुवानी गर्ने घोडा खच्चडहरू एकाबिहानै घण्टी बजाएर सराङ्कोटबाट हिड्ने गर्दथे । गोराहरू यत्रतत्र हिँडेको देख्दा एक फरक खालको खुसीयाली छाएको हुन्थ्यो । सीमित मात्रामा होटल-लज भएकाले सबै होटल-लज पर्यटकले खचाखच भरिएका हुन्थे । स्थानीय बासिन्दाहरूले रोजगारी पाएका हुन्थे । स्थानीय उत्पादनको बजार खोजी गर्नुपर्ने थिएन । त्यसैले आवाद कमोत पनि बढी नै हुने गर्दथ्यो । सन् १९८० देखि १९९० सम्मको अवधि यस ठाउँका लागि उल्लेख्य रहेको कुरा व्यवसायीहरू बताउँछन् (रामप्रसाद तिमिल्सिना, अन्तर्वार्ता) । सन् १९८५ मा पहिलो बसोबासयोग्य होटल भ्यू टप स्थापना भएपछि अरू होटल-लज पनि ५ वर्षभित्र थप हुन पुगे । ५ वर्षभित्र करिब १०/१२ वटा होटल-लज स्थापना भएपछि त्यहाँ बसाइँ गर्ने पर्यटकको चाप बढ्दै गयो । त्यस बेलाको अवस्था स्मरण गर्दा सपना जस्तो लाग्छ भनी पहिलो होटल स्थापना गर्ने लेखबहादुर थापा बताउँछन् । सराङ्कोटमा पर्यटक आवतजावतको सङ्ख्यात्मक लेखाजोखा हालसम्म पनि छैन भने त्यसबेलाको आँकडा उपलब्ध हुने अवस्था रहेन । पर्यटन विकासका लागि विभिन्न पूर्वाधार तयार भएका छन् । नयाँ नयाँ सुविधासम्पन्न होटलहरू बनिरहेका छन् ।

## ३.८ सराङ्कोटको सांस्कृतिक स्वरूप

सराङ्कोटलाई श्रृङ्गी र कश्यप ऋषिको तपोस्थल मानिएको छ । त्यसैले यो भूमि पवित्र तपोभूमिका रूपमा मानिन्छ । यही नियमितताको स्वरूप चिसाखोला वेदविद्याश्रमलाई मान्न सकिन्छ । हाम्रा धर्म, संस्कृति र पम्परालाई जीवित राख्न सकेमात्र भोलिका सन्तति अनुशासित बन्न सक्दछन् । त्यसैले संस्कारगत लोकपम्पराको जगेर्ना गर्नु हामी सबैको दायित्व हो । सराङ्कोटमा चलिआएका पुराना परम्पराहरू छोटिदै गएका छन् । जसले गर्दा भोलिका दिनहरूमा यो नामेट हुने सङ्केत मान्न सकिन्छ । ऐतिहासिक विषयवस्तु तथा सामग्री भोलिका सन्ततिलाई बुझाउनु पर्ने नासो हुन् भन्ने भावना राख्नु आवश्यक छ । नेपाल निर्माणका शिलान्यासकर्ता पृथ्वीनारायण शाहले आफू अशक्त भई मर्ने बेलामा उपदेश दिएका थिए । अन्तिम समयतिर नुवाकोट पाउ लाग्नु भएको समयमा आफ्ना गुरु पुरोहित, थरघर, भैयाद, भारदार, आफ्ना ददा सुरथसिंह राना लगायत बुढापाका समक्ष हुकुम भएको एक अंश : “बुढा मरै भाषा सरै भन्छन्, तिमीहरू सबै छेउ सुनाई गयाको भया तम्रा सन्तानलाई सुनाउँला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउन् र यो राज्य थामि षानन्” (आचार्य, २०७०:१३) ।

यसरी हाम्रा चलिआएका परम्परा पनि हामीहरूले नै भावी सन्ततिमा सार्दै जानुपर्दछ। हाल चिसाखोलामा संस्कृत, वेद वेदान्तको अध्ययन अध्यापन हुँदै आएको छ। सराङ्कोट स्थित पोखरा चिसाखोला वेदविद्यामका संस्थापक गुरु प्रेम चैतन्य ब्रह्मचारीका उत्तराधिकारी चेला अग्निहोत्री पण्डित, वेदगुरु स्व. केदारनाथ उपाध्याय तिमिल्सिनाको निस्वार्थ सेवा, वैदिक यज्ञ, वैदिक ज्ञान, वेद, रुद्री सन्ध्योपासन सार स्वर सहित ९६ वर्षको उमेरसम्म पनि निःशुल्क पढाइरहेका थिए । जुन संस्कार, संस्कृति र संस्कृतलाई जीवन्त राख्ने प्रयासले मूर्तरूप लिएको छ। उक्त प्रशंसनीय कार्य भागवत्को सोह्रौं अध्यायमा उल्लेखीत श्लोक आकर्षित पाउन सकिन्छ।

अभय सत्वसंशुद्धिर्शनयागव्यवस्थिति : ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् । ।१
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् । । २
तेजः क्षमा ऋतिः शौचमद्रो हो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमाथिजातस्य भारत । ।३
(भागवत् गिता यथारूप, १९९७:६१३)

सनातन वैदिक सभ्यतामा सत्य र शाश्वत विद्याको मूल स्रोत वेदलाई मानिएको छ। वेद संसारको सबैभन्दा प्रथम ग्रन्थ हो। नेपालमा वेद र संस्कृतलाई कम महत्त्वमा राखिए पनि जर्मनीजस्ता देशले संस्कृत विश्वविद्यालय सञ्चालन गरेका छन्। वेदकै आधारमा कतिपय वैज्ञानिकहरूले अनुसन्धान गरिरहेका छन्। अमेरिका तथा वेलायतले पनि संस्कृत विधाको उत्खनन गर्न शुरु गरिसकेका छन्। संस्कृत विद्या उत्थानका लागि नेपलामा पनि नेपाल संस्कृत विश्वविद्यालय रहेको छ। सराङ्कोटमा रहेको पोखरा चीसाखोला वेदविद्याश्रममा गुरुकुल विद्याश्रम सञ्चालन गरी हजारौं विद्यार्थीहरूलाई संस्कार र संस्कृतिसहितको शिक्षा प्रदान भइरहेको छ। संस्कृत र संस्कार जगेर्नाका लागि वि.सं. १९९९ सालदेखि नियमित रूपमा यस वेदविद्याश्रम सञ्चालनमा आइरहेको छ।

## ३.९ सराङ्कोटको समिदा वन र पर्यटनको सम्बन्ध

सराङ्कोटको गोठादी नजिक माल्छा भन्ने ठाउँमा रहेको वनलाई समिदा वनको नामले चिनिन्छ। हिन्दु धर्म संस्कारअनुसार समिदा भन्नाले पूजापाठ, यज्ञ-यज्ञादिमा होमन

गर्न बालिने दाउरा भन्ने बुझिन्छ । यसबाट के सङ्केत पाइन्छ भने कास्की राज्यका रूपमा रहेको समयमा यही जङ्गलबाट समिदाको प्रयोग हुने भएकाले निश्चित भूभाग छुट्याई जङ्गल संरक्षण गरिएको रहेछ । कास्की राज्यको गाईगोठ रहेको  ठाउँ नजिक रहेको यस जङ्गल हाल सामुदायिक वन अन्तर्गत पर्दछ । सराङ्कोटमा परापूर्वकालदेखि नै समिदाको लागि वन छुट्याइँदै आएको परम्पराको जीवन्त रूप चिसाखोला वेदविद्याश्रमको समिदा सम्बन्धी जिल्ला वन कार्यालयको अनुमति पत्र २०४३ बाट बुझिन आएको छ । हालसम्म पनि उक्त कार्यको नियमितता रहेको छ (विस्तृत विरण परिशिष्ट नं. ४) । कास्कीका राजा राज शाहको पालामा समिदा वन वरपर सिलिङ्गाको रुखहरू सारिएको सङ्केत पाइएको छ । उक्त ठाउँलाई हाल पनि सिलिङ्गा भन्ने गरिन्छ (सुवेदी, २०६०:८९) । कास्कीकोटमा सिलिङ्गाको रुख हालसम्म रहेको छ । जुन लोपोन्मुख विरुवा अन्तर्गत पर्दछ । वातावरण स्वच्छ राख्न सिलिङ्गा रुखको ठूलो महत्त्व रहन्छ । प्रकृतिमा रहेको प्रदूषित हावा शोषण गरी अक्सिजन फाल्ने काम सिलिङ्गाको रुखको हुने जनविश्वास रहेको छ ।

सराङ्कोट दृष्य अवलोकनका साथै स्वच्छ वातावरणका लागि प्रख्यात रहेको छ । प्रायः हरेक बिहान सूर्योदयको दृश्य तथा हिमाल र वनजङ्गलको दृश्य हेर्न जाने पर्यटकको घुइँचो लाग्ने गर्दछ । सराङ्कोटको उत्तरी भू-भाग बाक्लो जङ्गलले ढाकिएको छ । यसले प्राकृतिक सन्तुलनका साथै पर्यटकहरूलाई हरियालीको रमणीयता प्रदान गरेको छ । यहाँ रहेका चराचुरुङ्गीहरूको आवाजले हरेक बिहान सराङ्कोट पुग्ने पर्यटकहरूलाई आनन्द दिने गर्दछन् । सराङ्कोटको धुरीसम्म पुग्ने मुख्य बाटो यही जङ्गलसँग जोडिएको हुनाले ऐतिहासिक समिदा वन र पर्यटनको सम्बन्ध रहेको छ ।

यसरी परापूर्व कालदेखि प्रचलनमा रहेको समिदा वनको परम्परागत प्रथाका बारेमा पर्यटकहरूलाई जानकारी गराउन सके उनीहरूका लागि नौलो अनुभूति र ज्ञान हुन सक्दछ ।

# अध्याय : चार

# सराङ्कोटमा रहेका मुख्य पर्यटकीयस्थल तथा गतिविधि

## ४.१ मुख्य पर्यटकीयस्थलहरू

समग्र सराङ्कोट क्षेत्र नै पर्यटकीय दृष्टिले उपयुक्त मानिन्छ। यहाँको भूवनोट, सामाजिक संरचना, भीरपाखा, पखेरा, वनजङ्गल, मठमन्दिर, जीवनशैली, पर्यटन लक्षित विकास कार्यहरू लगायत उपयुक्त हावापानी जस्ता विषय पर्यटकका लागि आकर्षणका माध्यम बनेका छन्। मुख्य केही पर्यटकीय स्थल तथा गतिविधि जुन पर्यटन प्रबर्द्धनमा प्रत्यक्ष सरोकार राख्दछन् तिनीहरूको जानकारी निम्नअनुसार छ।

### ४.१.१ भ्यू प्वाइन्ट

सराङ्कोटबाट दृश्य अवलोकन गर्नका लागि पुरानो कोट रहेको स्थानको पूर्वी भागमा जमिनभन्दा केही अग्लो ठाउँ बनाइएको छ। त्यहाँ चारवटा दूरविन पनि राखिएको छ। तर एक दूरविनमात्र प्रयोगमा रहेको छ। जसबाट पोखरा उपत्यका, वरपर रहेका डाँडाकाँडा, वनजङ्गल, उत्तरतर्फ हिमालय शृङ्खला, नदीनाला प्रश्रवण क्षेत्र आदि देख्न सकिन्छ। पोखरा वरपर रहेका कोटकिल्ला, मठमन्दिर, गुम्बा-स्तुपा, फेवाताल, निर्माणका क्रममा रहेको पोखरा क्षेत्रीय विमानस्थल स्पष्ट देखिने भएकाले यहाँ दर्शकहरूको भीड लाग्ने गर्दछ (पूर्णप्रसाद तिमिल्सिना, अन्तर्वार्ता)। वि.सं. २०४२ सालमा राखिएका ती दूरविनहरू समाजसेवी चेतन गुरुङद्वारा मणिज्योति स्कुल सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित गरिएको थियो। जहाँ स्वदेशी पर्यटकको लागि रु. २० र विदेशी पर्यटकको लागि रु. ५० शुल्क लिने गरिएको छ। सराङ्कोट उच्च पहाडी डाँडा भएकाले यहाँबाट सूर्योदय र सूर्यास्तको दृश्य, हिमालय शृङ्खला, पोखरा उपत्यका र वरपरका डाँडाकाँडा देख्न सकिन्छ। हाल सराङ्कोटमा नयाँ भ्यू टावर निर्माणको क्रममा रहेको छ। दृश्य अवलोकनका दृष्टिले सराङ्कोटको सबै उच्चभाग भ्यू प्वाइन्टको रूपमा रहेका छन्।

### ४.१.२ भूमे कालिका मन्दिर

सराङ्कोटको भूमेकालिका मन्दिरलाई प्राचीन मानिन्छ। कास्की राज्यमा राजा रहेदेखि नै यहाँ पूजा गर्ने गरिएको हो भन्ने मान्यता रहेको छ। प्राकृतिक सुन्दरताका

अलावा लोकपरम्परा र संस्कृतिलाई पनि पर्यटक आकर्षणका विषयवस्तु मानिन्छ। यस्ता संस्कृतिको संरक्षण र विकासले पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने गर्दछ। सराङ्कोटको भूमेकालिका मन्दिरको गर्भगृहमा १-२ फुट अग्लो १ फुट जति चौडाइ भएको देवी कालिकाको मौन मुद्राको मूर्ति स्थापना गरिएको छ। सो मूर्ति कसले राखेको हो भन्ने कुनै प्रामाणिक आधार पाइएको छैन। यहाँ पनि कास्कीकोटमा झैँ बडादशैँ र चैतेदशैँमा पशुपन्छीको बलि दिई पूजा गरिन्छ। विगत ६१ वर्ष अगाडिदेखि त्यहाँको नित्य पूजा ८१ वर्षीय वृद्ध पूजारी विद्याधर पहारीले गर्दै आएका छन्। त्यसभन्दा अगाडि उनको वचपनमा उनकै बुबा स्व. कपिलमणि पहारीले गर्दै आएको जानकारी हुन आएको छ। भूमेकालिकाको पूजाआजा नियमित गराउन गुठीको समेत व्यवस्था गरिएको पाइन्छ। उक्त गुठीसम्बन्धी लगत वि.सं. १९९८ मार्ग २ मा कास्की मालपोतमा अद्यावधिक रूपमा रहेको छ (विद्याधर पहारी, अन्तर्वार्ता)।

### ४.१.३ भैरव स्थान

सराङ्कोटको धुरीको उत्तर-पश्चिमी भागमा भैरव मन्दिर स्थापना गरिएको छ, जसलाई भूमे भैरव भन्ने गरिन्छ। सराङ्कोटमा ओली पूजा र गुठियार पूजा गरी दुई थरी पूजा पद्धतिको नियमितता रहेको छ। भूमे भैरवको पूजा गुठियार पूजा अन्तर्गत पर्दछ। यहाँ हरेक वर्ष बडादशैँ र चैतेदशैँमा पूजा हुने गर्दछ। सानो मन्दिरको स्थापना गरी वायब्य कोणमा भूमे भैरवको मूर्ति राखिएको छ। प्रशन्न मुद्रामा देखिने भैरवलाई प्रकृति सन्तुलनका देवता मान्ने गरिएको छ। त्यसअनुरूप भैरवलाई नाचगान नृत्यका देवताका रूपमा पनि मान्ने प्रचलन छ। पूजा पद्धतिअनुरूप यसको जानकारी तल उल्लेख गरिएको छ (प्रत्यक्ष अवलोकन र वीरबहादुर कुँवर, अन्तर्वार्ता)।

### ४.१.४ निर्माणाधीन आराध्यदेव शिव मन्दिर

सराङ्कोटको डाँडामा टाढाबाट पनि देखिने गरी आराध्यदेव, शिवको मन्दिर निर्माणको क्रममा रहेको छ। तले शैलीमा निर्माण हुन लागेको यस मन्दिरभित्र जटाधारी शिवको मूर्ति र शिवलिङ्ग स्थापना गरिएको छ। दक्षिणामुख प्रवेशद्वार रहेको यस मन्दिर २०६१ सालदेखि निर्माणको काम शुरु भएको हो। मन्दिर निर्माणको पूर्वसन्ध्यादेखि हालसम्म अर्थ सङ्कलनका लागि विभिन्न ठाउँमा ५ वटा महायज्ञ सम्पन्न भइसकेका छन्। प्यागोडा

शिखर शैलीमा तयार हुन लागेको यस मन्दिरको अनुमानित लागत २९ करोड रुपैयाँ रहेको छ। २०७४ साल माघमा गराएको महायज्ञ पश्चात् आगामी ७ वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ। सराङ्कोट धार्मिक एवम् पर्यटन विकास समितिको लक्ष्य र निर्णयअनुसार भगवान् शिव मन्दिरको पूर्णतासँगै १०८ वटा शिवलिङ्ग, १०८ वटा सहस्रधारा स्थापना गर्ने र वरपर विभिन्न देवीदेवताका मूर्ति स्थापना गर्ने, बौद्ध मन्दिर बनाउने लगायत वरपर मन्दिर क्षेत्रमा पार्क एवम् उद्यान बनाउने रहेको छ।

स्थानीय वडा प्रतिनिधि वडा अध्यक्ष रणबहादुर थापाका अनुसार निर्माण समितिलाई सक्रिय बनाई यस क्षेत्रमा ऐतिहासिक सङ्ग्रहालय, आकर्षक भ्यू टावर, फलफूल उद्यान, स्वागत द्वार, खानेपानी व्यवस्था आधुनिक अपाङ्गमैत्री शौचालय, पार्किङ स्थल, वनभोज स्थल, फुट ट्याक निर्माणजस्ता पर्यटकलाई मनोरञ्जन र सुविधा दिलाउने गुरु योजनाका साथ काम सञ्चालन भइरहेको जानकारी हुन आएको छ। कार्य सम्पादनलाई प्रभावकारी बनाउन धार्मिक तथा पर्यटन विकास समिति गठन गरी कार्य अगाडि बढेको जानकारी निर्माण समितिका अध्यक्ष श्री प्रेमबहादुर जि.सी.बाट प्राप्त भएको छ। उक्त समितिको विस्तृत विवरण परिशिष्ट नं. ३ मा उल्लेख रहेको छ।

### ४.१.५ निर्माणाधीन अन्नपूर्ण केबुलकार

फेवातालको उत्तरी कुना सेदी बगरदेखि सराङ्कोटको भूमरे गैह्रासम्म करिब २.५ कि.मि.को दूरी रहने गरी केबुलकार निर्माण हुन लागेको छ। चितवनको मनकामना केबुलकारको अवधारणा अनुरूप निर्माण हुन लागेको यस केबुलकार २०७२ सालदेखि निर्माण शुरुवात भएको थियो। निर्माणको अधिकांश काम सकिएको यस केबुलकार हाल निर्माणकै क्रममा छ। केबुलकार निर्माणमा संलग्न मेनेजिङ डाइरेक्टर तीर्थ त्रिपाठीका अनुसार निर्माण कार्यमा समाजसेवी व्यवसायी कालु गुरुङको ६५% जापानी लगानीकर्ता काका सिमियाहाराको १५% र सर्वसाधारणहरूको २०% लगानी गरी निर्माणधीन उक्त केबुलकार निर्माणमा रु. १ अर्ब ६० करोड लागत लाग्ने अनुमान रहेको छ। उक्त केबुलकार सञ्चालन भएपछि सराङ्कोटको पर्यटनमा वृद्धि हुने अनुमान रहेको छ।

१८ वटा पिल्लर राखिएको उक्त केबुलकार निर्माणको जिम्मा चितवन कोई प्रा.लि.ले पाएको छ। १७ वटा बक्स मानव आवतजावत र एउटा सामान ढुवानीका लागि प्रयोग हुने भनी बनाइएको यस कम्पनीमा स्वदेशी पर्यटकका लागि आवत्जावत् शुल्क रु. ६०० र

विदेशीको लागि रु. ८०० हुन सक्ने जानकारी हुन आएको छ। जापानी प्रविधि र चितवन कोई प्रा.लि. को संयोजनमा निर्माण हुन लागेको यस केबुलकारमा सर्वसाधारणको लगानी पनि समावेश गर्ने अवधारणानुरूप स्थापना हुन लागेको हो (तीर्थ त्रिपाठी, अन्तर्वार्ता)।

### ४.१.६ पार्क एवम् उद्यानहरू

सराङ्कोट हरियालीले भरिएको पहाडी भूभाग हो। अधिकांश भूभाग पतझड जङ्गलले भरिएको हुनाले ऋतु अनुसारका फरक फरक दृश्य देख्नका लागि पनि यो ठाउँ उपयुक्त रहेको छ। पर्यटन विकासका लागि यहाँ गरिएका गतिविधिहरूमध्ये पार्क एवम् उद्यान निर्माणलाई विशेष महत्त्वमा राखिएको छ। त्यसैले यहाँ राष्ट्रिय विभूति पार्क तथा आईटी पार्क निर्माण हुन गइरहेका छन्। भ्यू प्वाइन्ट वरपर समेत रमणीय उद्यान बनाउने गुरुयोजनाको पूर्व तयारी भइरहेको पाइन्छ। जमिनको वनावटअनुसार यहाँ पार्क तथा वनभोज स्थल बनाउन लागिएका हुन्। सराङ्कोटको पूर्वी भागमा रहेको ग्यारजातिको पूर्वाभिमुख डाँडाका राष्ट्रिय महत्त्वका शहीद तथा विभूतिहरूको शालिक सहितको पार्कको निर्माण कार्य वि.सं. २०७० सालदेखि शुरु भएको हो। उक्त पार्कसँगै बगैंचा, विश्राम स्थल लगायत खुल्ला जिम स्थल निर्माण हुन गइरहेका छन्। खुल्ला जिम स्थल बनाउने काम भने पूर्ण भइसकेको छ। उक्त फिटनेश पार्क एवम् ओपनजिम स्थल पोखरा महानगरको ४५ लाख लागतमा स्थापना भएको हो। यसमा निर्माण भइसकेका ओपन जिम, अपाङ्ग मैत्री ट्वाइलेट वाथरुम, गार्ड हाउस, बोटविरुवा र फूल बगान छन्। यसमा थप फिस एक्वरियम राख्ने तयारी भइरहेको छ (प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी)।

### ४.१.७ प्याराग्लाइडिङ

सराङ्कोटको चिनारी अन्तर्राष्ट्रिय जगत्मा गराउने काम यहाँबाट गरिने प्याराग्लाइडिङ सहितको दृश्यावलोकन हो। नेपलमा प्याराग्लाइडिङका लाीग परिचित ठाउँहरू तनहूँको बन्दीपुर, स्याङ्जाको सिर्कोट, कास्कीको सराङ्कोट मानिन्छन्। यिनीहरूमध्ये सबैभन्दा उपयुक्त स्थल सराङ्कोट नै हो। करिब २० वर्ष अगाडिदेखि प्याराग्लाइडिङको व्यावसायिक उडान शुरु भएको सराङ्कोटमा हालका वर्षहरूमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरू समेत हुने गरेका छन्। सराङ्कोट र बाहाकोट क्षेत्रलाई आधार बनाएर हालसम्म यहाँ ५६ वटा प्याराग्लाइडिङ कम्पनी संलग्न छन्। संस्कृति, पर्यटन तथा

नागरिक उड्डयन मन्त्रालयबाट इजाजत प्राप्त यी कम्पनीहरूका आधारस्थल सराङ्कोट क्षेत्रमा रहेका छन् । दोस्रो विश्वयुद्धमा युरोपेली सेनाहरूले प्यारासुट प्रयोगमा ल्याएका थिए । त्यसैले सन् १९५० को दशकदेखि नै प्यारासुट र प्याराग्लाइडिङको विकास हुन थालेको हो । सन् १९६० को दशकमा डेविड वोरिसले NASA का लागि बनाएको प्याराग्लाइड पहिलो मानिएको छ ।

नेपालमा पहिलो पटक प्याराग्लाइडिङ भित्र्याउने वेलायती नागरिक एडम हिल हुन् । सन् १९९५ मा एडमले कास्कीको ताङतिङ् गाउँमा आई प्याराग्लाइडिङ गरेका थिए । उनै एडमले ताङ्तिङ्का भूपालकुमार गुरुङ्सँग मिलेर पोखरामा फ्रन्टियर्स प्याराग्लाइडिङ कम्पनी सञ्चालनमा ल्याएका थिए, जुन हालसम्म सञ्चालनमा छ (परियार, २०७७:१२) ।

कास्की जिल्लामा पोखरा वरपरका धेरै डाँडा तथा थुम्काहरूबाट प्याराग्लाइडिङ गर्न सकिने भए तापनि सराङ्कोट प्याराग्लाइडिङका लागि उत्तम मानिन्छ । नेपाल हवाई खेलकुद संस्था (NAA) को नामबाट पोखरा सराङ्कोटको व्यावसायिक प्याराग्लाइडिङ विकास भएको छ । नेपालमा सम्पन्न अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ प्रतिस्पर्धा दुई पटक प्रि वर्ल्डकप र १८ संस्करणहरू सराङ्कोटबाट नै सम्पन्न भइसकेका छन् (कृष्ण भण्डारी, अन्तर्वार्ता) । (2075 Bhandra 13). Booking.com ले सन् २०१७ मा सराङ्कोटलाई स्विजरल्याण्डको इन्टरलेकन पछिको उत्कृष्ट प्याराग्लाइडिङ स्थल भनी घोषणा गरेको छ ।

पोखरा-सराङ्कोटका पर्यटन व्यावसायीका अनुसार पोखरा भित्रिने विदेशी पर्यटकहरू मध्ये पहिलो स्थानमा भारतीयहरू पर्दछन् भने दोस्रो स्थानमा चिनियाँ पर्यटकहरू रहेका छन् । चिनियाँ पर्यटकहरूमध्ये करिब ८० प्रतिशतले सराङ्कोटबाट प्याराग्लाइडिङ गर्ने गर्दछन् । नेपालमा सन् २०१९ मा २५४१५० जना भारतीय पर्यटकहरू भित्रिएका थिए भने १६९५४३ जना चिनियाँ पर्यटकहरू थिए (www.ujyaloonline.com) (२०७५ भदौ ११) ।

सराङ्कोटमा प्याराग्लाइडिङ गर्न मिल्ने ठाउँका रूपमा चण्डिको डिल वरपरको भाग र बाहाकोटलाई लिने गरिएको छ । ल्याण्डिङ्का लागि प्रायः सेदी बगर र खपौदी हुने गर्दछन् ।

साहसिक खेलका रूपमा मानिने प्याराग्लाइडिङमा दुर्घटनाका सम्भावना पनि उच्च रहेका हुन्छन् । उड्ने समयमा हावाको गति र दिशा परिवर्तन हुँदा दुर्घटनाको पनि बढी सम्भावना रहन्छ । सन् २०१९ मार्च महिनामा एक हप्ता बीचमा सराङ्कोटको प्याराग्लाइडिङमा दुई विदेशीहरू एकल प्याराग्लाइडिङ गर्दा दुर्घटना हुन पुगेका थिए ।

त्यसैले सराङ्कोटबाट गरिने प्याराग्लाइडिङका लागि मौसम, हावाको गति र दिशाबारे सचेत रहन आवश्यक हुन्छ । पोखरामा बन्न लागेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि सराङ्कोटबाट गरिने प्यारा्ग्लाइडिङ प्रभावित हुने व्यावसायीहरूको अनुमान रहेको छ । सराङ्कोट प्याराग्लाइडिङका लागि उपयुक्त स्थल सावित भइसकेको छ (अवलोकन र पर्यटकसँगको अन्तर्वार्ता) ।

### ४.१.८ जिप फ्लायर

सराङ्कोटदेखि हेमजाको याम्दीसम्म करिब १.८ कि.मि.को दूरी ठाडो ओरालोमा जिप फ्लायर वि.सं. २०७० साल वैशाखदेखि सञ्चालनमा रहेको छ । गोल्छा अर्गनाइजेसन र मंगलमको संयुक्त लगानीमा निर्माण भएको यस जिप फ्लायर प्रतिघण्टा १२० कि.मि.को गतिमा चल्ने गर्दछ । यस साहसिक खेलका लागि विदेशीहरूका लागि रु. ८००० र नेपालीका लागि रु. ५००० शुल्क राखिएको छ । तीव्र गतिमा सराङ्कोटदेखि याम्दीसम्म पुग्ने यस जिप फ्लायर केवल एकतर्फी ओरालो झर्ने मात्र हो । जीप फ्लायर रोकिने ठाउँमा बन्जी जम्प पनि हुने गर्दछ । दुवै साहसिक खेलका लागि रु. ७००० स्वदेशीका लागि र रु. १०,०००।- विदेशीका लागि कायम गरिएको छ । यी साहसिक खेलको कारण पनि सराङ्कोटको पर्यटनमा थप सहयोग पुग्न गएको पाइन्छ (समितिका पदाधिकारीहरूसँग, साक्षात्कार) ।

## ४.२ सराङ्कोटमा रहेका मुख्य होटल, लज, रिसोर्ट तथा पसलहरू

पर्यटनको विकासक्रमसँगै सराङ्कोट क्षेत्रमा होटल, लज, रिसोर्ट तथा पसलहरूको सङ्ख्या दिनानुदिन बढिरहेका छन् । २०४२ सालभन्दा अगाडि टेन्ट पालहरूले भरिने डाँडाहरू हाल होटल लजहरूले भरिन थालेका छन् । यस ठाउँमा पहिलो बसोबासयुक्त होटल भ्यू टप २०४२ सालमा स्थापना भएको थियो । त्यसपछि होटल पसलहरू क्रमशः थपिन पुगेका थिए । हाल वडामा दर्ता भएका होटल, लज, रिसोर्ट पसलहरूको सङ्ख्या ३६ पुगेका छन् (वडा प्रतिवेदन, २०७६) । फेवातालको उत्तरी भागसमेत सराङ्कोटमा पर्दछ । यहाँ होटलको सङ्ख्या द्रुत गतिमा थपिइरहेको देख्न सकिन्छ । सराङ्कोटका डाँडोमा समेत थपिन गएका होटल लज कम आँकलन गर्न सकिँदैन । घुम्ती क्युरियोका पसलहरू समेत पर्यटकीय सिजनअनुसार सराङ्कोटमा प्रशस्त देखिन्छन् । सन् १९५० मा तिब्बतबाट

शरणार्थीको रूपमा आएका मानिसहरूले नै उक्त घुम्ती क्युरियो पसल राख्ने गर्दछन् । फेवाताको उत्तरी भू-भागदेखि विन्दवासीनीसम्म सराङ्कोट वडा नं. १८ मा रहे पनि सराङ्कोटको उच्च भाग (सराङ्कोट नामले चिनिने) मा रहेका होटल व्यवसाय यसमा समावेश गरिएको छ । यहाँ स्थापना भएका मुख्य होटल, लज तथा रिसोर्टको विवरण निम्नअनुसार रहेका छन् ।

**सराङ्कोटका मुख्य होटल तथा रिसोर्टहरू**

| क.सं. | होटलको नाम | स्थापना | सञ्चालकको नाम | कोठा सङ्ख्या | कामदार सङ्ख्या | पर्यटक आउने क्षेत्र | वार्षिक पर्यटक | बसाइँ दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | भ्यू टप (लज एण्ड रेष्टुरेण्ट) | २०४२ | लेख ब. थापा | ७ | ६ | एशिया र यूरोप | ३५० | १-२ | |
| २. | लेक भ्यू (होटल) | २०४६ | शिव बराल | १३ | ५ | | ३०० | | |
| ३. | हिमालयन क्राउन (होटल) | २०५० | टिकाराम चा | ८ | ४ | | ३१० | | |
| ४. | माउन्टेन भ्यू (होटल) | २०५० | रामचन्द्र चा | ७ | ४ | | ३०० | | |
| ५ | सुपर भ्यू (होटल) | २०५५ | हरिमाया चा | १४ | ४ | | ३४० | | |
| ६ | पारोनामिक भ्यू (होटल) | २०६५ | मोतिलाल ति | ७ | ३ | | ३१० | | |
| ७ | माउण्टेन गार्डेन (होटल) | २०७१ | उमनाथ शर्मा | १० | ४ | | ३२० | | |
| ८ | हिमालय फ्रान्ट (रिर्सोट) | २०७३ | कर्ण शाक्य र दिवाकरराज कर्णिकार | ६० | ५० | | ३८०० | | |
| ९ | हिल टप (रिर्सोट) | २०७० | बलराम शर्मा | ५ | ४ | | ३०० | | |
| १० | त्रिशा (होटल) | २०७४ | बेल बहादुर जि.सी. | १२ | ७ | | ३५० | | |
| ११ | वेल्जियन (होटल) | २०७३ | फिलिप | ४ | ६ | | २६० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | न्यू ग्यालेक्सी (होटल) | २०७३ | राममाया पोखेल | ५ | ४ | | २९० | | |
| १३ | सनसेट (होटल) | २०७३ | दिपेन्द्र थापा | ८ | ४ | | ३२० | | |
| १४ | रक गार्डेन (रिर्सोट) | २०७ | रुद्र तिमिल्सिना | ४ | ९ | | २५०० | | |
| १५ | ज्यूरासिक (रिर्सोट) | २०७४ | टासी गुरुङ | ४ | ९ | | ३०० | | सञ्चालन+ निर्माणाधीन |
| १६ | शेर्पा रिसोर्ट (Lux) (रिर्सोट) | २०६८ | विप्लव पौडेल नारायण पहारी | ७ | ६ | | ६०० | | सञ्चालन+ निर्माणाधीन |
| १७ | अन्नपूर्ण भ्यू (Lux) (होटल) | २०७६ | जापानी+नेपाली | ११० | ८० | | ३२०० | | सञ्चालन+ निर्माणाधीन |

स्रोतः सम्बन्धित होटलका सञ्चालकहरूसँगको साक्षात्कार

## ४.३ सराङ्कोट वरपरका कोटहरू

नेपालको पहाडी भूभागमा पहाडका अग्ला टाकुराहरू प्रायः कुनै न कुनै कोटका नामले चिनिन्छन् । त्यसैले 'कोट' भन्ने वित्तिकै पहाडको उच्च भाग हो भन्ने कुरा नेपाली जनमानसमा पर्ने गर्दछ । चौबीसे राज्यहरू अन्तर्गत पर्ने कास्की मात्र नभएर अधिकांश राज्यहरू पनि कोटमा नै रहेका हुन्थे । यसका अलावा कुनै राज्य कोटको नामबाट विमुख रहे पनि त्यस राज्यका सुरक्षा गौंडाहरू कोटकै नामबाट राखिन्थे । त्यसैले पहाडी भूभागमा 'कोट' शब्द अत्यन्त प्रचलनमा रहेको शब्द हो, जसले कुनै राज्य वा राज्यको सुरक्षा किल्लाको प्रतिनिधित्व गर्ने गरेको पाइन्छ । यसरी कास्की राज्यभित्र पनि धेरै कोट तथा किल्लाहरू रहेको पाइन्छ । कास्की जिल्लामा प्रचलनमा रहेको सिमसिमे राजा भन्ने परम्परा यिनै कोट तथा थुम्काहरूमा स-साना राज्य रजौटा भएकाले हुन सक्दछ । कास्की राज्य अन्तर्गत रहेका कोटहरूलाई निम्नागत नामले चिनिइने गरेको छ । सल्यानकोट, थाप्लेकोट, भदौरेकोट, चन्द्रकोट, लान्द्रुककोट, पाउँदुरकोट, हर्पनकोट, खड्गाउँकोट, निर्वानेकोट, धम्पुसकोट, ह्याङ्जाकोट, तल्लाकोट, माथिल्लोकोट, वडाकोट, घान्द्रुककोट, अस्तामकोट, मिर्साकोट, सिदिहीकोट, जुम्लेटीकोट, अर्मलाकोट, खरिकोट, सिक्लेसकोट, नयाँकोट, काहुँकोट, तारकाङकोट, रूपाकोट, माझ्ठानाकोट, मौजाकोट, भुजुङकोट, रञ्जितकोट, थाककोट,

याङ्जाकोट, झारकोट, ढाँडाकोट, राम्जाकोट, तिलहारकोट, पौवाकोट, चित्रेकोट, पार्चेकोट, ठूलाकोट, सापेत कोट, टक्सारकोट, गिज्यानकोट, चापाकोट, सराङ्कोट, कास्कीकोट, आदि। प्रायः कोटहरूमा घलेहरूले शासन गरेका कुराहरू सुन्न पाइन्छ। तर यस बारेमा लिखित प्रमाणहरू प्राप्त हुन सकेका छैनन्। केन्द्रीय शासनको प्रभाव नभएको समयमा हरेक थुम्का कोटहरूका मुखियाहरू नै शासक ठहर्ने गरेको भनाइ कास्कीमा हाल पनि सुन्न पाइन्छ। सराङ्कोट वरपर रहेका कोटहरू कास्कीकोट, खड्गाउँकोट, पाउँदुरकोट, हर्पनकोट, चापाकोट, ह्याङ्जाकोट, अर्मलाकोट, रूपाकोट मुख्य हुन् (सुवेदी, २०६०:४०)।

### ४.३.१ खड्गाउँकोट

कास्कीकोटभन्दा पश्चिमतर्फ पर्ने प्रशस्त पुराना भग्नावशेष भएको कोटलाई खड्गाउँकोट भनिन्छ। यहाँ ठूला-ठूला छपनी ढुंगाले छोपेका सुरुङहरू छन्। यो पनि एउटा सुरक्षा किल्ला हो भन्ने कुरा यहाँको बनावटले जानकारी दिन्छ। किल्लाको पूर्वतर्फ ढोकासम्म पुग्न १२ खुड्किला सिँढी रहेका छन्। यस किल्लाको चारै नाकामा बन्दुक छिर्ने आकारका प्वालहरू रहेका छन्। कास्कीकोटभन्दा प्राचीन मानिने यस किल्ला खड्का क्षत्रीहरूको राज्य भएको ठाउँ हो। त्यहाँ खड्का क्षत्रीलाई कुँवरहरूले हटाएकाले उनीहरू नै खड्का कुँवर कहलिएका हुन्। हाल पनि खड्गाउँमा खड्का कुँवरहरूको बसोबास रहेको छ। तिनै खड्का कुँवरहरूले कास्कीका राजालाई रिझाई सराङको मान्यता पाएपछि खड्गाउँकोट पनि कास्की राज्यसँग विलय भएको भन्ने लोकोक्ति रहेको छ (सुवेदी, २०६०:४१)

### ४.३.२ कास्कीकोट

सराङ्कोटबाट करिब ६ कि.मि. पश्चिममा कास्कीकोट रहेको छ। वि.सं. १८४२ असार १ गते सराङ्कोटमा नेपालका सेनाले आक्रमण गरेपछि एकल राज्यको अस्तित्व मेटिन गएको कास्कीकोटमा वि.सं. १५२५ तिर कुलमण्डन शाहले ठकुराइँ राज्य स्थापना गरेको कुरा उल्लेख छ (सुवेदी, २०६०:८२)। राजा जगति खान वा विचित्र खान नै कुलमण्डन शाह हुन् वा होइनन् भन्ने बारे इतिहासकारहरूबीच नै मतभिन्नता पाइन्छ। तर शाह उपाधि धारण गर्ने पहिलो राजा नै कुलमण्डन भएका र उनको राज्यकाल १५८३ सम्म रहेको कुरामा एकमत पाइन्छ। एकीकृत राज्यको अवधारणा ल्याउने पहिलो राजा

कुलमण्डन शाहले दिल्लीका वादशाहबाट शाह उपाधि धारण गरेका हुन् भन्ने भनाइ रहिआएको छ। त्यसपछि नै नेपालमा शाहवंशीय शासकहरूको जग स्थापना भएको हो। त्यसैले शाहवंशको उद्गमस्थल कास्कीकोट र संस्थापक कुलमण्डन शाहलाई मानिएको छ।

कास्कीकोटमा पौराणिकता जनाउने कालिका मन्दिर, मौलो, भग्नदरबार, काहाल बजाउने ढुंगो, राजारानीले घाम ताप्ने ढुंगो, रानीले कपाल कोर्ने ढुंगो, ओखल, रक्षक बस्ने ठाउँ, कवाईत मैदान, सिँढी, नगरा बाजा, त्रिशुल घण्टी, तरबार आदि रहेका छन्। हाल कोट दरबारको जिर्णोद्धार हुन गइरहेकाले कतिपय पौराणिकता बोकेका सामग्रीहरू नष्ट हुने सम्भावना रहेको छ।

### ४.३.३ पाउँदुरकोट

पोखरादेखि ३० कि.मि. मोटरबाटो दूरीमा पश्चिमतर्फ फेवातालमा आउने पानीको मुहान रहेको अँधेरीखोलाको शिरको रूपमा पाउँदुरकोट रहेको छ। अन्य कोट किल्लामा झैं यहाँ पनि बडादशैं र चैतेदशैंमा पूजा गर्ने गरिन्छ। यहाँ चारैतिर पर्खालले घेरिएको डाँडाको टुप्पामा २०० मि. गोलो ८ फुट अग्लो ३ फुट चक्लो ढुंगा भएको ढुंगे किल्ला टाढैबाट देख्न सकिन्छ। बीच भागमा ढुंगा गाडिएका र ध्वजापताका टाँगिएका छन्। जहाँ गुरुङहरूले पूजा गर्दै आएका छन्। कास्की राज्यमा पर्वत राज्यबाट पटक-पटक आक्रमण हुँदा सो ठाउँमा सेनाको टुकडी तयारी साथ बस्ने गर्दथे। त्यसैले सराङ्कोट पूर्वी गौंडा भएझैं यसलाई पश्चिम गौंडाका रूपमा लिइएको थियो।

परापूर्व कालमा किरात जातिका कुलदेवता पाङ्दङ्वा बस्ने ठाउँ भएकाले यस ठाउँलाई पाङ्दुर भनिएको हुन सक्दछ। पाङ्दुरकोट हाल आएर त्यही वरपर बस्ने गुरुङ जातिले कुलदेउता र भाकल पूजा गर्ने ठाउँ भएको छ (विष्ट, २०३९:१२-१४)।

### ४.३.४ ह्याङ्जाकोट

सराङ्कोटबाट सिधा उत्तर दिशामा रहेको डाँडोलाई ह्याङ्जाकोट भनिन्छ। पोखराबाट १७ कि.मि. मोटरबाटो दुरीमा रहेको यस ठाउँमा हाल पर्यटन प्रबर्द्धनका लागि होमस्टेहरू सञ्चालनमा रहेका छन्। गुरुङ वस्ती रहेको यस कोटलाई कोइलीकोट पनि भन्ने गरिएको छ। केही वर्ष अगाडिसम्म लामा राखेर प्रकृतिपूजा गर्ने, खडेरी वा असिनाले बालीनाली बिगार्ने जस्ता समस्या समाधान गर्ने गरिएकोमा हाल सो परम्परा विलीन हुँदै

गएको छ । यस कोटको पश्चिममा करिब २ कि.मि. दूरीमा जयकोट भन्ने जङ्गल छ । यहाँ ब्राह्मण, क्षत्री मिलेर मन्दिर स्थापना गरेका छन् । प्रायः नेपालमा रहेका कोटहरूमा गुरुङ, मगरहरू नै पूजामा संलग्न रहेको पाइएको छ (विष्ट, २०३९:१२.१४) ।

### ४.३.५ अर्मलाकोट

पोखराबाट १४ कि.मि. उत्तरपश्चिम डाँडोमा रहेको कोट किल्लालाई अर्मलाकोट भनिन्छ । यस कोटमा चैते दशैं, श्रीपञ्चमी तथा माघे संक्रान्तिमा मेला लाग्ने गर्दछ । यहाँ कास्की राज्य स्थापना हुनु अगावै घले थरका गुरुङहरूको घनाबस्ती भएको अनुमान गरिएको छ । उनीहरूले यहाँ गाडेको काठको मौलोलाई कोटदेवी मानी पूजा गर्ने गर्दछन् । यहाँको परम्परागत प्रचलन कायम राख्न ब्राह्मण, क्षत्री र गुरुङहरूको समान सहभागिता रहने गरेको छ ।

अर्मलाकोटको पूजा परम्पराका लागि गुठी व्यवस्था रहँदै आएको छ । त्यसैले यस ठाउँको महत्त्व पहिलेदेखि नै थियो भन्ने बुझ्न सकिन्छ (सुवेदी, २०६०:४४) ।

### ४.३.६ रूपाकोट

पोखरा नारायणस्थानदेखि पूर्व ९ कि.मि. मोटरबाटो दूरीमा पचभैयाको पूर्व माथि रहेको डाँडोलाई रूपाकोट भन्ने गरिएको छ । यहाँबाट रूपाताल, बेगनासताल र फेवाताल एकै ठाउँबाट देख्न सकिन्छ । रूपाकोट कास्की राज्य रहेको समयमा महत्त्वपूर्ण किल्ला रहेको मानिन्छ । कुलमण्डन शाहका सात भाइ छोरामध्ये रूपा शाहीलाई रूपाकोट क्षेत्रको सुरक्षार्थ खटाइएको थियो । उनको नामबाटै रूपाकोट नामाकरण गरिएको हो भन्ने लोकोक्ति रहेको छ । कास्कीका राजाले बेगनासतालमा डुङ्गा सयर गर्ने क्रममा तालभित्र एक कालो शिला देखे र त्यो झिक्न लगाई रूपाकोटमा बराह मन्दिर स्थापना गर्न लगाए । यसको नियमित पूजाआजाका लागि गुठीको व्यवस्थासमेत गरिएको छ । लमजुङ र तनहूँको बीचमा रूपाकोट डाँडो रहेकोले यहीँबाट छिमेकी राज्यबाट हुनसक्ने आक्रमण रोक्न यहाँ कोटको व्यवस्था हुन गएको अनुमान गरिएको छ । हाल यो ठाउँ दृश्य अवलोकनका लागि पनि उपयुक्त रहेकाले यहाँ रूपाकोट रिसोर्ट स्थापना गरिएको छ । त्यसैले यस ठाउँलाई पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिएको छ (सुवेदी, २०६०:४६) ।

### ४.३.७ चापाकोट

यो ठाउँ सराङकोटबाट नैरित्य दिशामा फेवातालको सिरानमा रहेको छ। कास्की राज्यको दक्षिणी सुरक्षा किल्लाको रूपमा रहेको चापाकोटको सीमा स्याङ्जा जिल्लासँग जोडिएको छ। चापाकोटको मैदान पोखरी भन्ने ठाउँमा कोट रहेको र त्यहाँ पुराना कोटघरका भग्नावेशष हाल पनि पाइने गरेका छन्। उक्त ठाउँमा सानो देवीको स्थान मानी पूजा गर्ने प्रचलन रहेको छ (कविराज पराजुली, अन्तर्वार्ता)।

### ४.३.८ हर्पनकोट

फेवातालको सिरानको रूपमा रहेको हर्पन खोला र अँधेरीखोला माझथुम्कीमा जोडिएर फेवातालसम्म आउने गरेका छन्। यिनै मुख्य खोला नै फेवातालका जलस्रोत हुन्। चापाकोट र हर्पनमा रहेका पराजुलीहरूको चैनपुर मुख्य थलो हो। हर्पनको मणि भन्ने ठाउँमा हर्पनकोट रहेको स्थानीयको भनाइ रहेको छ। उक्त ठाउँको संरक्षण र खोजी नहुँदा भग्नावशेष समेत बिलाइसकेका छन् (तारानाथ पराजुली, अन्तर्वार्ता)।

## ४.४ सराङ्कोटमा गरिने पूजा परम्परा

सराङ्कोटमा परापूर्वकालदेखि नै चलिआएको पूजा गर्ने प्रथा कायमै छ। यस अनुसार यहाँ दुई प्रकारका पूजा गरिन्छन्। जसलाई गुठियार पूजा र ओली पूजा भन्ने गरिन्छ। यी बाहेक विशेष परिस्थिति (अनिकाल, खडेरी, महामारी, पशुरोग, चट्याङ, असिना, रोगव्याधि) मा समयकाल परीक्षण गरी स्वस्ती शान्ति पूजा पनि गर्ने गरिन्छ ( विद्याधर पहारी, अन्तर्वार्ता)।

### ४.४.१ गुठियार पूजा

विशेष गरी गुठियार पूजा भैरवथानमा गर्ने गरिन्छ। सराङ्कोटमा स्थापित भैरव गुठीले पनि यसको नियमितताको आभास दिन्छ। गुठियार पूजामा हरेक वर्ष बडा दशैं र चैते दशैंमा बलि पूजा गर्ने गरिन्छ। यहाँ लामो समयदेखि पोखरा बगालेटोलका कुँवर पूजारीले पूजा गर्ने गर्दछन्। केही वर्ष अगाडिसम्म सराङ्कोटमा फेवातालको जिउँदो माछा ल्याई चढाउने प्रचलन थियो। उक्त काम फेवा किनारमा बस्ने दुर्गा पोडेका सन्तानले गर्दै आएका थिए। हाल सो काम रोकिएको छ।

गुठियार पूजाका लागि परापूर्वकालदेखि पोखरा बगालेटोलका कुँवरहरूले गर्दै आएको पाइएको छ । हाल डिलबहादर कुँवरका छोरा वीरबहादुर कुँवर उक्त पूजामा संलग्न रहेका छन् । आफ्ना बुबाको मृत्युपश्चात् पारिवारिक निर्णयअनुसार उनले भैरव पूजा परम्परागत पद्दतिअनुसार गर्दै आएका छन् । विशेष गरी कुखुराको भाले, रोट र नरिवलले पूजा गरिँदै आएको उनको भनाइ छ। २०३२ सालसम्म सराङ्कोटका बासिन्दाहरूबाट सिदा उठाई ल्याइने गरेको उनको भनाइ छ। वि.सं. २०६७ सालसम्म यहाँका गाउँहरूमा भेली लगाउने प्रचलन थियो। पोखरा कृष्ति निवासी कान चिरेका जोगीले नाथ बजाएर सराङ्कोटका गाउँहरूमा भेली लगाउने गरेको परम्परा हाल रहेको छैन। यो परम्परा नेपालका अधिकांश गाउँहरूमा पनि रहेको तर हाल प्रायः ठाउँमा रोकिएको जानकारी हुन आएको छ। सराङ्कोटमा हुँदै आएको गुठियार पूजा विशेष गरी वर्षको २ पटक बडादशैं र चैतेदशैंमा गर्ने गरिन्छ। २०४० सालमा डिलबहादुर कुँवरको निधनपश्चात् उनका माइला छोरा वीरबहादुर कुँवरले बाबुले गरेको विधि अनुरूप पूजा गर्दै आएका छन् । गुठियार पूजा विशेषत भैरव थानमा हुने गर्दछ (वीरबहादुर कुँवर, अन्तर्वार्ता) ।

### ४.४.२ ओली पूजा

सराङ्कोटमा हालसम्म ओली पूजा नियमित हुँदै आएको छ। यो पूजा प्रकृतिसँग सम्बन्धित पूजा हो। पहारी थरका पूजारीले पूजा गर्ने प्रचलन रहेको यस कार्यका लागि हालसम्म विगत ६१ वर्षदेखि विद्याधर पहारीले परम्परा चलाउँदै आएका छन्। दैनिक पूजाका लागि समेत संलग्न वर्ष ८२ का विद्याधर पहारीले भूमे कालिका स्थानमा नियमित पूजाआजा गर्दै आएका छन्। सराङ्कोटमा ओली बस्ने प्रचलन रहेको छ। ओली पूजा प्राकृतिक विपत्ति नआओस् भन्नका लागि गरिने प्रकृति पूजा हो। यस ठाउँमा हरेक वर्ष असिनाले बालीनालीमा क्षति पुऱ्याउने भएकाले सो ओली बस्ने प्रथा रहन गएको हुन सक्दछ। जीवनयापनका लागि गरिने कृषिकर्म अन्तर्गत खेतीबाली लगाउने समय र खेतीबाली थन्क्याउने समयमा सूर्य उत्तरायणको समय उँभौली पूजा र सूर्य दक्षिणायन हुँदा उँधौली पूजा गर्ने गरिन्छ। यस कार्यको नियमितताका लागि वार्षिक रूपमा ओली पाथी ( अन्न) उठाउने पम्परा यद्यपि कायम नै छ।

ओली पूजा भूमे कालिका पूजासँग पनि सम्बन्धित छ। भूमे कालिकाको पूजाको नियमितता विद्याधर पहारीबाट नियमित हुने गरेको छ। सराङ्कोटमा परापूर्वकालदेखि नै

प्रकृतिको पूजा गर्ने प्रचलन छ। यस अनुरूप जीविकोपार्जनको मुख्य आधार कृषि कार्यमा हुने प्रभाव खडेरी, अनिकाल, महामारी, पशुरोग, सलह प्रकोप बाढीपैह्रो, रोग व्याधि, चट्याङ, असिना प्रकोपले असर पर्न गएमा कार्य काल परीक्षण गरी सामूहिक स्वस्ति-शान्ति गर्ने प्रचलन सराङ्कोटमा हाल पनि रहेको पाइन्छ। यस कार्यका लागि कोटमा लामा, झाँक्री, पण्डित, पूजारी राखी विधिविधानअनुसार स्वस्ति-शान्ति र प्रकृति पूजा गर्ने गरिन्छ।

सराङ्कोट र कास्कीकोटमा गरिने पूजा पद्धतिमा समानता रहेको छ। बडादशैँ र चैतेदशैँमा बलिसहितको पूजा गरी पञ्चबलि दिने प्रथा हरेक वर्ष हुने गर्दछ। यस समयमा कास्कीका राजा जिजुबराजुको थानामाना लगाएपछि मात्र अरू पूजाको थालनी गरिन्छ। मगरहरूको प्रभाव हरेक कोटमा रहेको कुरा मनकामना र कास्कीकोटमा रहेझैँ यहाँ पनि बडा दशैँ र चैते दशैँमा मगर पुजारीले परम्परागत विधिअनुरूप पूजा गर्ने गर्दछन्। यसबाट के सङ्केत पाइन्छ भने राज्य सञ्चालनको अभिन्न अङ्गको रूपमा मात्र नभई पूजा अर्चना तथा तन्त्रसाधनामा समेत मगरहरूको संलग्नता रहने गरेको पुष्टि हुन जान्छ (पहारी, अन्तर्वार्ता)।

कास्कीकोटमा गुप्तकालिका भनेझैँ यहाँ भूमेकालिका भन्ने गरिन्छ। कास्कीकोटमा रहेका गुप्तकालिका र सराङ्कोटमा भएको भूमे कालिकाको मूर्तिमा समेत समानता देख्न सकिन्छ (विद्याधर पहारी, अन्तर्वार्ता)।

## ४.५ पोखरा चिसाखोला वेदविद्याश्रम सराङ्कोट

सराङ्कोटको ऐतिहासिकताको ज्वलन्त उदाहरण पोखरा चिसाखोला वेद विद्याश्रम हो। सराङ्कोटको पूर्वी भाग पाखोमा रहेको यस ठाउँलाई पहिले मणि नामले चिनिन्थ्यो। जहाँ साधुसन्तहरू कुटी बनाएर बस्ने गर्दथे। हाल यहाँ वेदवेदान्त, कर्मकाण्ड, ज्योतिष विज्ञानसहित कक्षा ६ देखि १२ सम्मको औपचारिक पठनपाठन हुने गर्दछ। महाप्रभु प्रेम चैतन्य र प्रमुख शिष्य समेतले वि.सं. १९९९ सालमा स्थापना गरी अनौपचारिक रूपमा पठनपाठन वेद अध्ययन स्वरूप सञ्चालनमा रहेको यसको जगेर्ना र विस्तार उनका चेला केदारनाथ उपाध्याय तिमिल्सिनाले सम्हाल्दै आएका थिए। हाल ९६ वसन्त पार गरिसकेका तिमिल्सिनाले संस्कृत भाषा सबै भाषाको आमा हो भनेर सारस्वर सहितको वेद वाचन प्रशिक्षण दिइरहेका थिए। "धर्मो रक्षति रक्षित" भन्ने मूल मान्यतालाई आत्मसात गरेर सञ्चालनमा रहेका यो वेद्विद्याश्रम देशकै नमुना वेदविद्याश्रम बन्न गएको छ। त्यसैले पनि

संस्कृत अध्ययन गर्न चाहनेहरूका लागि यो आश्रम उपयुक्त स्थल बन्न गएको छ। सराङ्कोटको ऐतिहासिक परिचय बोकेर बसेको यस वेदविद्याश्रमलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने उद्देश्य रहेको छ (मोक्षनाथ तिमिल्सिना, अन्तर्वार्ता)।

यस विद्याश्रममा पौराणिक कालदेखि तपस्वीहरूले ध्यान गर्ने ठाउँ भएको र कास्कीमा राज्य स्थापना हुनु अगावै ब्रह्मचारीहरूले शास्त्र, तन्त्रमन्त्र, सिद्ध, योग, ध्यान, वेद वेदाङ्ग साधना गर्ने थलो भएको मानिएको छ। यस ठाउँमा नेपाल एकीकरणपश्चात् वानप्रस्थ जीवन बिताउने बटुकहरूलाई पढाउने परम्परा रहेको थियो। राणाकालमा समेत गुठी स्थापना गरेर अखण्ड यज्ञाग्नि रहेको त्यस ठाउँमा नेपाल र भारतका भक्तजनहरूको ओइरो लाग्ने गर्दथ्यो। सो यज्ञमा हवन गर्न चरु, घिउ र समिदाका लागि कास्की माल तहविल अड्डाबाट वार्षिक रु. ६०० निकसा हुने व्यवस्था रहेको थियो। (सुवेदी, २०६० : ३३)।

# अध्याय : पाँच

# सराङ्कोटमा पर्यटन विकास र त्यसले पारेको प्रभाव

## ५.१. सराङ्कोटमा पर्यटनको विकासक्रम

नेपालमा पर्यटकीय शुरुवातसँगै पोखरामा पनि पर्यटकीय गतिविधि हुन पुगेका हुन् । पोखराबाट पर्यटकहरू हिमाली क्षेत्र मनाङ, मुस्ताङ पुग्न थालेपछि पदयात्राबाट शुरु भएको पर्यटन हालको अवस्थासम्म आइपुगेको हो । पदयात्रा गर्ने क्रममा पोखराबाट हिमाली भेगतर्फ पुग्ने दुई बाटाहरू (याम्दी, हेमजा, फेदी हुँदै जाने र सराङ्कोट, कास्कीकोट, नागडाँडा हुँदै जाने) प्रचलनमा रहेका थिए । यी बाटाहरूमध्ये हिउँदे बाटोको रूपमा हेमजा फेदीको बाटो प्रयोगमा रहन्थ्यो भने वर्षे बाटोका रूपमा सराङ्कोट, कास्कीकोट, नागडाँडा हुँदै मुस्ताङ जाने बाटो प्रचलनमा थियो । विस्तारै पर्यटकको चाप बढेसँगै सराङ्कोट हुँदै जाने बाटोबाट हिमाली दृश्य तथा पहाडी डाँडाकाँडा देखिने हुनाले बढी प्रयोगमा आउन थाल्यो । हालको जस्तो बस्ती विस्तार नभएको हुनाले सराङ्कोटका खुल्ला भागहरू पर्यटकका पालहरूले ढाकिन थाले । यो समय २०३७-२०४२ सम्मको थियो (उमनाथ चपाई, अन्तर्वार्ता) ।

यस समय अगाडि सराङ्कोटमा पर्यटकको आवतजावत रहे पनि खास चासोका रूपमा लिइँदैनथ्यो । जब विदेशी पर्यटकहरूको खानपानमा स्थानीय उत्पादनको विक्री हुन थाल्यो त्यसले कृषि उत्पादन बढाउनुपर्ने तर्फ ध्यान खिचिन थाल्यो । यसै क्रममा हालको सराङ्कोटको भ्यू टावरमा प्रवेश गर्ने द्वार वरपर चिया पसल स्थापना हुन थाले । जहाँ पर्यटकको भारी बिसाउन मिल्ने चौतारो थियो । वरपर स्थानीय रामबहादुर थापा र यमनाथ तिमिल्सिनाको चिया पसल थियो । स्मरणमा रहेसम्म यही चियापसल नै सराङ्कोटको पहिलो पर्यटकलाई सेवा दिने स्थान हुनुपर्छ । जहाँ झपटबहादुरको पनि चिया पसल थियो । पर्यटकहरूको चाप बढ्दै गए सँगै चिया पसलका सङ्ख्या बृद्धि हुँदै गए । तिनीहरू नै किराना पसलका रूपमा परिणत भए । २०४१ सालसम्म पहलसिंह थापा, पूर्णबहादुर थापा, जितबहादुर थापा, तकबहादुर थापा लगायतका चिया पसलहरू सञ्चालनमा थिए ( अन्तर्वार्ता, रामप्रसाद तिमिल्सिना) । २०४२ सालतिर होटल लेक भ्यू नामको पहिलो नाम अंकित होटल लेखबहादुर थापाले स्थापना गरेका थिए । यही नै सराङ्कोटमा पर्यटकको बसाइँ हुने पहिलो ४ कोठासहितको होटल मानिएको छ ।

यसरी शुरुवात् हुनपुगेको सराङ्कोटको पर्यटनमा २०४३/४४ सम्म कमला शेरचनको दिदी लज, इन्द्रप्रसाद तिमिल्सिनाको ट्रेकिङ् लज, रामप्रसाद तिमिल्सिनाको न्यू टुरिष्ट लज गर्दै होटल तथा लजको सङ्ख्या थपिँदै गए। पिउने पानीको स्रोत अत्यन्त टाढा रहेको यस ठाउँमा प्राय सबै होटल लजहरूका वरपर पानीका ड्रमर ग्यालिनले भरिएका हुन्थे। यसरी होटल व्यवसाय फस्टाउँदै जाँदासम्म सराङ्कोटको ऐतिहासिक महत्त्वतर्फ ध्यान पुगेन। सराङ्कोटको कोतघर रहेका ठाउँमा भएका भग्नावशेष नयाँ संरचनाले विस्थापित हुन पुगे। कास्की राज्य रहेको समयमा मुख्य सुरक्षा किल्ला रहेको ठाउँमा शिव मन्दिर निर्माण शुरु भयो। हाल सराङ्कोटको ऐतिहासिकताको विषय जनजिब्रोमा मात्र सीमित रहेको छ (पूर्णप्रसाद तिमिल्सिना, अन्तर्वार्ता)।

पोखराको सौन्दर्यतामा सराङ्कोटले थप उचाइमा पुऱ्याएको यथार्थ हाम्रो सामु रहेको छ। पहिलेको ऐतिहासिक महत्त्व बोकेको यस ठाउँ हाल पर्यटकीय गतिविधिको उपयुक्त स्थल हुनु सराङ्कोटका लागि गर्वको विषय हो। त्यसैले यहाँ स्थानीय तहबाट पर्यटन लक्षित विकासको प्रयास भइरहेको पाइन्छ। हरेक वर्षमा होटल लज तथा रिसोर्टहरू निर्माण भइरहेका छन्। केबुलकार, शिव मन्दिर, राष्ट्रिय विभूति पार्क, स्टार होटलहरू तीव्र रूपमा निर्माण हुन गएकाले छिटो नै यहाँको पर्यटन विकासमा नयाँ आयाम थपिने भएको छ। सराङ्कोट धार्मिक तथा पर्यटन विकास समितिको सक्रियतामा पाँचवटा धनधान्याञ्चल महायज्ञ सम्पन्न भइसकेका छन्। यसको साथै सराङ्कोट महोत्सव गर्ने शुरुवात् भइसकेको छ (प्रेम जि.सी., अन्तर्वार्ता)। सराङ्कोटको पर्यटनमा प्रबर्द्धन गर्ने उद्देश्यका लागि निम्न व्यवस्था भएको पाइएको छ।

१) पर्यटन व्यसायी समिति गठन
२) धार्मिक तथा पर्यटन विकास समिति गठन
३) धनधान्याञ्चल महायज्ञ तथा महोत्सव
४) केबुलकार (निर्माणको क्रममा)
५) जीप फ्लायर
६) होमस्टे स्थापना
७) शिव मन्दिर (निर्माणको क्रममा)
८) राष्ट्रिय विभूति तथा सहिद पार्क (निर्माणको क्रममा)
९) सुविधा सम्पन्न होटल तथा रिसोर्ट
१०) खानेपानी र सरसफाई अभियान

सराङ्कोटको पर्यटन विकासका लागि पोखरा महानगरले गुरुयोजनाहरू तय गरेको छ। जसमध्ये राष्ट्रिय विभूति तथा सहिदपार्क निर्माण, फूल बगान तथा विश्रामस्थल, पार्किङ् क्षेत्र विस्तार, भ्यू टावर निर्माण जस्ता कार्यहरू तीव्र गतिमा निर्माणको क्रममा रहेका छन्। पोखरादेखि सराङ्कोट र सराङ्कोटदेखि नागडाँडासम्म अपाङ्गमैत्री पदमार्ग निर्माणको निर्णयका साथै लिफ्टिङ सिस्टमबाट खानेपानी विस्तारका लागि वार्षिक नगर विकास योजनाको प्रथम नगरसभाबाट पारित भएको छ (वार्षिक नगर विकास योजना २०७४/०७५, पृष्ठ ९१ र १४९-१५२)।

## ५.२ सराङ्कोटमा पर्यटन विकासको ऐतिहासिक आधार

सराङ्कोटमा पोखरा घुम्न आउने अधिकांश पर्यटक पुग्ने गर्दछन्। जहाँबाट प्राकृतिक सुन्दरता र पोखरा उपत्यकाभित्रका दृश्यहरू रमणीय देख्न सकिन्छ। हालैका वर्षहरूमा सराङ्कोटमा आन्तरिक पर्यटकको चाप बढ्न पुगेको छ। त्यसैले पनि सराङ्कोट क्षेत्रभित्र पर्यटकीय गतिविधि बढ्न गइरहेका छन्। तर पनि सराङ्कोटमा त्यस बेलाको पर्यटन भन्ने भनाइ रहँदै आएको छ। मुख्य त वि.सं. २०३५ सालदेखि २०४५ सालसम्मको अवधिलाई मानिएको छ। यस अवधिमा सराङ्कोटमा बसोबासयुक्त होटलहरूको स्थापना र विकास भएका थिए। मोटरबाटोको सर्वसुलभता नभएको यस समयमा पर्यटकको बसाई सराङ्कोटमा नै हुने गर्दथ्यो। सीमित सङ्ख्यामा होटल लज भएका हुनाले भएका जति सबै ठाउँ पर्यटक बसाइँले खचाखच भरिन्थे। यस समयको शुरुतिर पाल टाँगेर बस्ने पर्यटकहरू पनि कमी हुने थिएनन्। रङ्गीविरङ्गी पालहरूले सजिएको सराङ्कोटमा स्थानीय उत्पादनको बजार पनि राम्रो थियो। स्थापित होटल व्यावसायी समेत सन्तुष्ट थिए। सराङ्कोट वरपरका गाउँका बासिन्दाहरूलाई कृषि उपजको बेचविखन मात्र नभएर रोजगारीका अवसर समेत हुने गर्दथे। पर्यटक भनेर विदेशी, भाषा शैली, पहिरन फरक भएकाहरूलाई मात्र बुझ्ने गरिन्थ्यो। विशेष गरी सेतो वर्ण, खैरो कपाल, निला आँखा भएका मानिसहरू पर्यटक हुन भन्ने धारणा थियो। उनीहरूलाई खुसी पार्न सके प्रशस्त आर्थिक लाभ लिन सकिन्छ भन्ने धारणाको विकास सर्वसाधारणमा पर्ने गरेको थियो। यही परम्पराले गर्दा नेपालीहरू दिल खोलेर स्वागत गर्ने दयालु स्वभावका हुन्छन् भन्ने प्रभाव विदेशीहरूमा पर्ने गरेको छ।

त्यस वखतको सराङ्कोटमा अहिलेका जस्ता सुविधा सम्पन्न होटलहरू पनि

थिएनन्। मोटर बाटोको पहुँच नपुगेको हुनाले पदयात्राका लागि पोखरादेखि नजिकको रमणस्य गन्तव्यस्थलका रूपमा रहेको थियो। सराङ्कोटमा रात बिताउने पर्यटकहरू बढी हुने गर्दथे। हाल आएर सराङ्कोटमा सुविधा-सम्पन्न होटलहरू स्थापना भएका छन्। यातायात र सञ्चारको सुविधाले दूरी छोट्टिएको छ। पर्यटकहरू दृश्य अवलोकनका लागि सराङ्कोट पुग्न र पोखरा फर्कन सजिलो भएको छ। त्यसैले सर्वसुविधा सम्पन्न पोखरा बसाइँलाई आधार बनाएर सराङ्कोट केवल दृश्यावलोकन, प्याराग्लाइडिङ तथा जीप फ्लायरका लागि उपयोग हुने गर्दछ। पर्यटकको बसाइँका लागि सराङ्कोट छनोट हुन सके मात्र यहाँको व्यावसायले पुरानो स्मरणलाई बिर्साउने छ (उमनाथ चपाइँ, अन्तर्वार्ता)।

## ५.३ पर्यटन विकासले सराङ्कोटमा पारेको प्रभाव

पर्यटन व्यवसाय आर्थिक उपार्जनको मुख्य आधार मानिन्छ। जहाँ पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेका हुन्छन् त्यहाँ विकासका लहरहरू पनि फस्टाएका हुन्छन्। यसको एउटा उदाहरण सराङ्कोटलाई मान्न सकिन्छ। त्यसैले पर्यटन व्यवसायको विकासले समग्र राष्ट्र क्षेत्र तथा समाजमा सकारात्मक प्रभाव पार्ने गर्दछ। पर्यटन व्यवसायमा संलग्न रहेको व्यवसायले बेरोजगारी समस्यालाई न्यून राखी विदेशिने प्रवृत्तिलाई समेत कटौती गरेको हुन्छ।

### ५.३.१ आर्थिक प्रभाव

पर्यटन विकासले सराङ्कोटमा सकारात्मक प्रभाव परेको पाइन्छ। हाम्रो देशमा जीवनयापनको मुख्य आधार कृषि हो। सराङ्कोटका अधिकांश बासिन्दाको जीवनयापनको माध्यम पनि कृषि नै हो। विगत ४० वर्षदेखि यहाँको पर्यटन व्यवसाय फस्टाउँदै गएको छ, जसले गर्दा उत्पादित कृषि उपजले पनि उपयुक्त बजार पाएको पाइन्छ। नेपालको अर्थतन्त्र वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्समा निर्भर रहेको यस अवस्थामा वैकल्पिक अवसरका रूपमा सम्भावित पर्यटन व्यवसायलाई उकास्नुपर्ने आजको आवश्यकता हो। नेपालमा पछिल्लो पटक २०६८ मा राष्ट्रिय जनगणना लिइएको थियो। त्यस जनगणनाअनुसार कास्की जिल्लाको पोखरा वरपरबाट रोजगारीको लागि विदेश जानेको सङ्ख्या निम्न तालिका अनुसार रहेको छ।

**कास्की जिल्लाबाट विदेशमा रहेका साविकका १० गा.वि.स. तथा नगरपालिकाको विवरण**

| साविक गा.वि.स. र न.पा. | परिवारबाट विदेश रहेका सङ्ख्या | जम्मा जनसङ्ख्या प्रतिशतमा |
|---|---|---|
| पोखरा उ.न.पा. | २७६५३ | ९.८ |
| लेखनाथ न.पा. | ७५३४ | ११.४ |
| भरतपोखरी गा.वि.स. | १४३१ | १२.७ |
| हेमजा गा.वि.स. | १२८६ | ९.५ |
| लामाचौर गा.वि.स. | ९४६ | ११.६ |
| ढिकुरपोखरी गा.वि.स. | ९०७ | ११.० |
| पुम्दीभुम्दी | ८७९ | १०.६ |
| अर्मला गा.वि.स | ८४७ | १३.७ |
| सराङ्कोट | ७७२ | ८.५ |
| कृस्ति नाच्नेचौर | ७५१ | १२.९ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि. ।*

यस तालिका अनुसार गा.वि.स तथा नगरपालिकाको कुल जनसङ्ख्याको आधारमा विदेश जानेका सङ्ख्या देखाइएको छ। यसमा सराङ्कोटको विदेशिनेको सङ्ख्या अन्यको तुलनामा कमी पाइएको छ। जुन पर्यटन व्यवसायमा संलग्न रहनुको प्रभाव हो भन्न सकिन्छ। यहाँ रहेको अधिकांश परिवारका कुनै न कुनै सदस्य पर्यटन व्यवसायमा संलग्न रहेका छन् ।

### ५.३.२ सामाजिक प्रभाव

सराङ्कोटको पर्यटनले सामाजिक क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको पाइन्छ। पर्यटन व्यवसायलाई सामाजिक, घुलमिलनको माध्यम मानिन्छ। एक कुनै ठाउँको फरक धर्म संस्कार, संस्कृति, रीतिरिवाज, वेशभूषा, भाषा, शैली भएको अर्को कुनै नयाँ संस्कार परम्परामा परिचित गराउने माध्यम पनि पर्यटन नै हो। जसबाट नयाँ तौरतरिका, काम र परिवेश बुझ्ने अवसर प्राप्त हुन्छ। त्यसअनुरूप आफ्नो जीवनशैली सरल र सुखप्रद बनाउन सहयोग पुग्दछ। देखासिकी र सल्लाह आदनप्रदानको वातावरण बन्न जान्छ। प्रगति र उन्नतिका लागि मेहनत र कर्म गर्ने बानीको विकास हुन पुग्छ।

सराङ्कोट क्षेत्रका बासिन्दा, युवा, बेरोजगारहरूमा व्यवसायउन्मुख हुने वातावरण पर्यटकीय गतिविधिको उपज मान्न सकिन्छ। यहाँको हरेक परिवारका सदस्यहरू पर्यटन व्यवसायमा नै संलग्न रहेको पाइएको छ। यसका साथै पर्यटनले समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ। समाज रूपान्तरणका लागि समेत पर्यटन व्यवसायले अहम् भूमिका निभाएको हुन्छ। हाल सराङ्कोटमा देखिएका व्यावसायिक उन्मुखता प्रायः पर्यटन लक्षित रहेका छन् ।

सराङ्कोटमा होटल व्यवसायमा संलग्न रामप्रसाद तिमिल्सिना पर्यटनले सराङ्कोटका बासिन्दाको जीवनस्तर मात्र उठेन जीवनयापन शैलीमा नै परिवर्तन आएको बताउँछन् । सराङ्कोट क्षेत्रको पर्यटन व्यवसायमा सफल व्यावसायीको रूपमा परिचित तिमिल्सिनाले वेल्जियम नागरिक र क्लबको सहयोगबाट दुई दर्जनभन्दा बढी शैक्षिक संस्थाहरूमा सहयोगको माध्यम बन्नेका छन् । विद्यालय भवन निर्माणदेखि शैक्षिक सामग्री वितरणसम्म सराङ्कोटका अधिकांश विद्यालयहरू समावेश रहेका छन् । बेल्जियम नागरिक इनर ह्विलको सहयोगमा सामाजिक भवन बनाएर सिलाई-बुनाई तालिम, ममबत्ती बनाउने तालिम, प्रौढ शिक्षा जस्ता कार्यक्रमहरू २०४७ सालदेखि नै शुरु भएका थिए। यसरी नै वैदेशिक संस्थाको सहयोगबाट अध्ययन गर्ने विपन्न परिवारहरूको सङ्ख्या पनि रहेका छन् । यी सबै क्रियाकलापहरू सराङ्कोटमा पर्यटकीय प्रभावका नतिजाहरू हुन् (रामप्रसाद तिमिल्सिना, अन्तर्वार्ता) ।

### ५.३.३ राजनैतिक प्रभाव

सर्सर्ती हेर्दा पर्यटनमा राजनैतिक प्रभाव टड्कारो रूपमा देखिँदैन। तर विश्व भाइचाराको सम्बन्ध राख्न पर्यटन गतिविधिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विशेष गरी आत्मीयता र अन्तरसम्बन्ध नजिक बनाउन पर्यटन गतिविधि नै सर्जक देखिएका छन्। उदाहरणका लागि नेपालमा आएको राजनैतिक परिवर्तन बाह्य राष्ट्रको अनुकरण नै हो। जसले देश, क्षेत्र, समाज तथा सिंगो परिवारलाई समेत प्रभाव पारेको हुन्छ ।

पर्यटन प्रबर्द्धनका लागि कुनै पनि राष्ट्रमा स्थिर, शान्तपूर्ण र अनुकूल वातावरण आवश्यक पर्दछ । देशमा राजनीतिक अस्थिरता छाएको समयमा पर्यटन व्यवसायमा समेत प्रभाव पर्ने गरेको विगत वर्षहरूका पर्यटक आगमनका तथ्याङ्कहरूबाट बुझ्न सकिन्छ। फरक ठाउँ, फरक संस्कार तथा फरक-फरक खालको विचारशैलीको आपसी आदानप्रदानले

जनस्तरमा समेत चेतनाको जागरण ल्याएको हुन्छ। सराङ्कोटमा पनि पर्यटनको प्रभावले राजनैतिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पारेको मान्न सकिन्छ। जसले गर्दा नयाँ विचार र भावनाको विकास हुन सहयोग पुऱ्याएको हुन्छ।

### ५.३.४ धार्मिक प्रभाव

नेपालका कला, संस्कृति, परम्परा, पर्यटन आकर्षणका स्रोत मान्छिन्। कुनै ठाउँका ऐतिहासिक र परम्परागत रीतिरिवाज त्यस ठाउँका परिचायक हुन्छन्। सराङ्कोटका पनि आफ्ना ऐतिहासिक मूल्य मान्यता रहिआएका छन्। यस ठाउँलाई शोभायमान बनाउन यहाँका ऐतिहासिक तथा धार्मिक परम्पराको जगेर्नाले दिगो पर्यटनको विकास हुन जान्छ। त्यसैले यहाँ हाल आराध्यदेव शिव मन्दिर निर्माण हुन गइरहेको छ। यसले बाह्य मात्र नभएर आन्तरिक पर्यटनलाई समेत बढावा दिन सक्ने देखिन्छ।

सराङ्कोटमा परापूर्व कालदेखि नै भूमे कालिका र भूमे भैरवको पूजा गर्ने परम्परा रहिआएको छ। अदृश्य शक्तिका रूपमा मानिआएको देवी-देवताको पूजाआराधना प्रचलित मौलिक पहिचानका रूपमा रहेका हुन्छन्। छिमेकी राष्ट्र भारतबाट आउने पर्यटकहरू नेपाललाई कैलाश पर्वत शिव महादेवको देशको रूपमा चिन्ने गर्दछन्। तसर्थ यी धार्मिक अनुष्ठानको निर्माणले पर्यटक आगमनमा थप सहयोग पुऱ्याउने देखिन्छ। यसका साथै आन्तरिक पर्यटनलाई बढावा दिनु यसको मुख्य लक्ष्य भएको पाइएको छ। हाम्रा पर्व, उत्सव, जात्रा, मेलामा समेत विदेशी पर्यटक उत्तिकै रम्ने रमाउने गरेको पाइन्छ। सराङ्कोटमा धार्मिक तथा पर्यटन विकास समिति गठन भएको छ (विस्तृत विवरण परिशिष्ट नं. ३ मा उल्लेख छ)।

### ५.३.५ सराङ्कोटमा पर्यटन विकासका नकारात्मक प्रभावहरू

कुनै पनि विषयमा सकारात्मक प्रभावसँगै नकारात्मक प्रभावहरू पनि विद्यमान रहन्छन्। यसरी नै सराङ्कोटमा पर्यटनको प्रभावले यहाँको बासिन्दाको जीवनस्तर उकासिए पनि केही नकारात्मक प्रभावहरू रहेका छन्। नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुसंस्कृतिको रूपमा परिचित राष्ट्र हो। यहाँको जीवनयापन शैली अन्य मुलुकहरूको भन्दा फरक पाइन्छ। हालैका केही वर्षहरूमा पर्यटनको विकाससँगै जीवनशैली र सांस्कृतिक स्वरूपमा परिवर्तन आएको पाइएको छ। यस अवस्थामा रहेको सराङ्कोटमा पनि पर्यटनको

विकासका साथै सामाजिक चालचलन र जीवनयापन शैलीमा परिवर्तन आएको छ ।

सराङ्कोट क्षेत्रमा वि.सं. २०७६ मा भएको वडा सर्वेक्षणअनुसार २०५० घरधुरी रहेका छन् । झण्डै ७५% घर सदस्यहरू कुनै न कुनै रूपमा पर्यटन व्यवसायमा संलग्न रहेका छन् (वडा प्रतिवेदन २०७६) । यस तथ्याङ्कअनुसार यहाँको मुख्य पेशा वा व्यवसाय पर्यटनसँग सम्बन्धित रहेको छ । नगद आम्दानीको मुख्य स्रोतका साथै रोजगारीको माध्यम पनि पर्यटन भएकाले अधिकांश युवा जनशक्ति परम्परागत जीवनशैलीभन्दा फरक रहेको पाइएको छ । यसका साथै धर्म परिवर्तन, विदेश पलायन, कुलतको विकास जस्ता क्रियाकलापहरू पनि हुन गइरहेका छन् । वि.सं. २०४५ सम्म हिन्दु र बौद्ध धर्ममा आश्रित मात्र रहेको सराङ्कोटमा पछिल्लो समयमा क्रिश्चियन र मुस्लिमहरू पनि भेटिने गरेका छन् । क्रिश्चियनहरू आफ्नो परम्परागत धर्म छाडेर लाग्नेहरू हुन् भने मुस्लिमहरू बसाइँ सरेर आएका बासिन्दा हुन् (धार्मिक विकास समिति साक्षात्कार) । यसरी नै हालसम्म प्राप्त जानकारीअनुसार वैवाहिक सम्बन्ध गाँसेर विदेशमा नै बसाइँ गर्ने पाँच घरपरिवारबाट आठजना पाइएको छ (वडा अध्यक्ष,साक्षात्कार) । उनीहरूको आवत्जावत् भने भइनैरहेको छ । विदेशी पर्यटकहरूलाई अवैध रूपमा गाँजा चरेश जस्ता लागुपदार्थको विक्री-वितरण गरी आफ्नो नराम्रो बानीको विकास गर्नेहरू पनि नगण्य रूपमा रहेका छन् (वडा सदस्य साक्षात्कार) ।

यस्ता परम्परा, मौलिक जीवनशैली, खानपान तथा भेषभूषामा पनि पश्चिमी शैलीको प्रभाव परी केही परिवर्तन भएको पाइएको छ । नेपाल र नेपालीको पहिचान नहुने प्रकृतिको विकास मौलाउँदै गएको पाइएको छ । ऐतिहासिक सामग्रीहरूको चोरी पैठारी पनि विदेशीहरूको आगमनसँगै भएको पूर्व वडा अध्यक्ष उमनाथ चपाइँको भनाइ रहेको छ ।

## ५.४ सराङ्कोटमा पर्यटन विकासका पूर्वाधारहरू

सराङ्कोटमा भएको पर्यटन व्यवसायलाई सामूहिक हितमा व्यवस्थित गर्न २०६७ सालदेखि यहाँ पर्यटन व्यवसायी समिति गठन भएको छ । सम्बन्धित गाउँको वडा भेलाले उक्त ९ सदस्यीय कार्य समिति गठन गरेको पाइएको छ । पर्यटन व्यवसायसँग सम्बन्धित व्यवसायीहरूले आपसी सामूहिक हितका लागि गठन भएको यस समितिले मासिक बैठक र छलफल गर्ने गरेको छ । पर्यटन प्रबर्द्धनका लागि समय समयमा हुने भेला, उत्सव, प्रदर्शनी तथा वातावरण सरसफाई कार्यमा सहयोग पुऱ्याउने हेतुले यो समिति गठन भएको छ । ती

समितिहरू हालसम्म कार्यरत रहेका छन् । उक्त समिति परिशिष्ट नं. ३ मा उल्लेख भए अनुसार रहेका छन् ।

समितिका अध्यक्ष लक्ष्मण चपाइँको असामयिक निधन पश्चात् का.वा. अध्यक्ष मोतिलाल तिमिल्सिना रही मासिक भेला प्रत्येक महिनाको पहिलो शनिबार बस्ने र यस क्षेत्रमा पर्यटन विकास सम्बन्धी निर्णय र कार्य गर्ने गरिएको छ (अन्तरवार्ता, का.अ. मोतिलाल तिमिल्सिना) ।

## ५.५ सराङ्कोटमा स्वदेशी तथा विदेशी पर्यटकहरूको आगमन तथा बसाइँ स्थिति

सराङ्कोटमा मोटरबाटो पुग्नुभन्दा अगाडि पर्यटकको बसाइँ रहने ठाउँ थियो । जब वि.सं. २०४३ मा यस ठाउँमा मोटरबाटो पुग्यो यहाँ पर्यटकको बसाइँ एकाएक हराउन थाल्यो । त्यसमा पनि २०४६ मा कच्ची बाटो, कालोपत्रे बनेपछि सो ठाउँ पर्यटक पुगेर फर्कने ठाउँ मात्र भयो । तर सराङ्कोटमा दृश्य अवलोकनका लागि पुग्ने स्वदेशी तथा विदेशीको आगमनमा कमी आएको छैन । बसाइँका लागि प्रयोग हुने गरेको ठाउँ आवतजावत् दृश्य अवलोकन र प्याराग्लाइडिङका लागि मात्र सीमित हुन पुगेको हो । त्यसैले यहाँ पर्यटकको बसाइँ बढाउनका लागि कुनै पनि सुविधायुक्त नयाँ रूप दिन आवश्यक छ । यहाँ पर्यटक आगमनको कुनै अद्यावधिक रेकर्ड रहने गरेको छैन । केवल प्याराग्लाइडिङ र भ्यू प्वाइन्टमा टिकट काट्नेको सङ्ख्या मात्र रहने गरेको छ । त्यसमा पनि भ्यू प्वाइन्टमा टिकट लिई प्रवेश गर्नेको रेकर्ड ठेक्काको काम भएकाले वास्तविकता लुकाउने प्रयास रहन्छ भन्ने स्थानीयको भनाइ रहेको छ । चाहे जेहोस् सराङ्कोट पर्यटकका लागि मुख्य गन्तव्य हो । पोखरा आउने पर्यटकमध्ये झण्डै ७५% अवश्य यहाँ पुग्ने गर्दछन् भन्ने अनुमान छ । तथापि यहाँ पर्यटकको बसाइँ र किनमेलका लागि प्रयोग नहुनाले कागको लागि बेल पाके जस्तो उदाहरण चरिचार्थ हुने देखिन्छ । सराङ्कोट मात्रको पर्यटन आगमन र प्याराग्लाइडिङको रेकर्ड कुनै पनि सरकारी निकाय तथा संघसंस्थामा राखिएको छैन । त्यसैले गण्डकी प्रदेशको पर्यटक आगमनको रेकर्ड परिशिष्ट नं. २ मा उल्लेख छ ।

## ५.६ सराङ्कोटमा पर्यटन विकासका लाीग पोखरा महानगरका भावी योजना र नीतिहरू

राज्य पुनः संरचनासँगै पर्यटकीयस्थल सराङ्कोट पोखरा महानगरअन्तर्गत वडा नं. १८ मा रहेको छ । त्यसैले यहाँको विकास निर्माण र पर्यटकीय गतिविधिसँग पोखरा

महानगर सम्बन्धित रहेको छ। त्यसअनुरूप जननिर्वाचित स्थानीय सरकार गठन भएपछि सराङ्कोट वडा नं. १८ को सर्वाङ्गीण विकासका लागि पहिलो बैठकमा पि.पि.पि.(Public, Partnership Programme) मोडलमा कामको योजना र कार्यान्वयन हुन थालेको छ। उक्त निर्णयअनुसार हाल धार्मिक क्षेत्र विकासका लागि शिव मन्दिर निर्माण, पार्क एवम् उद्यान विस्तारका लागि राष्ट्रिय विभूति पार्क, आईटी पार्क, खुल्ला जीम स्थल, सराङ्कोट, कास्कीकोट, नागडाँडासम्म अपाङ्गमैत्री पदमार्ग निर्माण जस्ता योजनाहरू कार्यान्वयनको चरणमा छन्। सराङ्कोटमा निर्माण हुन थालेका होटल तथा रिसोर्टहरूका लागि निश्चित मापदण्ड पालना गर्नुपर्ने जस्ता कार्यहरू भइरहेका छन्। पोखरा महानगरले हरेक वर्ष सम्पूर्ण वडाहरूमा वार्षिक कार्य योजना, नीति निर्माण तथा कार्यान्वयन मूल्याङ्कनको विवरण सार्वजनिक गर्ने गरेको छ। विशेष गरी वडा प्रतिनिधिहरूको सक्रिय सहभागितामा योजना बनाउने तथा कार्यान्वयन गर्ने हुनाले सम्बन्धित ठाउँको आवश्यकतालाई प्राथमिकताको आधार बनाएर तत्काल योजना तथा कार्यान्वयन गर्ने गरिएको छ। सबैभन्दा बढी जनसङ्ख्या लाभान्वित हुने र राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विशेष ध्यान दिई कार्य गरिने नीति महानगरको रहेको छ। सोही नीतिअनुसार सराङ्कोटको पर्यटन विकाससम्बन्धी कार्यलाई प्राथमिकतामा राखिएको छ (रणबहादुर थापा, अन्तर्वार्ता)।

## ५.७ सराङ्कोटमा रहेका केही मुख्य सामाजिक संघसंस्थाहरू

समयको विकासक्रमसँगै सराङ्कोट क्षेत्रमा विभिन्न संघसंस्था, स्कुल तथा कार्यालयहरू सञ्चालनमा रहेका छन्। हरेक संघसंस्थाको पर्यटनसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। त्यसमा पनि कतिपय संघसंस्थाहरू सराङ्कोटमा पर्यटकीय प्रभावका कारण सहयोग स्वरूप सञ्चालनमा रहेका छन्। जस्तैः बालसुधार गृह, पुनर्स्थापना केन्द्र, गैरसरकारी संघसंस्थाहरू वैदेशिक सहयोगबाट सञ्चालनमा रहेका छन्। प्रायः स्कुलहरूमा पनि वैदेशिक सहयोग प्राप्त भएको पाइएको छ। तिनीहरूको नाम र ठेगाना निम्न प्रकार रहेको छ।

**आधारभूत विद्यालयहरू**

१. शारदा आधारभूत विद्यालय, तोरीपानी

२. सरस्वती आधारभूत विद्यालय, सिमताल

३. अमरज्योति आधारभूत विद्यालय, भञ्ज्याङ

४. मणिज्योति आधारभूत विद्यालय, गोठादी

५. प्रभात आधारभूत विद्यालय, सेदी बगर

६. सिर्जना आधारभूत विद्यालय, लामागाउँ

**उच्च मा.वि.**

१. जगजागृति मा.वि., पँधेली

२. शान्ता मा.वि. भकुण्डे

३. पोखरा चिसाखोला वेदविद्याश्रम, चिसाखोला

**निजी विद्यालय**

१. बालप्रतिभा बोर्डिङ स्कुल, पँधेली

**सहयोगी संस्थाहरू**

बाल सुधार गृह, ग्यारजाती

नौलो घुम्ती पुनर्स्थापना केन्द्र, धारापानी (पाखा)

बर्थिङ सेन्टर सहितको स्वास्थ्यचौकी, सराङ्कोट

वडा प्रहरी एकाइ, सराङ्कोट

नेपाल टेलिभिजन प्रसारण कार्यालय, सराङ्कोट

| **सहकारी संस्थाहरू** | **कार्यालय रहेको स्थान** |
|---|---|
| १. भावना सामुदायिक कृषि सहकारी | वडा कार्यालय भवनमा |
| २. महिला साना किसान कृषि सहकारी | गोठादी |
| ३. सर्वहित बचत तथा ऋण सहकारी | चंखपुर |
| ४. सुनगाभा बचत तथा ऋण सहकारी | सेदी बगर |
| ५. मत्स्य उत्पादन तथा बेचबिखन केन्द्र | खपौंदी |
| ६. गन्तव्य अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था | बागलुङ बसपार्क (कार्यक्षेत्र सराङ्कोट) |
| ७. पोखरावेशी बचत तथा ऋण सहकारी संस्था | पोखरा-२, कार्यक्षेत्र सराङ्कोट |

**राष्ट्रिय/अन्तर्रायष्ट्रय गैरसरकारी संघसंस्थाहरू**

हिमाली बालकल्याण समूह, पोखरा-कार्यक्षेत्र सराङ्कोट

गुणस्तर जीवन नेपाल पोखरा-६, बैदाम- कार्यक्षेत्र सराङ्कोट

## ५.८ सराङ्कोटमा पदमार्ग

नेपालका पहाडी गाउँघरहरूको झलक दिने सराङ्कोट पोखराबाट नजिकको दूरीमा रहेको ठाउँ हो। यहाँका अधिकांश स्थानीयको खेतीयोग्य जमिन फेवातालको किनारमा रहेको छ। त्यसैले पनि यो फेवातालको जलाधारीय क्षेत्रभित्र पर्दछ। परापूर्व समयदेखि फेवाफाँट आसपासको कृषिजन्य उत्पादन आफ्नो गाउँसम्म पुऱ्याउन गोरेटा बाटाहरू प्रचलनमा आउने गर्दथे। हाल यातायातको सुविधाले उक्त बाटाहरू झाडीले ढाकिएका छन्। पोखरादेखि सराङ्कोटसम्म पुग्ने मुख्य पदमार्ग हालको मोटरबाटोसँगै रहेको थियो। मानिसहरूका इच्छा र चाहना परिवर्तन भएसँगै पोखरादेखि सराङ्कोटसम्म हिँडेर पुग्नेहरूको सङ्ख्या पनि बढ्दै गएको छ। त्यसमा पनि विदेशी पर्यटकहरू बढी मात्रामा हिँड्न नै रुचाउने गरेको देखिन्छ। यस कुरालाई आधार मानेर पोखरा वैदामदेखि सराङ्कोटसम्म पुग्ने र सराङ्कोटको डाँडाडाँडै कास्कीकोट हुँदै नागडाँडासम्म पुग्ने अपाङ्गमैत्री पदमार्ग निर्माण गर्ने योजना महानगरको रहेको छ।

हाइकिङका लागि उपयुक्त यस ठाउँ पर्या-पर्यटनको धारणाअनुरूप विकास हुन आवश्यक देखिन्छ। पर्यटनलाई प्रवर्धन गर्ने उद्देश्यले स्थापना हुन गएका कार्यहरू वातावरणको संरक्षणसँग पनि अनुकुल रहनुपर्दछ। पदमार्ग प्रत्यक्ष रूपमा प्रकृति र वातावरण नियाल्न सकिने माध्यम हो।

सर्वप्रथम फ्रान्सेली नागरिक मोरिस हेर्जोगले अन्नपूर्ण पदमार्गको अन्वेषण गरेका थिए। अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेपछि अन्नपूर्ण चक्रीय पदमार्ग बारेमा देश-विदेशमा जानकारी हुन पुगेको थियो। यस विकासक्रमलाई पछ्याउँदै पर्यटनविद् झलक थापाले पोखरा वरपरका पदमार्गको अन्वेषण गरेका थिए। पोखराको पर्यटनप्रति गहिरो लगाव रहेका थापाले माछापुच्छ्रे हिमाललाई कुमारी हिमाल र अन्नपूर्ण प्रथम हिमाललाई जेठो हिमाल कायम गर्ने अभियानमा जुटेका थिए। वि.सं. २०२८ सालदेखि पोखरामा हिप्पीहरूको आगमन हुन थालेपछि लमजुङ हिमाल, अन्नपूर्ण वेसक्याम्प, माछापुच्छ्रे वेसक्याम्प साथै अन्नपूर्ण क्षेत्रको पदयात्रा गरिसकेका थापाले पोखरा वरपरको

पदमार्गको जानकारी ट्राभल एजेन्सीमार्फत बाहिर ल्याउएका थिए ।

(होमस्टे मार्ट २०७३ चैत्र २५-२६)

नेपाल पर्यटन वोर्ड पोखरा र गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल

पदमार्गको प्रयोगले पर्यटक र स्थानीय बीचको दूरी नजिक बनाउँछ। प्रकृति र वातावरणसँग परिचित गराउँछ भने पर्यटकको बसाइँ लम्ब्याउन सघाउ पुग्दछ। त्यसैले पनि सराङ्कोटमा पुग्ने पदमार्ग निर्माण गर्नु सराङ्कोटको पर्यटन विकासको महत्त्वपूर्ण आधार बन्न सक्दछ ।

## ५.९ सराङ्कोट र कास्कीकोटसँग जोडिएका तथ्यहरू

कास्कीकोटझैँ सराङ्कोट छुट्टै राज्यका रूपमा विकास हुन नसकेको तथ्य हाम्रो सामु रहेको छ। तर पनि कास्की एक राज्यका रूपमा रहेको समयमा सराङ्कोटको भूमिकालाई कम आँकलन गर्न सकिँदैन। कास्की राज्य रहेको समय राजा राज शाहको पालामा गल्कोटे सेना तैनाथ गरी छोरी ज्वाइँ कल्याण मल्ललाई ७०० घरधुरी थपौला दिई राज्य सञ्चालनको जिम्मा पाएका कल्याण मल्लको पछिल्लो जानकारी पाउन सकिएको छैन। जे भए तापनि कुनै समयमा सराङ्कोट पनि एक सानो राज्यका रूपमा रहेको सङ्केत पाइन्छ।

जनजिब्रोमा झुण्डिएका कुराहरू र हाल प्रचलनमा रहेका विषयहरू नै हाम्रो इतिहासका स्रोतहरू हुन्। त्यसैले इतिहासका प्रमाणका आधार परम्परागत प्रचलन र हालका किंवदन्ती हुने गरेका छन्। किनकि नेपालको इतिहासलेखनमा पहिला कलम चलाउने विदेशीहरू भएकाले आफ्नो अनुकुलताको आधार बनाएका उदाहरणहरू पाइएका छन्। त्यसैले सत्यताको नजिक पुग्न प्राप्त प्रमाणहरूलाई परम्परागत प्रचलनको कसी लगाउनुपर्ने हुन्छ। यसरी नै कास्की राज्यको समयदेखि प्रचलनमा रहेका परम्परा र भनाइहरू यहाँको इतिहासका प्रमुख स्रोतहरू हुन् । त्यस समयमा कतिपय भारदारहरू, पूजारी तथा गाउँका मुखियाहरू रुष्ट रहेकाले पर्न गएका प्रभावहरू हालसम्म प्रचलित पाइएको छ ।

कास्की राज्य रहेको समयमा यस राज्यभित्रका गाउँ हर्पन र सेराचौरबीच प्याउदीमा रहेको जङ्गल उपभोग गर्ने विवाद भएको थियो। जुन जङ्गल हर्पनसँग जोडिएको थियो। उक्त विवादमा तत्कालीन कास्कीका राजाबाट हर्पनका पक्षमा निर्णय भएको थियो। यस निर्णयउपर विमति जनाउँदै सेराचौरकी जिजु बराजुले प्याउदीको जङ्गलबाहेक सेराचौरका

लागि अन्य उपभोगको जङ्गल नभएकाले कास्कीकोट दरबार दक्षिणमा पर्ने कुवामा गई सेरियर मरेकी रहिछन्। त्यसैले त्यस कुवाको पानी सेराचौरका अधिकारीले पिउन नहुने, विवाह वा शुभकार्य गर्दा त्यही बाटो पर्न गएमा स्मरणस्वरूप बाजा नबजाई तल घोप्टाएर हिँड्ने, बेहुला-बेहुलीले जुत्ता-चप्पल जे लगाएका छन् खोल्नु पर्ने, डोली झार्नुपर्ने, उघारेको छाता मार्नु पर्ने प्रचलन रहिरहेको छ (अगन्धर अधिकारी, अन्तर्वार्ता)।

पराजुलीहरूले पूजा गर्ने ठाउँ माझ थुम्की सिद्ध बराह मन्दिरमा रहेको दाहिने शंख कास्कीका राजाले हरण गरी लगेका हुनाले उक्त मन्दिरमा रहेका भक्त पराजुली पूजारीले आत्मदाह गरेका थिए भनिन्छ। त्यसै हुनाले चैनपुर निवासी पराजुलीहरूले आफ्नो मृत्यु संस्कारमा शंख नबजाउने प्रचलन हाल पनि कायम छ। यसरी नै सराङ्कोटको फेदीमा पर्ने सेदी खोलामा पराजुलीहरूले आफ्ना पुर्खाले जार काटेका हुनाले त्यस खोलाको पानी पिउन नहुने प्रचलन छ (कविराज पराजुली, अन्तर्वार्ता)। त्यस्तै गरी बराल थरहरूलाई कास्कीकोटको पूजा परम्परामा समावेश नगरिएको हुनाले बरालहरूले कास्की ठुलीपोखरीको पानी पिउन नहुने र कास्की कालिकाको पूजा भाकल नगर्ने गरेको पाइन्छ (विद्याधर पहारी, अन्तर्वार्ता)। यस्ता परम्परागत प्रचलनहरूमा सत्यता लुकेको हुनाले थप खोजीका विषयहरू बन्न पुगेका छन्। परम्परागत प्रचलन र वयोवृद्धका भनाइहरू नै हालका लागि ऐतिहासिक प्रमाणका स्रोतहरू हुन्। यी प्रचलनहरू हालसम्म रहेका हुनाले सराङ्कोट र कास्कीकोट बीचका अनेकन तथ्यहरू विलय भएको अनुमान गर्न सकिन्छ। यस्ता प्रचलित प्रमाणहरूले विभिन्न समयमा भएका वास्तविक घटनाहरूको प्रतिनिधित्व गरेका हुन्छन्।

## ५.१० सराङ्कोटमा होमस्टे

नेपालमा होमस्टेको व्यावसायीक शुरुवात् वि.सं. २०५४ सालदेखि भएको हो (होमस्टे मार्ट, २०७३ चैत्र २५)। स्याङ्जा जिल्ला सिरुबारीका क्याप्टेन रुद्रमान गुरुङ्ले आफू भारतीय सेनामा कार्यरता रहँदादेखि नै पर्यटनको सपना देखेका थिए। त्यसैले उनले आफ्नो सेनाबाट अवकाश प्राप्त समय होमस्टे पर्यटनमा खर्चिएका थिए। स्याङ्जाको दुर्गम गाउँ सिरुबारीमा पर्यटनको बिउ रोप्नु सानो काम थिएन। त्यसमा पनि समुदाय नै लाभान्वित हुने गरी स्थापना गरिएको सिरुबारी होमस्टेले अन्तर्राष्ट्रिय जगत्मा नै नाम राख्न सफल भयो।

पर्यटनको विकाससँगै होमस्टेको अवधारणाको विकास भएको हो। नेपाल पर्यटन

बोर्ड राज्यको राष्ट्रिय पर्यटन संस्थाको रूपमा रहेर सार्वजनिक निजी साझेदारीलाई उच्च प्राथमिकतामा राख्दै होमस्टे स्थापनालाई सहयोग पुऱ्याउन थालेको हो। फलस्वरूप नेपालका विभिन्न स्थानमा ग्रामीण होमस्टे सञ्चालनमा रहेका छन्। यसै गरी पोखरा नजिक रहेको सराङ्कोटमा पनि होमस्टेको स्थापना र विकास हुन थालेको छ। ग्रामीण समुदायले आफ्नो ठाउँको ऐतिहासिकता र परम्परा झल्काउने साथै पर्यटक आकर्षित गर्ने यो एउटा उत्तम माध्यम पनि हो। हालैका वर्षहरूमा सराङ्कोटमा पर्यटक आकर्षित गर्ने उद्देश्यले होमस्टे स्थापना र सञ्चालनमा रहेका छन्। हाल वडामा सूचीकृत होमस्टे निम्न प्रकार रहेका छन्।

- गन्तव्य सामुदायिक होमस्टे, चालिसेडाँडा
- तोरीपानी होमस्टे, तोरीपानी
- अन्नपूर्ण होमस्टे, लामागाउँ

सराङ्कोटका पर्यटन व्यवसायीहरूको संलग्नतामा पर्यटकको बसाइँ लम्ब्याउने उद्देश्यले होमस्टेको शुरुवात हुन गएको हो। वि.सं. २०७३ सालदेखि शुरु गर्न थालिएको पहिलो होमस्टे गन्तव्य सामुदायिक होमस्टे थियो। आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर स्थापना गरिएका होमस्टेमा स्थानीय उत्पादनको अर्गानिक खाना र स्थानीय रीतिरिवाज, चालचलनको प्रदर्शन गरेर पर्यटकलाई आनन्द दिलाउने काम गरिन्छ। देशका विभिन्न ठाउँमा रहेका होमस्टेका बारेमा जानकारी पाएपछि सराङ्कोटमा पनि होमस्टे सञ्चालन गर्न लागिएको थियो।

समुदाय स्तरबाट सञ्चालित यी होमस्टेहरूमध्ये अन्नपूर्ण होमस्टे लामागाउँ निजी रूपमा सञ्चालनमा रहेको छ। यस अध्ययनको क्रममा थप दुई होमस्टेहरू सराङ्कोट क्षेत्रमा स्थापनाको चरणमा रहेका छन्। सञ्चालनमा रहेका दुई सामुदायिक होमस्टे (गन्तव्य सामुदायिक र तोरीपानी सामुदायिक) सम्म पुग्न पोखरा विन्दवासिनीदेखि पश्चिम करिब १० कि.मी. मोटरबाटो दूरीमा पुग्नुपर्दछ। त्यसपछि गन्तव्य सामुदायिक होमस्टे पुग्न करिब २० मिनेट दक्षिणतर्फ ओरालो लाग्नुपर्दछ। त्यस्तै तोरीपानी सामुदायिक होमस्टे पुग्न ३० मिनेट पश्चिमतर्फ लाग्नुपर्दछ।

यी होमस्टेहरूमा ३/३ जनाको सम्पर्क समिति रहेका छन्। आगन्तुक पाहुनाहरूलाई स्वागत सत्कारका लागि स्थानीय सांस्कृतिक समूह मुख्य मोटरबाटोसम्म लिन आउने प्रचलन छ। खानपान र बसोबासको बन्दोबस्तका लागि सञ्चालक समितिका सदस्यहरू

पालो गरेर सेवामा खटिने प्रबन्ध मिलाइएको छ ।

गन्तव्य सामुदायिक होमस्टेमा १५ घरधुरीको समूह संलग्न रहेका छन् । यहाँ होमस्टेको नियमअनुरूप बसोबास र खानपानको व्यवस्था मिलाइएको छ । प्रति पाहुना ९५० रुपैयाँका दरले एक दिनको बसोबास र खानपान मिलाउने गरिन्छ । तोरीपानी सामुदायिक होमस्टेमा १३ घरधुरी समूहमा आवद्ध रहेका छन् । यहाँ पनि प्रति पाहुना ९५० रुपैयाँको प्याकेजको बन्दोबस्त रहेको छ । प्रत्येक घरहरूमा २ देखि ४ बेड अतिथिका लागि बन्दोबस्त गरिएको छ । स्वागत तथा सांस्कृतिक कार्यक्रमका लागि यी दुवैमा सामुदायिक भवनको प्रयोग हुने गरेको छ । दुवैका लागि आ-आफ्नै सामुदायिक भवनका साथै एउटै प्रकृतिको बसोबास, खानपान, घुमफिरका व्यवस्था रहेका छन् । ५० वेडको बन्दोबस्त रहेको गन्तव्य सामुदायिक होमस्टे र ४० वेडको बन्दोबस्त रहेको तोरीपानी सामुदायिक होमस्टेमा अतिरिक्त पाहुनाहरू भएमा पनि थप व्यवस्था मिलाउने गरिएको छ ।

खानपानको लागि साँझ र बिहानको खाजा स्थानीय उत्पादनका परिकारहरू ( सिजनअनुसार- मकै, कोदो वा फापरको रोटी, लोकल अण्डा, चिया) खुवाइन्छ भने बेलुकीको स्थानीय खाना (स्थानीय उत्पादित कुखुरा वा खसीको मासु, फेवाफाँटको जेठोबुढो चामलको भात, दाल र सिजन अनुसारको तरकारी) खुवाउने गरिन्छ ।

हाल होमस्टेको प्रचलन बढेसँगै स्वदेशी मात्र नभएर विदेशी पाहुनाहरू पनि आकर्षित रहेका छन् । शुरुवाती समयभन्दा पछिका समयमा विदेशी पाहुना बढी हुने गरेको सम्पर्क समितिका सदस्यहरूको भनाइ रहेको छ (ज्ञानबहादुर थापा, अन्तर्वार्ता) ।

## ५.११ सराङ्कोटको वर्तमान अवस्था

सराङ्कोटको ऐतिहासिकता मापन गर्ने आधार विगतको अवस्था हो । विगतका दिनहरूमा सराङ्कोट कुन स्थितिमा गुज्रेको थियो भन्ने बारे कुनै प्रामाणिक आधारहरू यथेष्ट रहेका छैनन् । तर वर्तमान सराङ्कोट तपाईं हाम्रो सामु उभिएको छ । यसको यथार्थता लेखन मात्र नभएर प्रत्यक्ष अवलोकन र परम्परागत प्रचलन मानिन्छन् । नेपाल उच्च हिमालहरूका कारण संसारमा चिनिएको छ । यसरी नै पोखराको चिनारी दिने गहनाको रूपमा सराङ्कोटको दृश्य अवलोकन बन्न पुगेको छ । सराङ्कोट यातायात र सञ्चारको पहुँच नपुग्दादेखि नै प्रख्यात रहेको ठाउँ हो । जहाँ मानवीय आलश्यता र नैराश्यता हराउने दृश्यहरूको समायोजन रहेको छ । त्यसैले सराङ्कोटलाई प्राकृतिक

दूरीवनका नामले चिनिन्छ। प्रकृतिले सिँगारिएका अनेकन ठाउँहरू मध्ये सराङ्कोट एक उदाहरणीय ठाउँ हो। जुन ठाउँबाट हिमाल उच्च पहाड, समथर भूभाग, नदीनाला, वनजङ्गल र तालतलैयाको एकै ठाउँबाट अवलोकन गर्न सकिन्छ। त्यसैले सराङ्कोटमा हाल सुविधा सम्पन्न होटल, रिसोर्टदेखि केबुलकार, विभूति पार्क, शिव मन्दिर, पार्क एवं उद्यान निर्माण हुन गइरहेका छन्। प्याराग्लाइडिङ र जीप फ्लायर जस्ता साहसिक खेलका साथै दृश्यावलोकनका लागि समेत उत्तिकै प्रख्यात छ। सराङ्कोटमा दैनिक सरदर १००० पर्यटक पुग्ने गर्दछन् (चीनबहादुर बानियाँ, अन्तर्वार्ता)। यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्य अत्यन्त मनमोहक मानिन्छ। त्यसैले सराङ्कोटका पर्यटकीय गतिविधिहरू सुधारउन्मुख रहेका छन्।

## ५.१२ पर्यटनमा दैवीप्रकोप तथा महामारीको प्रभाव

समय समयमा हुने दैवीप्रकोप तथा महामारीको असरले विश्व पर्यटनलाई नै प्रभाव पार्ने गर्दछ। यसका अलावा राजनैतिक प्रभाव पनि पर्ने गर्दछ। नेपालमा अस्थिर राजनीतिको प्रभाव, भूकम्प, महामारी, बाढीपहिरो जस्ता घटनाहरू शृङ्खलाबद्ध रूपमा भई रहेका छन्। हाल विश्वभर कोरोना (Covid-19) को असर परिरहेको छ। जसले गर्दा एक मुलुकबाट अर्को मुलुकमा पुग्ने मात्र नभएर एउटै देशभित्र एक ठाउँबाट अर्को ठाउँमा जान, एकआपस प्रत्यक्ष सम्पर्कमा पुग्न समेत नहुने भएको छ। जसले गर्दा समग्र विश्व पर्यटन नै शिथिल बनेको छ। विश्वभर परेको कोरोनाको प्रभावमा नेपाल पनि अछुतो रहेन। यसमा पनि पर्यटन व्यावसाय बढी प्रभावित हुन पुगेको छ। पोखरा सराङ्कोटबाट हुने गरेको प्याराग्लाइडिङ तथा जीप फ्लायर जस्ता साहसिक खेलहरू पूर्ण रूपमा बन्द रहेका छन्। २०७२ सालको भूकम्पबाट शिथिल बन्दै गएको पर्यटन व्यावसाय कोरोना महामारीको प्रभावले लामो समयसम्म असर पर्नसक्ने सम्भावना रहेको छ। होटल व्यावसाय ठप्प छन् भने जनजीवन कष्टकर बनेको छ। सराङ्कोटमा २०७३ साल श्रावण महिनामा गएको बाढी पहिरोले सेदीमा ठूलो रूपमा जनधनको क्षति पुऱ्याएको थियो हाल २०७७ साल श्रावण महिना २७ गतेको अविरल वर्षापछि सराङ्कोट गोठादीमा एकै परिवारका ४ जनाको ज्यान गएको छ।

यसरी समय समयमा हुने विभिन्न घटना दैवीप्रकोप तथा महामारीले पर्यटन व्यावसायमा नराम्रो असर पर्ने गरेको छ।

## ५.१३ पर्यटन प्रवर्धनमा नेपाल सरकारका अभियानहरू

पर्यटन विकासमा बढावा दिन नेपाल सरकारले विभिन्न वर्षहरूलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । यस अनुसार निम्नअनुरूप वर्षहरू रहेका छन् ।

**नेपाल भ्रमण वर्ष सन् १९९८**

सन् १९९६ मा नै तत्कालीन सरकारले सन् १९९८ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने निर्णय गरेको थियो । यसको उद्देश्य नेपाललाई विश्व सामु आकर्षक गन्तव्यका रूपमा चिनाउनु रहेको थियो । त्यस भ्रमण वर्षको नारा "A sustainable habitat through sustainable tourism" रहेको थियो । जस्मा पर्यटन समितिको राष्ट्रिय संयोजकका रूपमा पर्यटन व्यावसायी कर्ण शाक्य रहेका थिए । यसै अनुरूप सन् १९९८ मा ४६३६८४ जना पर्यटकले नेपाल भ्रमण गरेको आँकडा रहेको छ । यस भ्रमण वर्ष वरपरको नेपाल भ्रमण गरेको आँकडा निम्न अनुसार छ ।

| वर्ष सन्मा | पर्यटक सङ्ख्या आगमन | जम्मा प्रतिशत |
|---|---|---|
| १९९६ | ३९३,६१३ | +८.३ |
| १९९७ | ४२१,५०४ | +६.० |
| १९९८ | ४६३,६८४ | +९.९ |
| १९९९ | ४९१,५०४ | +६.० |
| २००० | ४६३,६४६ | -५.७ |
| २००१ | ३६१,२३७ | -२२.१ |

*श्रोतः नेपाल भ्रमण वर्ष सन् १९९८*

तत्कालीन सरकारले सन् २००२/२००३ लाई नेपाल गन्तव्य वर्षका रूपमा मनाएको थियो । जनयुद्ध भर्खर सकिएको यस समयको पर्यटक आगमनको तथ्याङ्क निम्न अनुसार थियो ।

| वर्ष सन्मा | पर्यटक सङ्ख्या आगमन | जम्मा प्रतिशत |
|---|---|---|
| २००२ | २७५,४६८ | -२३.७ |
| २००३ | ३३८,१३२ | +२२.७ |
| २००४ | ३८५,२९७ | +१३.९ |
| २००५ | ३७५,३९८ | -२.६ |

*स्रोतः नेपाल गन्तव्य वर्ष सन् २००२/२००३*

## नेपाल पर्यटन वर्ष २०११

नेपाल सरकारले २०११ लाई नेपाल पर्यटन वर्षका रूपमा मनाउने घोषणा गर्‍यो । त्यसबेला १० लाख पर्यटन भित्र्याउने लक्ष्य रहेकोमा ७३६,२१५ पर्यटकले नेपाल भ्रमण गरे । त्यसै क्रममा सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्षका रूपमा मनाएको थियो ।

| वर्ष सन्मा | पर्यटक सङ्ख्या आगमन | जम्मा प्रतिशत |
|---|---|---|
| २००६ | ३८३,९२६ | +२.३ |
| २००७ | ५२६,७०५ | +३७.३ |
| २००८ | ५००,२७७ | -५.० |
| २००९ | ५००,२७७ | -५.० |
| २०१० | ५००,२७७ | -५.० |
| २०११ | ७३६,२१५ | |

*स्रोत: नेपाल भ्रमण वर्ष २०२०*

नेपाल सरकारले सन् २०१८ मा नै सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने निर्णय गरिसकेको थियो । (२०७४ श्रावण २९ को नेपाल सरकारको निर्णयनुसार यसको मुख्य नारा "Visit Nepal 2020, Life Time Expereneus" रहेको थियो । यस भ्रमण वर्षका संयोजक नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष सुरज वैद्य रहेहका छन् । सन् २०२० को शुरुवात्देखि नै देखापरेको कोरोना (Covid-19) का कारण चैत्र ९ गतेको निर्णयपछि लकडाउनको घोषणासँगै उक्त कार्य स्थगित हुन पुग्यो ।

नेपाल सरकारले पर्यटन प्रवर्धनका लागि घोषित केही अन्य पर्यटन अभियान वर्षहरू निम्न रहेका थिए ।

| वर्ष | कार्यक्रम |
|---|---|
| २०१३ | सिस्ने, जलजला, ढोरपाटन र कर्णाली पर्यटन वर्ष |
| २०१४ | विदेह, मिथिला र सहलेस पर्यटन वर्ष |
| २०१५ | विराट, मेची र पहाडी पर्यटन वर्ष |
| २०१६ | रुरु, रेसुङ्गा, पोखरा, अन्नपूर्ण, मनास्लु पर्यटन वर्ष |
| २०१७ | सिम्रन, काठमाडौँ, लामटाङ, पर्यटन वर्ष |
| २०१८ | अरूण, सगरमाथा पर्यटन वर्ष |

*Source: Ministry of Tourism of Gandaki Province*

# अध्याय : छ

# निष्कर्ष

## ६.१ निष्कर्ष

यस अध्ययनमा सराङ्कोटको ऐतिहासिक जानकारीसँग पर्यटन जोड्ने प्रयास रहेको छ। पर्यटनका बारेमा नेपालमा भएका संक्षिप्त गतिविधि समावेश नगर्दा पर्यटन र सराङ्कोटको सम्बन्ध अपूर्ण हुन सक्ने भएकाले नेपालमा पर्यटनको विकासक्रमलाई संक्षिप्त रूपमा उल्लेख गरिएको छ। प्रमुख विषयवस्तु "ऐतिहासिक स्थल सराङ्कोटमा पर्यटकीय प्रभाव : एक अध्ययन" भएको तर यस सम्बन्धी तथ्यगत पर्यटकीय आँकडा पाउन नसकिएकाले पोखराको पर्यटनलाई आधार मानेर अध्ययन कार्य अगाडि बढाइएको हो। जसले गर्दा सराङ्कोटको मात्र पर्यटकीय आँकडा रहन सकेन। हुन त सराङ्कोट मुख्य पर्यटकीय स्थल पोखराको एक महत्त्वपूर्ण अंश हो। त्यसैले सराङ्कोटमा पोखराको पर्यटनको मुख्य प्रभाव रहेको हुन्छ। समग्रमा पोखराको पर्यटनमा सराङ्कोटबाट देखिने दृश्य अवलोकन तथा प्याराग्लाइडिङले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

सराङ्कोटका बारेमा उल्लेख गरिएका सामग्रीहरू न्यून रहेका छन्। यस अध्ययनमा प्रत्यक्ष अवलोकन र भेटघाट बाट प्राप्त जानकारीहरूलाई सराङ्कोटको ऐतिहासिकतासँग पर्यटनको सम्बन्ध जोड्ने प्रयास रहेको छ। आफ्नो बलबुता र औकातले भ्याएसम्म तथ्य र प्रमाणहरूको सङ्कलन गर्ने क्रममा सराङ्कोट क्षेत्रको तथ्यगत पर्यटकीय आँकडाहरू प्राप्त हुन सकेनन्। त्यसैले यस अध्ययनलाई अझ बढी प्रमाणिक र नयाँ खोजीको विषय बनाउने सोच उब्जिएको छ। हालसम्म प्राप्त जानकारीहरू विषय प्रसङ्ग अनुरूप उतारिएको छ। अध्ययनलाई आफैले नियाल्दा कतिपय शैलिगत क्रमबद्धता नभए पनि यस प्रयासले थप परिमार्जन गर्न सकिने स्पष्ट भएको छ। छरपष्टिएका विषयहरूलाई यस सानो अध्ययनले समेट्न खोज्दा कतिपय शीर्षकहरू सङ्केतार्थ मात्र रहन पुगे। समग्रमा सराङ्कोटको ऐतिहासिक पाटो डुङ्गाको बाटो मेटिएझैं मेटिदै गएको पाइयो भने पर्यटनको विकास तीव्र रूपमा फस्टाएको रहेछ। यस सन्दर्भले आगामी दिनहरूमा सराङ्कोटको ऐतिहासिकतासँग पर्यटनको सम्बन्ध जोडेमा पर्यटन क्षेत्र अझ बढी प्रभावकारी रहने निश्चित छ।

सराङ्कोटमा पुराना तथा ऐतिहासिक विषय तर्फ केन्द्रित नभई नयाँ सिर्जनालाई धार्मिक रूपमा विकास गर्न खोजिएको छ। उदाहरणका रूपमा हाल निर्माणाधीन आराध्यदेव शिव मन्दिर हो। यहाँको ऐतिहासिकता भनेका पुरानो सुरक्षा किल्ला, कोतघर, सरायँ खेल,

गाईगोठ, समिदा वन तथा परम्परागत पूजा प्रचलन हुन् । यी विषयवस्तु नामेट हुने गरी नयाँ सिर्जना र विकास गर्नु ऐतिहासिक विषयवस्तुको अवहेलना हो भन्दा फरक नपर्ला । यसप्रति जवाफदेही सराङ्कोटका बासिन्दाहरू नै पहिलो स्थानमा रहन्छन् भने पौराणिक कोट किल्लाको सुरक्षा गर्नु राष्ट्रको दायित्व पनि हो ।

पोखराबाट नजिकको दूरीमा रहेको सराङ्कोट प्याराग्लाइडिङका लागि विश्वभर प्रख्यात रहेको छ । समग्र पोखरालाई एकै ठाउँबाट नियाल्न सकिने ठाउँ भएकाले यसको प्रख्याति बढ्न गएको हो । करिब २५ कि.मी. उत्तरी भागमा पर्ने हिमालय शृङ्खला नजिकबाट देख्न सकिने र सूर्योदय र सूर्यास्तका दृश्यहरू रमणीय देखिने यस ठाउँमा हालका वर्षहरूमा पर्यटकीय गतिविधि तीव्र गतिमा बढ्न गइरहेका छन् । यहाँको भौगोलिक बनावटले नेपालका पहाडी भूभागको प्रतिनिधित्व गरेको छ भने सन्तुलित हावापानी र रमणीय दृश्य अवलोकनको केन्द्र भएकाले प्राकृतिक सुन्दरताको शहर पोखराको गहनाको रूपमा रहेको छ ।

सराङ्कोटको पर्यटनमा पोखराको प्रत्यक्ष प्रभाव परेको हुन्छ । आन्तरिक पर्यटकबाहेक अन्य पर्यटकहरू केवल सराङ्कोट हेर्न मात्र आउने नभई प्याराग्लाइडिङको उद्देश्यले पनि यहाँ आउने गरेको पाइएको छ । नेपालको पर्यटनमा पोखरा मुख्य गन्तव्य स्थल हो भने पोखराको मुख्य गन्तव्यस्थल सराङ्कोट हो । यसले गर्दा सराङ्कोटले प्याराग्लाइडिङ र दृश्य अवलोकन क्षेत्रमा जुन प्रख्याति कमायो बसोबास र खानपानका लागि पनि उपयुक्त सावित भएमा यहाँ पर्यटकको बसाइँ लम्बिन सक्छ । पर्यटकको बसाइँ लम्बिए मात्र आम्दानी र रोजगारीका अवसरहरू पनि बढ्दै जान्छन् ।

नेपालमा प्रकृतिले विभिन्न स्वरूप दिएर सिँगारेको छ । वनजङ्गल, वन्यजन्तु, नदीनाला, तालतलैया, छाँगा छहरा, गुफा, मठमन्दिर, अग्ला पहाड, विभिन्न जातजातिका आफ्नै मौलिक परम्परा, भेषभूषा, रहनसहन, कलाकौशल, संस्कृति रीतिरिवाज मात्र नभएर विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमा हुनु, विश्वकै सबैभन्दा गहिरो खोँच, अग्लो स्थानमा रहेको तिलिचो ताल, भगवान् गौतम बुद्धको जन्मस्थल जस्ता विषयले पर्यटनका लागि नेपाल एक उर्वर भूमि हुन पुगेको छ । प्रकृतिले दिएका रमणीयता एवं सौयन्दर्यता यहाँको पर्यटनका लागि वरदान सावित भएका छन् ।

यस देशको माटो सुहाउँदो पर्यटन व्यावसाय फस्टाउनका लागि उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग हुनुपर्ने देखिन्छ । पोखराको पर्यटनका लागि प्राकृतिक सुन्दरता

नजिकबाट नियाल्न सकिने उच्च ठाउँ सराङ्कोटको पर्यटकीय महत्त्व अतुलनीय रहेको छ ।

हाम्रो समाजमा इतिहासप्रति वितृष्णाको भाव व्याप्त रहेको छ । हाम्रो शिक्षा प्रणाली समेत यसतर्फ सचेत देखिँदैन । हामी जानी-नजानी पश्चिमी संस्कारको पछि लाग्न खोज्दछौँ । अनि त्यसमा गर्विलो महसुस गर्दछौँ । तर हाम्रा आफ्ना परम्परागत संस्कारतर्फ उदासिन छौं । जसले गर्दा अनुशासनको घेरा तोडिदै छ भने आदर, कदर, सम्मानको उपयोग देखावटी मात्र बन्न पुगेको छ । न त गुरु शिष्यको बीच गुरुकुलता छ, न त बाबु-छोरा, न त श्रीमान्-श्रीमती, न त ठूलो र सानो बीच आदर-कदरको भाव छ । हामी वैज्ञानिक शिक्षा प्रणाली खोज्छौँ तर व्यावहारिक शिक्षा प्रणालीबारे अनभिज्ञ छौँ । हामी विदेशी परम्पराको नक्कल गर्दछौँ, तर व्यावहारिक परम्परातर्फ ध्यान दिँदैनौँ ।

यो सन्दर्भ अध्ययनको क्रममा देखापरेका विषय उपर भएको अनुभव हो । अध्ययनको विषयवस्तु सराङ्कोट र पर्यटन हुँदा इतिहासको विद्यार्थीको सम्बन्धले समाजका हरेक गतिविधिलाई इतिहासकै आँखाले नियाल्न खोज्ने स्वभाव बन्ने रहेछ । जुन देन इतिहास अध्ययनमा मार्गदर्शन गर्नुहुने आदरणीय गुरुहरूको रहेको छ ।

देशमा २००७ सालको राणाशासन अन्त्य गर्ने क्रान्तिदेखि राजतन्त्र अन्त्य गर्ने क्रान्तिसम्म विभिन्न परिवर्तन भए । बढ्दो बेरोजगार समस्या, शहरकेन्द्रित बसोबास, युवा जनशक्ति विदेशिने प्रवृत्ति, उच्च पदस्थ कर्मचारी तथा राजनीतिज्ञको स्वदेश र विदेश दुवै ठाउँहरूमा सुरक्षित रहने परिपाटी, व्याप्त भ्रष्टाचार, अस्थिर राजनीति, अदक्ष कार्यशैली, फितलो न्यायप्रणाली, दण्डहीनता जस्ता क्षेत्रहरू मौलाइरहेको हुनाले आमूल परिवर्तनको खाँचो छ । यी सम्पूर्ण पक्षहरूको सुधारले मात्र पर्यटन व्यवसाय फस्टाउन सक्दछ । राजनीतिक अस्थिरता, महाभूकम्प, महामारी रोग कोरना (Covid-19) जस्ता कारणले पर्यटन व्यवसायलाई प्रत्यक्ष प्रभाव पारेको पाइन्छ ।

सराङ्कोटमा भएको पर्यटन विकासले यहाँका बासिन्दाहरूको जीवनस्तरमा सकारात्मक प्रभाव पर्न गएको छ । माथि उल्लेख भए अनुसार धार्मिक तथा सामाजिक रूपमा केही अवगुणहरू रहे पनि समग्रमा सकारात्मक प्रभाव परेको पाइएको छ । त्यसैले यहाँको पर्यटन विकासका लागि निम्न बुँदाहरू आकर्षित रहेका छन् ।

१. सराङ्कोटमा पुग्ने स्वदेशी तथा विदेशी पर्यटकको लेखा गणना अद्यावधिक राख्नुपर्ने छ ।

२. ऐतिहासिक र पुराना भग्नावशेषको संरक्षण गरी पर्यटन प्रवर्धनमा जोड दिनुपर्ने छ ।

३. पार्किङ तथा खानेपानी र शौचालयको यथोचित बन्दोबस्त गर्नु पर्नेछ ।

४. पर्यटकको बसाइँ लम्ब्याउन सांस्कृतिक वा धार्मिक गतिविधि बढाउनु पर्नेछ ।

५. दृश्य अवलोकनका लागि पहिले राखिएका दूरबिनहरू पुन सञ्चालनमा ल्याउनु पर्नेछ ।

६. पोखरादेखि सराङ्कोट र सराङ्कोटदेखि कास्कीकोट हुँदै नागडाँडासम्मको पदमार्ग यथासम्भव छिटो निर्माण गर्नुपर्दछ ।

७. सराङ्कोटले प्रख्याति कमाएको प्याराग्लाइडिङ् उडानका लागि निश्चित भूभाग छुट्याउनु पर्नेछ ।

८. ऐतिहासिक महत्व बोकेका ठाउँहरू तथा सामग्रीहरूको संरक्षण गर्नुपर्ने छ ।

९. निर्माणको चरणमा रहेका आराध्यदेव शिव मन्दिर, राष्ट्रिय विभूति तथा शहीद पार्क, भ्यु टावर, केबुलकार, पार्किङ् स्थल, बगैँचा फूल बगान जस्ता निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

१०. लोप हुन लागेका पुराना संस्कृति तथा पुरानो सरायँ खेलको संरक्षण गर्नुपर्दछ ।

११. पोखराको मुख्य गन्तव्य स्थलका रूपमा रहेको हुनाले यसको योजनाबद्ध विकासमा पोखरा महानगरको विशेष ध्यान पुग्नुपर्ने देखिन्छ ।

१२. सराङ्कोटका पर्यटन व्यवसायीलाई विशेष तालिम प्रदान गरी पर्यटक लोभ्याउने कार्य गर्न प्रेरित गर्नुपर्दछ ।

१३. हाल बढ्दै गएको होमस्टे अवधारणाको विकास सराङ्कोटमा पनि हुनु आवश्यक छ ।

१४. वार्षिक रूपमा सहुलियत प्याकेज प्रदान गरी पर्यटक आकर्षण गर्ने माध्यम अपनाउनु पर्ने रहेको छ ।

१५. पर्यटकको सुरक्षा प्रवन्धका लागि पर्यटनमुखी प्रहरी बिट सञ्चालन गर्नुपर्ने छ ।

१६. स्वास्थ्य उपचारका लागि सराङ्कोटमा नै व्यवस्थित हस्पिटल हुनु वा २४ सै घण्टा सेवा प्रदायक संस्था रहन जरुरी छ ।

१७. पर्यटकको बसाइँ लम्ब्याउने कुनै पनि आकर्षक गतिविधि सराङ्कोट क्षेत्रका लागि आवश्यक छ ।

पर्यटकको बसाइँ लम्बिए मात्र आम्दानीका स्रोतहरू पनि बढ्ने छन् । जस्को प्रत्यक्ष प्रभाव यहाँको समाज तथा जनजीवनमा पर्ने छ ।

# सन्दर्भ सामग्री-सूची

**(क) अन्तर्वार्तामा संलग्न महानुभावहरू**


अधिकारी, अगन्धर (८१), स्थानीय, अन्नपूर्ण-२, २०७७/३/५ ।

अधिकारी, विनय (२५), कर्मचारी, जुलोजी पार्क, पोखरा, २०७६/११/१५ ।

कुँवर, वीरबहादुर (५०), पूजारी, सराङ्कोट, २०७६/१०/२७ ।

कोइराला, बलराम (५१), पर्यटन व्यवसायी सराङ्कोट, २०७६/११/२३ ।

चपाइँ, उमनाथ (७८), पूर्व वडाध्यक्ष, सराङ्कोट, २०७६/२/२१ ।

चपाइँ, टीकाराम (४९), पर्यटन व्यवसायी सराङ्कोट, २०७६/११/२३ ।

चपाइँ, रामचन्द्र (४९), स्थानीय, सराङ्कोट, २०७६/१/७ ।

जि.सी., प्रेमबहादुर (६८), अध्यक्ष, सराङ्कोट पर्यटन तथा धार्मिक विकास समिति, २०७७/५/१५ ।

जेम्स, स्टेभ (५७), पर्यटक, अष्ट्रेलिया, २०७६/१/१५ ।

टाकाहिकी (४४), पर्यटक, जापान, २०७६/१/१५ ।

डेफोजी, फिलिप (६२), पर्यटन व्यवसायी, २०७६/४/३ ।

तिमिल्सिना, मोतिलाल (४९), का.वा.अध्यक्ष, सराङ्कोट पर्यटन विकास समिति, २०७६/१२/६ ।

तिमिल्सिना, पूर्णप्रसाद (८७), पर्यटन व्यवसायी, सराङ्कोट, २०७६/१/७ ।

तिमिल्सिना, रामप्रसाद (५१), समाजसेवी, सराङ्कोट, २०७७/५/३० ।

त्रिपाठी, तीर्थ (५३), म्यानेजिङ् डाईरेक्टर,अन्नपूर्ण केबलकार, सराङ्कोट, २०७७/६/१ ।

थापा, ज्ञानबहादुर (५८), सदस्य, पोखरा-१८, २०७६/१०/२० ।

थापा, रणबहादुर (६७), वडाध्यक्ष, पोखरा-१८, २०७६/१०/२० ।

थापा, हर्कबहादुर (७८), स्थानीय समाजसेवी, सराङ्कोट, २०७६/११/१० ।

पराजुली, कविराज (७५), स्थानीय समाजसेवी, चापाकोट, २०७७/४/८ ।

पराजुली, तारानाथ (५६), स्थानीय शिक्षक, हर्पनकोट, २०७७/४/८ ।

पहारी, विद्याधर (८२), पूजारी, सराङ्कोट, २०७६/४/७ ।

भण्डारी, कृष्णप्रसाद (४६), अध्यक्ष, नेपाल हवाई खेलकूद परिषद् पोखरा, २०७६/११/५ ।

भण्डारी, इन्द्र (४१), उपाध्यक्ष, नेपाल हवाई खेलकूद परिषद् पोखरा, २०७६/११/५ ।

योङ, डेभ (३५), पर्यटक, यू.के., २०७६/१/१५ ।

**(ख) पुस्तक तथा शोधपत्रहरू**


अधिकारी, जगनाथ एण्ड डेविड सेडन (२००२), पोखरा वायोग्राफी अफ अ टाउन, काठमाण्डौंः मन्डला बुक प्वाइन्ट ।

अमात्य, उदय (२०००), प्रोब्लम् एण्ड प्रोस्पेक्टस् अफ् टुरिजम इन सराङ्कोट भि.डि.सि., काठमाण्डौंः टी.यू. कीर्तीपुर, सेडा ।

उप्रेती, विष्णु राज, प्रनिल कुमार उपाध्याय एण्ड टीकाराम सापकोटा (२०१३), *टुरिजम इन*

कार्की, ज्ञानबहादुर (२०६९), नेपालः शाहवंशदेखि गणतन्त्रसम्म, पोखरा : सिजल स्टोर्स ।

कृपामय, कृष्ण (ई. १९९७), *श्रीमद्भागवत गीता यथारूप,* भारतः भक्तिवेदान्त बुक ट्रस्ट प्रा.लि. ।

क्षत्री, दिलबहादुर (२०५७), *सिद्ध शक्तिपीठ श्री विन्ध्यवासिनी तथा पोखराका केही मठमन्दिरहरू संक्षिप्त परिचय,* पोखराः श्री विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति ।

--------, (ई. १९९८) 'डकुमेन्टस् अन नेपाल', पोखरा, पार्वती क्षेत्री ।

खतिवडा, सोमप्रसाद र कमला दाहाल (२०७३), *नेपालको सांस्कृतिक पर्यटन,* काठमाडौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खनाल, नारायण र नवराज भट्टराई (२०६८), *नेपाल भ्रमणका ७३० दिन,* काठमाडौः सुजल अफसेट प्रेस ।

गुरुङ, हर्क (ई. २००६), *विषय विविध,* काठमाडौंः हिमाल किताब प्रा.लि. ।

--------, (ई. २००७), *मैले दखेको नेपाल,* काठमाडौंः हिमाल किताब प्रा.लि. ।

गौतम, कृष्णप्रसाद (२०४४), "गलकोट राज्यको ऐतिहासिक रूपरेखा" (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रि.वि., इतिहास केन्द्रीय विभाग ।

ठाकुर, अश्विनीकुमार (२०५७), *पोखरामा पर्यटन व्यवसाय समस्या, चुनौती र उपलब्धि,* पोखरा : नेपाल राष्ट्र बैंक, पोखरा शाखा ।

डेविड, रिड (१९९८), द रफ गाईड टु नेपाल, लन्डनः अक्सफोर्ड यूनिभर्सिटी प्रेस ।

दाहाल, पेशल एण्ड सोमप्रसाद खतिवडा *'आर्ट एण्ड आर्किटेक्चर अफ नेपाल (२०६०)* काठमाण्डौं, एम.के. पब्लिकेशन ।

निरौला, खगेन्द्र (२०४८), *नेपाल परिचय,* काठमाडौः रत्न पुस्तक भण्डार ।

नेचुरल ट्रेजरस् अफ नेपाल (२००९), काठमाण्डौंः नेपाल टुरिजम बोर्ड ।

नेपाल परिचय, नेपाल सरकार सुचना तथा प्रसारण विभाग, ललितपुर २०७५ वैशाख छैटौ संस्करण ।

पुरी, उद्धव (२०५७), *पर्यटन र यात्रा व्यवस्थापन,* काठमाडौः तलेजु प्रकाशन ।

-------, (२०६०), *पर्यटन विकास र नेपाल,* काठमाडौः तलेजु प्रकाशन ।

पेटिक, लुसियानो (२०६०), *तिब्बत र नेपालमा इटालियन धर्म प्रचारक,* काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

प्रधान, भुवनलाल (२०४५), *नेपालमा बौद्ध धर्म,* काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बुर्काट, ए.जे. एण्ड एस. मेडिलिक (१९७६), टुरिजम पास्ट, प्रीजेन्ट एण्ड फ्युचर, लनडनः हेइनम्यान पब्लिसर्स ।

भाटिया, ए.के. (१९९७), *टुरिजम डेभलपमेन्ट प्रिन्सिपल एण्ड प्रयाक्टिस,* दिल्लीः स्ट्रलिङ् पब्लिसर्स ।

भट्टराई, ज्ञानेश्वर (२०५२), *वृहत ज्ञान कोष,* लक्ष्मी पुस्तक सदन बुटवल ।

भण्डारी, कल्याण (ई. २०१८), *पर्यटनमा नेपाली राष्ट्रियताको अभिव्यक्ति,* लन्डनः राउटलेज प्रकाशन ।

*मेची-महाकाली भाग-३,* (२०३१), *गण्डकी धौलागिरी,* काठमाडौँः श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, मुद्रक गोरखपत्र संस्थान ।

योगी नरहरिनाथ (२०१३), *इतिहास प्रकाश भाग-१,* काठमाडौः मृगस्थलीी इतिहास विभाग ।

रेग्मी, डि.आर. (१९६०), *इन्सेन्ट नेपाल,* कलकत्ताः एफ.के.एल. मुखोपाध्या ।

रोय, जिमस (२०१५), *प्याराग्लाईडिङ् फर्म सराङ्कोट,* लस एन्जलसः सेज पब्लिकेशन लिमिटेड ।

लेभी, सिल्भ्याँ (१९९०), *लि नेपाल,* रोमः ................ ।

विष्ट, सोमध्वज (२०३९), *नेपाल गढ,* ललिटपुरः कञ्चन विष्ट ।

शाक्य, मिन बहादुर (१९९७), *प्रिन्सेस भृकुटी,* दिल्लीः बुक फेथ इन्डिया ।

सापकोटा, दधि (२०६८), *त्यो नेपाल,* ललितपुरः जगदम्बा प्रकाशन ।

सुवेदी, राजाराम (२०६०), *कास्की राज्यको इतिहास,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

सत्याल, यज्ञ राज (१९९९), *टुरिजम इन नेपाल,* न्यू दिल्लीः एडरोइट पब्लिसर्स ।

हेगन, टोनी (१९६६), *नेपालः किङ्डम इन द हिमालयज,* लन्डनः बर्न कुमर्ली एण्ड फे, जीयोग्राफीकल पब्लिसर्स ।

### (घ) जर्नल तथा पत्रपत्रिकाहरू

क्षत्री, दिलबहादुर (२०७३) "अ व्रिफ इन्टरडक्सन टू कल्चरल हेरिटेज अफ पोखरा भ्याली", *हिस्टोरिया,* भोलुम ९-१० चैत्र, इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

खतिवडा, श्रीकान्त (२०७५), "पोखरामा पर्यटन विगत र वर्तमान", *पोखरा दर्पण* (त्रैमासिक बुलेटिन), वर्ष १३, अंक २१, पोखरा महानगरपालिका ।

गुरुङ, जगमान (२०३४), "कुलमण्डन शाह", *माछापुच्छ्रे,* पोखराः पृथ्वीनारायण क्याम्पस ।

परियार, दीपक (२०७७), "उडी जाउँ भने म पन्छी होइन", *कान्तिपुर* (खेलकुद स्तम्भ), २०७७ वैशाख १९ गते शुक्रबार ।

*पोखराको जल सम्पदा-२०६५,* (ताल विशेषाङ्क), पोखरा उपत्यका ताल संरक्षण समिति ।

पोखरा महानगर वार्षिक प्रगति प्रतिवेदन (२०७६) वडा कार्यालय सराङ्कोट ।

पौडेल, चन्द्रकान्त (२०६१), "धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थल कास्कीकोटः एक अध्ययन", *हिस्टोरिया,* भोलुम-८, इतिहास तथा संस्कृति विभाग, पृ.ना. क्याम्पस, पोखरा ।

राना, सुरथ (२०७५), "नेपालप्रति विदेशी मोह", *कला र शैली (कान्तिपुर),* २०७५ माघ ११ गते शुक्रबार ।

भण्डारी, राधा (२०६९), "गण्डकी अञ्चलको सामाजिक जिवनमा गुठी व्यवस्थाको प्रभाव", *हिस्टोरिया,* भोलुम-१२, इतिहास तथा संस्कृति विभाग, पृ.ना. क्याम्पस, पोखरा ।

वार्षिक नगर विकास योजना २०७४/०७५, प्रथम नगरसभाबाट पारित बजेट निति तथा कार्यक्रम ।

सराङ्कोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समिति (२०७४ माघ २२ देखि फागुन १ सम्म) श्रीमद्‌भागवत विराट ज्ञान महायज्ञ, पोखरा ।

सराङ्कोटको वस्तुगत विवरण २०६७-सराङ्कोट गा.वि.स. ।

सराङ्कोट गा.वि.स. को वडा प्रतिवेदन (२०७६) वडा कार्यालय सराङ्कोट ।

होमस्टे मार्ट २०७३ चैत्र २५-२६, नेपाल पर्यटन बोर्ड पोखरा र गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल ।

## परिशिष्टः १

## अन्तरवार्तामा सोधिएका प्रश्नावली

स्थानीय समाजसेवी, संस्थागत प्रतिनिधि तथा वयोवृद्धलाई सोधिएका प्रश्न यो सोधपुछ कार्य सराङ्कोटको ऐतिहासिक जानकारी र पर्यटकीय गतिविधि बारे वास्तविकता पत्ता लगाउन गरिएको हो । सोधिएका प्रश्नहरूको उत्तर वा प्रतिक्रिया दिएर सहयोग पुऱ्याउनुहोला ।

नामः-　　　　लिङ्गः-

ठेगानाः-　　　　शिक्षाः-

पेशाः-　　　　भाषाः-

उमेरः-　　　　धर्मः-

(१) तपाईँलाई सराङ्कोटको बारेमा कहावत् रहेका पुराना तथ्यहरूको के जानकारी छ?

(२) तपाइँ यस ठाउँमा रहेको कुन समितिमा आवद्ध हुनुहुन्छ?

पर्यटन विकास ☐　धार्मिक विकास ☐　अन्य ☐

(३) सराङ्कोटमा कहिले देखि पर्यटन व्यवसाय शुरु भयो?

२०३२-३५ ☐　२०३६-४० ☐　अन्य ☐

(४) तपाइँको परिवारका सदस्य कुनकुन पेशामा संलग्न हुनुहुन्छ ?

कृषि ☐　वैदेशिक रोजगार ☐　जागिर ☐

व्यापार व्यवसाय ☐　अन्य ☐

(५) सराङ्कोटमा हाल भइरहेका पर्यटन विकास कार्यहरू प्रति तपाइँको भनाइ के छ?

ठिकै ☐　सुधार गर्नुपर्ने ☐　अन्य केही ☐

(६) तपाईँलाई विगतका करिब ४०/५० वर्ष भित्रका पर्यटन विकास सम्बन्धी सराङ्कोटमा भएका कार्यहरूको जानकारी रहेको हुन सक्छ । यस अवधिमा पर्यटन विकास सम्बन्धी सराङ्कोटमा भएका कुन कुन कार्यहरू बढी लाभदायक देख्नुहुन्छ?

होटल लज ☐　कृषि ☐

ट्रेकिङगाईड ☐　अन्य ☐

(७) तपाइँ जनप्रतिनिधी/समाजसेवी/संगठित विकास समिति सदस्य भएको नाताले सराङ्कोटका पर्यटन व्यावासायीलाई के सल्लाह सुझाव दिनुहुन्छ ?

(८) सराङ्कोटमा प्रचलित परम्पराहरूमा तपाइँको के राय, सुझाव तथा पहल रहेको छ?

(९) सराङ्कोटमा पर्यटन विकासले स्थानीय जनजीवनमा के कस्तो प्रभाव परेको छ ?

(१०) सराङ्कोटको पर्यटन विकासमा जनस्तरबाट के गर्दा पर्यटकीय गतिविधि बढ्न सक्छ?

सरकारसँग योजना माग ☐ जनश्रमदान ☐

सरसफाई कार्यहरू ☐ अन्य ☐

(११) अन्तमा हामी शोधकर्ताले के कुरा पुस्तकको माध्यमबाट जनसमक्ष ल्याए सराङ्कोटको पर्यटन विकासमा सहयोग पुग्छ भन्ने लाग्छ?

ऐतिहासिक जानकारी ☐ होटल लजको विवरण ☐

सराङ्कोटमा भएका पर्यटकीय गतिविधि ☐ अन्य ☐

**पर्यटन व्यावसायीलाई सोधिएका प्रश्नहरू**

(१) तपाइँको नाम, ठेगाना स्थायी वा अस्थायी बसोबास र यो व्यवसाय शुरु गरेको मिती बारे जानकारी पाऊँ ।

(२) तपाइँको होटल/लज/रेगटुरेण्ट/क्यूरियो पसल/गार्मेन्ट पसल/प्याराग्लाइडिङ कम्पनी मा कति कामदारहरू छन्?

स्थानिय ☐ बाहिरी जिल्लाका ☐ विदेशी ☐

(३) तपाइँको व्यवासाय आफ्नै घरजग्गामा हो वा भाडामा, कति कोठामा संचालित छ?

(४) प्रत्येक वर्षमा सिजन र अफसिजन हुन्छ भनिन्छ वर्षभरमा आउने विदेशी तथा स्वदेशी पर्यटक कतिजना हुन्छन् ।

(५) वार्षिक आम्दानी बताउन सक्नुहुन्छ? कतिजति बचत गर्नुहुन्छ?

(६) खाना तथा बासको लागि प्रतिदिन लाग्ने शुल्क/खर्च कति हुन्छ? विदेशीको लागि कति? स्वदेशीको लागि कति?

(७) हाल सराङ्कोटमा तिव्र गतिमा निर्माण हुन लागेका, मन्दिर भ्यूटावर, विभूति पार्क, केबुलकारको प्रभाव कस्तो रहला ?

राम्रो ☐ अति राम्रो ☐ ठिकै ☐ अन्यकेही ☐

(८) सराङ्कोटमा आउने पर्यटकको बसाइँ लम्ब्याउन के गर्नु आवश्यक होला?

सरसफाई ☐ आतिथ्यता ☐

हाल निर्माणमा रहेका गतिविध पूरा गर्नुपर्ने ☐ पार्किङ व्यवस्था ☐

अन्य केही ☐

(९) तपाइँ आफ्नो व्यावसाय प्रति सन्तुष्ट हुनुहुन्छ? वा व्यवसाय परिवर्तन गर्न चाहनुहुन्छ?

(१०) सराङ्कोटमा पर्यटन व्यवसाय फस्टाउन केके गर्दा उपयुक्त हुने देख्नु भएको छ?

(११) अन्तमा सराङ्कोटको पर्यटनमा हाल बन्न गइरहेको पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थलको प्रभाव कस्तो पर्ने अनुमान गर्नुभएको छ?

**विदेशी पर्यटकलाई गरिएको प्रश्नावली**

(१) तपाइँ कहाँबाट आउनुभयो ?

Where are you from?

(२) तपाइँको पोखरा-सराङ्कोटमा कति दिनको बसाइँ छ ?

How many days do you stay in Pokhara- Sarangkot?

(३) सराङ्कोट दृश्य अवलोकनका लागि उपयुक्त छ भन्ने के माध्यमबाट थाहा पाउनु भयो?

In which media do you know about panoramic view from sarangkot?

रेडियो, टि.भी. (Radio, T.V.) ☐ पत्रपत्रिका (Magazine) ☐

साथिहरू (Friends) ☐ अन्य (Others) ☐

(४) तपाइँ पोखरामा रात विताए जति किन सराङ्कोटमा विताउनु हुन्न?

Why you don't stay Sarangkot as like Pokhara?

(५) सराङ्कोट प्राकृतिक सौन्दर्यता हेर्नका लागि उपयुक्त छ भनिन्छ ? तर त्यस्तो यहाँ के छ ?

Sarangkot is Natural beauty place for visitors, but what like that in here?

बसोबास (Resident) ☐ हावापानी (Climate) ☐

सूर्योदय र हिमाली दृश्य (Sunrise and Himalayan Views) ☐

अन्य (Others) ☐

(६) सराङ्कोटमा समय विताउन के के कुराहरूको कमि छ? बताउनुहोस् न ।

What is lack to pass time in Sarangkot? Say to us.

(७) तपाइँ फेरि सराङ्कोट आउनुहुन्छ ? अनि साथीहरूलाई सराङ्कोटबारे के सुझाव दिनुहुन्छ?

Do you repeat to come Sarangkot again? And what do you suggest your friends about Sarangkot ?

**परिशिष्ट-२**
**गण्डकी प्रदेशमा पर्यटक आगमनको तथ्याङ्क**

**अगस्त २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १६१२ | २७४९ | ११५४ | ५५१५ |
| तेस्रो मुलुक | ३५०५ | ६७८२ | ६० | १०३४७ |
| कुल | ५११७ | ९५३१ | १२१४ | १५८६२ |

**सेप्टेम्बर २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १८२६ | ४५९७ | ७९४ | ७२१७ |
| तेस्रो मुलुक | ४९७५ | ६१२९ | ३० | १११३४ |
| कुल | ६८०१ | १०७२६ | ८२४ | १८३५१ |

**अक्टोबर २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १६५२ | ३७३० | १३३३ | ६७१५ |
| तेस्रो मुलुक | १२०४९ | ५६८२ | ३१ | १७७६२ |
| कुल | १३७०१ | ९४१२ | १३६४ | २४४७७ |

**नोभेम्बर २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १७६१ | ४९६९ | १४८६ | ८२१६ |
| तेस्रो मुलुक | ९५४३ | ७५५७ | ४० | १७१४० |
| कुल | ११३०४ | १२५२६ | १५२६ | २५३५६ |

**डिसेम्बर २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १४७७ | २४५० | १४४५ | ५३७२ |
| तेस्रो मुलुक | ५४८१ | ४८७९ | ३१ | १०३९१ |
| कुल | ६९५८ | ७३२९ | १४७६ | १५७६३ |

**जनवरी २०२०**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | ९८९ | १७७७ | १६२७ | ४३९३ |
| तेस्रो मुलुक | ४८३५ | ३३३३ | ५६ | ८२२४ |
| कुल | ५८२४ | ५११० | १६८३ | १२६१७ |

**फेब्रुअरी २०१९**

| अन्तर्राष्ट्रिय पर्यटक | प्रवेश बिन्दु | | | |
|---|---|---|---|---|
| | पोखरा विमानस्थल | आँवुखैरेनी | गल्याङ | कुल |
| भारतीय | १०५० | ३८४७ | १३७५ | ६२७२ |
| तेस्रो मुलुक | २६९८ | ३४३५ | ८६ | ६२१९ |
| कुल | ३७४८ | ७२८२ | १४६१ | १२४९१ |

*स्रोतः नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयको प्रेस विज्ञप्ति ।*

**गण्डकी प्रदेशको मासिक पर्यटक आगमनको तथ्याङ्क**

| क.सं. | महिना | भारतीय पर्यटक | अन्य पर्यटक | जम्मा पर्यटक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५ श्रावण | ७१२८ | १३६९३ | २०८२१ | यो सङ्ख्या आँवुखैरेनी चेकपोष्ट तनहु, गल्याङ चेकपोष्ट स्याङ्जा र नेपाल नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयबाट प्राप्त विवरण अनुसार तयार पारिएको |
| २ | २०७५ भाद्र | ९१८४ | १२५३३ | २१७१७ | |
| ३ | २०७५ असोज | १३६०६ | १७५३८ | ३११४४ | |
| ४ | २०७५ कार्तिक | १२४९५ | २६०८० | ३८५७५ | |
| ५ | २०७५ मंसिर | १७५२५ | १९५८४ | ३७१०९ | |
| ६ | २०७५ पौष | १२७८८ | १४५२६ | २७३१४ | |
| ७ | २०७५ माघ | ५५६१ | १४२२९ | १९७९० | |
| ८ | २०७५ फाल्गुन | ६००८ | १३४४३ | १९४५१ | |
| ९ | २०७५ चैत्र | ७१८३ | १४३४५ | २१५२८ | |
| १० | २०७६ वैशाख | ८०२६ | १५५२२ | २३५४८ | |
| ११ | २०७६ जेठ | १५१२० | १०२५६ | २५३७६ | |
| १२ | २०७६ असार | ६३१४ | ६२८८ | १२६०२ | |
| | जम्मा | १२०९३८ | १७८०३७ | २९८९७५ | |

*स्रोतः प्रदेश सरकार, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश*

## परिशिष्ट : ३

## सराङ्कोटमा रहेका धार्मिक तथा पर्यटन विकास समितिका पदाधिकारीहरू

धार्मिक तथा पर्यटन विकास समिति

वडा भेला २०६१ मा चयन भई हाल सम्म नियमितता रहेको

| | | |
|---|---|---|
| अध्यक्ष | - | प्रेमबहादुर जि.सी. |
| उपाध्यक्ष | - | उमनाथ चपाइँ |
| उपाध्यक्ष | - | मिनबहादुर थापा |
| महासचिव | - | शमसेर बहादुर थापा |
| सचिव | - | दिलबहादुर जि.सी. |
| कोषाध्यक्ष | - | शिवप्रसाद तिमिल्सिना |
| सदस्य | - | छविलाल तिमिल्सिना (समुन्द्र) |
| सदस्य | - | गंगा तिमिल्सिना |
| सदस्य | - | ज्ञानबहादुर थापा |
| सदस्य | - | कमलबहादुर थापा |
| सदस्य | - | अक्कलबहादुर थापा |
| सदस्य | - | कमला पोखेल |
| सदस्य | - | दिपेन्द्रबहादुर थापा |
| सदस्य | - | विकास थापा मगर |
| सदस्य | - | कृष्णबहादुर थापा |
| सदस्य | - | शिवप्रसाद कोईराला |
| सदस्य | - | स्व.दुर्गादत्त तिमिल्सिना (हालसालै मृत्यु) |

सल्लाहकारहरू

रणबहादुर थापा

झपटबहादुर थापा

लक्ष्मण तिमिल्सिना

पूर्णप्रसाद तिमिल्सिना

सम्बरबहादुर थापा

पुष्कलबहादुर थापा

**पर्यटन विकास समितिका पदाधिकारीहरू**

| | | |
|---|---|---|
| का.वा.अ. | : | श्री मोतीलाल तिमिल्सिना |
| सचिव | : | श्री चिन्तामणि तिमिल्सिना |
| कोषाध्यक्ष | : | श्री बलराम कोइराला |
| सदस्य | : | श्री विकास थापा |
| सदस्य | : | श्री चिनबहादुर बानियाँ |
| सदस्य | : | श्री उमनाथ शर्मा |
| सदस्य | : | श्रीमती प्रेम माया चपाइँ |
| सदस्य | : | श्री शिव तिमिल्सिना |
| सदस्य | : | श्रीमती हरिमाया चपाइँ |

# परिशिष्ट-४
# सनद तथा दस्तावेजहरू

## १. सराङ्कोट नालागुठी (१९९८ मार्ग) १

ज्मालगतषेत १/६० कोतिरो ४०/४ कोठहरषेत २/७८/८/६ भनी ९५/९/२१ ५ मा भयाकोसनदमासाविकषेत १/६० को किसिंतिरोलगत ४०। कसीदिने ७८/१/१४/३ कोतोकसदरषेत २/२८ लाई रु. ४०/४८ बढ ७०/८/६ ले ९३/५३/३ स्मेतन्मारु ५३/५७/३ कायेंगर्नेषेतमुरी । २० साल्कोरु ५। भेषजंलाईबुझाई धांविक्रीदर ।५ लेरु ३६ । मा नित्येपर्वपूजाकेरु ४३।१४ षर्चगरी आयेको भंनेसमेतपुजारीलाईवाकि नरहदा धर्मलोपहुनेहुँदा साविकदरवंदीगर्नेरु ५३।५७।३ षर्चरु. २७।३ पैसाकटाईकितापषडागर्नेर मंदिरभत्केविग्रमाबनाउने भंनेजिमुभेषजंराणाका नाउमाजोचाहिने सनदगरीचलाएनचलाएकोजांचीलगतकसीषेत १।६० कोतिरो ४०।४। ऐंसवाल्कोरितपुऱ्याईलगत काट्नुभंनेपोषारातहसिल्काना उमासनद भयाकोमा ९८।८४।४।४ मा तोकसदर भयाको छ ....

*(स्रोत : कास्कीमाल कार्यालय तामेलीफांटबाट उतार सारांश । क्षत्री, ऐजन, पृष्ठ, २८८-८९) ।*

## २. श्रीसराङकोट भैरबगुठी (१९९८ मार्ग) २

लगतषडागर्न ९५।९।२१ मा भयाकोसनदबमोजिं १८६३ साल्को दस्षत् १९४७ साल्को लालमोहरबमोजिं २५ कुरियाबाट कुरियैपिच्छे। २४ दर्ले दामासाहीनपुगउठतीगरी विजपाथी ।१ को ।६० लेषियाको आम्दानीमुरी ।१०।७५ को रु. ७६८ षर्चरु. ७ कटाईबांकि । ६८ को लगत कसियाकोसंतांद्रसंतांषानुभन्नेलेषियाकोमा घर १३ बढेकोमा बढतिरोसनदवमोजिं ९७ सालदेषी । ६८ तहसिलमा बुझाउनु गुठियारका नाउमा ९७६।२६।२ कोतोकसदरबमोलिगतकितापषगागर्नेकुराछ ।

*(स्रोत : कास्की जिल्ला मालपोत कार्यलय मुद्दाफाँटबाट उचार । क्षत्री, ऐजन पृ. २९२-९६।)*

भगांकोट पौवा गुठी (१९९७)

सम्वत १९९७ साल

श्रीपश्चिम तर्फ गुठिजगात अड्डा

पर्वत इलाका माल भगांकोट

पौवागुठी कोतजगात कौलाप

उप्रान्त भगांकोट पौवागुठी कोतजगात कौलाप भराउने भार गुठिजगात साघने मोहर अंकोरीको गुठि पाल्हीतम्बु दुनेमरद पर नापनाचउरा ६ [illegible] मालकसर सलामी दाखिल गरि भयाको तेत्ता साबिक पौवा बढ भयाको गयाकोतीरी कसर हि लामो दाखिल गरी आयाको मा भयो भयुल गर्न कसर सलामी दाखिल गर्ने गरेन भयाको मा साबिक रैतियान मोजा का आये ला बार बर्षपुग्याई डालबढ्न भयाको र रोकसर सलामी मालमा बिल गर्नेगरी मोल मोल गरीलिने हुकम ६२ सालदेखि लोनेगरी भगांकोट कोतजगात कौलाप भराउनुभने ६४ साल पौष २५ गते सनद भयाबमोजिम भगांकोट पौवागुठी गुठिकोहेर १२० माउलोड कोसी भनी ५/५०२ मेतवाचेका/४०/२६ मिनापचढा/६७/१५/२ कौलेत/५/२ बढ भयाका गुठीपाल्ह गुठीपास १९६६ सालका बाली भन्दा पैसा बमोजिम बेतपुरी (२००) बेला कोइरीया को जेष्ठको बुतपरो भने [illegible] पाउँ बीच मा मोहीमो [illegible] बाकीलगाई पाउँ [illegible]

भयाको भनेम पल्ह भैरहेको [illegible] डेकीन भयाकाले भगांकोट कौलाप भराउने बाँकेत को लिइलिने हुन्या बातीलाई भयाका भ[illegible] बमोजिम भइरहेका लहतलेऐ देखिने [illegible] गुठीको जगातकौलाप भराउने आहेर गर्दा [illegible] साबिक [illegible] देखिए मैले [illegible] भयाको [illegible] मोजा तीरो देखिए पर्ने [illegible] आयेको /६७/१५/२ [illegible] मुरि [illegible] १२/६७/६ तेलमुरि [illegible] भ्रनी [illegible] १५/६ [illegible] ११/८ [illegible] बीसपैसा [illegible] गरि बाकी साबिक [illegible] /१२ [illegible] ८/८ [illegible] ८/५ [illegible] पैसा पाच पैसा मा [illegible] ६२ सालदेखि साबिक [illegible] ६४ सालदेखि [illegible] गुठीया मान बहादुर [illegible] सनद गरी दिने [illegible] चाहिन्छ चाहिने [illegible] सनद पुर्जी गरी [illegible] कौलाप भराउनु भनी श्री ५ सर्कार तर्फ गुठि जगात [illegible] गरेको [illegible] ६/१/२५/३ [illegible] २ धापे बहादुर [illegible] बमोजिम जगात कौलाप भराउने श्री ५ सर्कार [illegible] 

[illegible] बहादुर श्रेष्ठ [illegible] बमोजिम तपसील

तपसील

असामि — — — [illegible]

तेमध्ये गुठिकापाट मैगफ्ने गीठ्ठीखर्च थो ———— १४५

बराडसे मा द मद्रुगी मा ईडी सम्म पुजागने दे ———— १३१९

अघेगाडे आठ्ना ।।४।।५ डे प्रेबाठ्ले थोँ ———— १११९

प्रेमगर्गलाई आवन ।।४ थोँ ।१ डेथोँ ———— १२

पुजाकाटीजकू लाईस्मेत सोध्याबाबाडे आवन ८ पुमेको थांपतिरिटे चौडीडेउलि घरकीपुजा

पुजा ... पुजास्मेतडे आवन ।१ डेउोबठ्लेथोँ ———— १४

---

चेडउमैलाई ... डे ———— १३५

भ डे ... डे आवन ।।।।५ डेप्रेपठ्ले थोँ ———— ।।५

सेमडे थोँ ।।२ आवनं ।।५ डो प्रेबर डे थोँ ।।२ स्मेत लाग्यो ———— ।।४

पुजाकाटिलाई स्मेत बाबाडे आवन ।१ डेउोब लेथोँ ———— १२

---

जम्मी थो ———— १५३।१५

मोबाफीमौ १५३।१।५ डेउट मोदू १डो ।१ रथे ———— २०।२५

~~मेमध्ये ... मैनुडे ... गाकीमैलाई मेथर्च दू~~ ———— ११।२४

---

मौजे मदांडोट

मोठेभसबोट आपामगट बालेडेषि ईशौंधाकोडेषि पुर्वउतट पश्चौँ सो ४ कौतन भीतकुमन्या १०मध्ये ———— व १८।१५।२-१।५।१

मोठीलडेइ आपा ऐ मध्ये मगट बेलोडेषि पश्चौँ बालोडेषि दक्ष मानबाहाउट स्मेत डेषि दषौं हनमान पुर्व ऐ मध्ये ———— बा १४।३।४-१।४।३।४

मोठो मानबाहाउट आपामगट ऐ मध्ये पाखोडेषि पुर्वईशौं सहडे ... पश्चौँ बायडेषि बालोडेषि उतट ऐ ———— बा १५।५।४-३।४।२।२

मोठो कानबाहाउट आपामगट मानबाहाउट कामेत डेषि बामोडेषि उतट बावडेषि ईशौं पुर्व ऐ मध्ये ———— बा १६।३।४-३।४।२।२

मोठो कुसनबाहाउट आपामगट अपेको अघेगाडे बो बालीयाको १०मध्ये भीतलाकोडेषि ईशौं मानबाहाउट कामेत डेषिपुर्व अस्लोट कामेत डेषिउतर पुगनु ... डेषि पश्चौँ पुर्वदेषेट ———— बा १४।३।२-१।३।४।२

मोठीमानबाहाउट आपा ऐ १०मध्ये कुसनबाहाउट कोमेत डेषि पश्चौँ मोठीकोपा बोबाटे डेषिपुर्व ईशौं नीजमांबाहाउट बौउट बेडडेषि उतट ———— बा १३।१।२-४।१।४।२

---

बराडसे मा द मद्रुगी मा ईडौं सम्म पुजागने दे ———— ६।१

सौंप्र पुजाटे जैनपुध पत्नी फल फुल स्मेतडे मोरे ———— १४०

प्रेमगर्दिडे गौतिल धुप्स्मेतडे ———— १४०

पत्नीपाटना दे तीलडे तेलडे ———— १२२

मायाका घडा २ डे ———— १२५

बेडपाठ बौदीपाठमनैडे बोतीरमात ... डे ———— १।४०

पत्नीडे भेडाडे पुजावडे ———— २।

मोठोपुजेको थांपतिरिटेबा भैरुपुजा चौडीडेउली ... पुजास्मेतडे तीउट फलफुल स्मेतका तीने पुजाकामांडे ———— १४०

पुजाकाटिस्मेत ... डे बाबाडे सोध्यडे ... स्मेतडे ———— १४०

---

चैत्रडसे १दिनडे ———— ३।३६

सौंप्रपुजाटे फलफुल पत्नीडे आगो धुपस्मेत पुजासामांडे ———— १९५

मायाका घडा १ डे ———— १९२

होमडे गौतिल धुपस्मेतडे ———— १२५

पत्नीडे तेलडे ———— १२०

नलोदे अंग्रजको थुमा १ दे ——— २।

देउचौकी पाहगतें ब्राह्मण दे थोतीदमाल खेतदे ——— १५०

पुवाहाली खेत देवाबादे सोल्याडे गाउनुन नल्छुंगे अभाट कुल्खेतदे ——— १७०

१५ हातलमाई ८ हातगाउ भयेको १ नले बल्द्यो धातु भयेको सरँगोर कोल्छी १ नले पौवा १ मान २ बेट ईलेखासा ल्या काउराके बल्याटा चोवाइमाना ३६५।५२ लेखर्च १ को ३ थँउको १ थँउ ——— १।८४

——— ८५४

बाल्कीदसल

घउ बगाको ——— ८६२

सादौँ बगाकोदसल ——— १९२

ससाद्याबिर भलेबडियाँ दगाउनुपर्ने

अँडाजी १०० गाजवली पचयेत कोचौबीदी भयको सोगोडा ओड अँडाजी ८५ गज नबोईगाको तोडाभये को धातुभयको सर्‍एंकोडका धीमुमैडबल को मंडी ——— १

१५ हातलमाई ८ हात गाउ भयको १ नले पल्यो धातु भयेकोमसरँकोल्को ढलीनाले पौवा ——— १

इति सम्वत १८६५ साल मेघ गतेउजे

स्रोत कास्की माल कार्यलय

340

श्री ५ को सरकार
फोन नं. २०५

# वन तथा भू-संरक्षण मन्त्रालय
## वन विभाग
# पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय

पत्र संख्या :- वन प्रशा. । 205 ०४३।४४
चलानी नं :-
प्राप्त पत्र संख्या र मिति :-

पोखरा
मिति २०४३।८।१७

विषय :- अग्नि होम कार्यलाई लकडी घास ल्याउन धार्मिक बमोजिम उपलब्ध गराउने बारे ।

श्री जि.व.अ.,
वन शाखा, कास्की ।

उपरोक्त विषयमा श्री सराङकोट गाउँ पंचायत कार्यालय, गोठाडी कास्कीको पत्रमा श्रीमान् सचिवज्यू वन तथा भू संरक्षण बाट प्रचलित नियम कानुन बमोजिम गरी उपलब्ध गराई दिन विभागलाई लेख्ने ठीक आदेश भएकोले प्राप्त सक्कल पत्र आदेशानुसार यसै साथ संलग्न राखि आदेशानुसार अनुरोध गरिन्छ भनि वन तथा भू संरक्षण मन्त्रालय को च नं ४०६८ मिति ०४३।६।२८ को पत्र साथ प्राप्त हुन आएकोले प्राप्त ठीक सहित-को निवेदन आवश्यक कारवाही गर्नु हुन यो साथ पठाइएको व्यहोरा निर्देशानुसार अनु-रोध छ भनि वन विभागको प.सं. ४ व वि ६।३(३६३)०४३।४४ च नं ११६ मिति ०४३।७।१६ को पत्र बाट लेखि आएको हुँदा उपरोक्त आदेश तथा यस निर्देशनालयको च नं ५०११ मिति ०४१।१।२ को पत्र अनुरूप व्यवस्था गर्नु हुन प्राप्त ठीक सहितको निवेदन सहितका कागज-जातहरू यसै साथ पठाई निर्देशानुसार अनुरोध गरिन्छ ।

१६/८/०४३
सहायक वन अधिकृत

बोधार्थ:-

श्री सराङकोट गा.पं. कार्यालय,
गोठाडी, कास्की ।

अग्नि होत्री पं श्री केदार नाथ उपाध्याय,
पिठा ढोला पुरुषार्थ आश्रम ।